# शारदा

मासिक

वर्ष १ अङ्क १२ / २०६४, पुष



शारदाको ऐतिहासिक मौलिक पृष्ठ

दिवङ्गत गजलकारहरूका गजल

हिन्दी गजलहरू/उर्दु गजलहरू

मैथली गजलको अनुवाद

समकालीन गजलकारहरूका गजल

गजलविधामाथि समालोचनाहरू,

पुस्तक चर्चा

साथमा स्थायी स्तम्भ कैफियत

## गजल विशेषाङ्क

१२


SPA
CASINO
GOLF
The Fulbari
RESORT & SPA
POKHARA • NEPAL
Destination Paradise
Tel No: 432451,431675, Fax No:431482, Email:resvpkr@fulbari.com.np Website: http://www.fulbari.com

वर्ष १, अङ्क १२
वि.सं. २०६४ पुष

# शारदा

*जि.प्र.का.का. द.नं. ४२/०६३*
*स्थापना दर्ता नं. ००१*
*प्रथम प्रकाशन मिति : वि.सं. १९९१ फागुन*

**संस्थापक सम्पादक/प्रकाशक**
सुब्बा ऋद्धिबहादुर मल्ल

**संस्थापक सदस्य**
सिद्धिबहादुर मल्ल

**प्रकाशक**
शान्तबहादुर मल्ल

**सल्लाहकार-मण्डल**
शिव रेग्मी
इन्द्र माली
मोहन दुवाल
उद्धव उपाध्याय
कोमल प्रकाश घिमिरे

**प्रधान सम्पादक**
नरेन्द्रबहादुर श्रेष्ठ

**कार्यकारी सम्पादक**
विमल भौकाजी



*फुकाई सत्य-मानवता,*
*यही नेपाल-भाषामा;*
*पहाडी जीवनी हाम्रो,*
*जगाऔं 'शारदा'द्वारा ।*

# सम्पादकीय

एक वर्ष पूरा भयो - ***शारदा***ले नयाँ यात्रा थालनी गरको । प्रकाशनको हिसाबले यो यात्रामा त्यति साह्रो जटिलता महसुस भएन, तथापि यात्रा त्यति सुगम पनि रहेन । एकातिर आर्थिक दृष्टिकोणबाट, साहित्यले भोग्दै आएको पीडा ***शारदा***ले पनि भोगी नै रह्यो भने बिक्री-वितरणको प्रणाली सहज नभएको कारण पाठकहरूले ठीक समयमै पत्रिका प्राप्त गर्नमा कठिनाइ भइ रह्यो । तर हामीलाई अत्यन्तै खुशी लागेको छ, हाम्रा शुभचिन्तकहरूले हामीलाई सदैव चारैतर्फबाट हौसला प्रदान गरिहनुभयो । दिग्गज लेखकवर्गले आफ्नो अमूल्य समयको कुनै पर्वाह नगरी हामीले आफ्नो कर्तव्यमुताविक प्रदान गर्नुपर्ने पारिश्रमिकसमेत नलिएर आफ्ना उत्कृष्ठ लेख-रचनाहरू उपलब्ध गराइरहनुभयो । यो सहयोग ***शारदा***का लागि मात्रै नभै सम्पूर्ण पाठकवर्गलाई समेत ठोस उपलब्धि भएको भन्ने हामीलाई लागेको छ । त्यो यसकारणले पनि कि हाम्रा पाठकहरूले यसलाई अत्यन्त हार्दिकताका साथ स्वीकार्नुभएको तथ्य हामीलाई प्राप्त भैरहेका चिठी-पत्र, इमेल, टेलिफोनबाट प्रष्ट हुन्छ ।

वि.स. १९९१ मा सुरु भएको ***शारदा***को एउटा विशेषता साहित्यको इतिहासमा अङ्कित भएको तथ्य सायद सबैलाई थाहा नहुन सक्छ, त्यो हो विशेषाङ्क प्रकाशित गर्ने प्रथम साहित्यिक पत्रिका थियो *शारदा* । आज, फेरि सुरु गरिएको ***शारदा***ले त्यो इतिहासलाई कायम राख्दै, प्रकाशनको एक वर्ष पुगको उपलक्ष्यमा यो 'गजल विशेषाङ्क' प्रकाशित गरेका छौं । नेपाली साहित्यमा गजल विधा निकै नै उकालो लागेको परिप्रेक्षमा हामीलाई प्राप्त भएको मध्येबाट र हामीले अनुरोध गरी प्राप्त गरेका गज़लहरूलाई समेटेर प्रकाशित गरिएको यो 'गजल-विशेषाङ्क'ले पाठकहरूलाई अलिक भिन्न स्वाद दिनेछ भन्नेमा हामीलाई पूर्णतः विश्वास छ ।

धन्यवाद !

**कार्यकारी सम्पादक** **प्रधान सम्पादक**

**शारदा** मासिक
वर्ष १, अङ्क १२, वि.सं. २०६४ पुष

**शारदा** मासिकको ठेगाना
पुतलीसडक, काठमाडौं
फोन नं. ०१-२००३८४१
पो.ब.नं. १९११३
इमेल : sharadamasik@gmail.com

**मूल्य रू. ५०/-**
**भारतमा भा. रू. ५०/-**
**विदेशमा $ २.००**

## Sharada Masik

A collection of Contemporary Nepali Literature

साजसज्जा : आनन्द राउत
चित्राङ्कन : श्रीबाबु कार्की 'उदास'

मुद्रण
हिसी अफसेट प्रेस, जमल/ काठमाडौं



*आवरण चित्र:*
इनामेल रङ्गमा **प्रकृति**



श्रीबाबु कार्की 'उदास'

गजल बिशेषाङ्क

# विषयक्रम




- *शारदा* को ऐतिहासिक मौलिक पृष्ठ ....... ५
- **पुराना गजलकारका गजलहरू**
  मोतीराम भट्ट, उपेन्द्रबहादुर जिगर...६/गुरुप्रसाद मैनाली, बहादुर सिंह बराल...७/भीमनिधि तिवारी....... ८
- मनु ब्राजाकी..९/बूँद राना..१०/श्रेष्ठ प्रिया 'पत्थर'..११/विजय सुब्बा..१२/विवश पोखरेल..१३/मनु मन्जिल..... १४
- **समालोचना**/ नेत्र एटम....... १५
- अम्बिका गिरी 'बिहानी' ...२५/विष्णुबहादुर सिंह, प्रकाश आङदेम्बे ...२६/जीत कार्की ....... २७
  ध्रुव मधिकर्मी, सरस्वती 'प्रतीक्षा' ...३०/ललिजन रावल ...३१/घनेन्द्र ओझा ...३२/ रूपक वनवासी ........ ३३
  जय गौडेल, रेशमकुमार सुनुवार ...३४/पुष्कर माथेमा ...३५/भानु बोखिम, विपीन किरण ....... ३६
  ईश्वरी कार्की 'वर्षा' ...३७/काशीराम विरस, शकुन्तला जोशी ...३८/उज्ज्वल जी.सी. ....... ३९
  मनोज न्यौपाने ...४०/रवि प्राञ्जल ...४१/यादव थपलिया, विभोर बराल ...४२/कुन्दनकुमार पन्त ...... ४३
  कमल क्षेत्री, रुपिन्द्र प्रभावी 'कटु' ...४४/गीता त्रिपाठी ...४५/कविराज पोखरेल ....... ४६
  व्याकुल पाठक ...४७/सरस्वती शर्मा 'जिज्ञासु', धीरज गिरी 'कल्पित'....... ४८
  हेमन्त विवश...४९/वियोगी बुढाथोकी....... ५०
- **हिन्दी गजलहरू**/भारतभूषण आर्य, ओमप्रकाश यती ....... ५१
- सबिना सिन्धु ...५२/रत्न प्रजापति ...५३/बलराम दाहाल ...५४/दिनमान गुर्मछान 'दिगु' ....... ५५
- **मैथली अनुवाद-गजल**/डा.गंङ्गाप्रसाद अकेला ....... ५६
  दिव्य गिरी ...५७/सुरेश सुवेदी, प्रभाती किरण ...५८/सानुराजा अञ्जान ....... ५९
  दिल पौडेल, भरत भारद्वाज ...६०/रोशनी खनाल ...६१/सुनील पुरी ....... ६२
- **उर्दू गजलहरू**/फिराक गोरखपुरी, जोश मलीहाबादी ....... ६३
- धनराज गिरी ....... ६४
- **समालोचना**/देवी नेपाल ....... ६५
  इन्दिरा इन्दु ...७५/क्षेत्रप्रताप अधिकारी, जनक पौड्याल ...७६/चन्द्रमोहन अधिकारी ....... ७७
  पुष्प अधिकारी अञ्जलि ...७९/सरुभक्त, रश्मि असफल ...८०/सुरेश वाग्ले ....... ८१
  खगेन्द्र गिरि 'कोपिला' ...८३/वसन्तराज अज्ञात, ऋद्धिरमण घिमिरे 'मुक्ति' ....... ८४
  नारायण निरासी ...८५/कृष्ण कुसुम ...८६/सुको साइवर ....... ८७
  बालकृष्ण थपलिया, अथाह सागर तीर्थमान ...८८/प्रकट पगेनी 'शिव' ....... ८९
- **पुस्तक चर्चा** ....... ९०
- **कैफियत**/विमल भौकाजी ....... ९२

# पत्र-पत्रांश




श्रीमान् सम्पादकज्यू

नेपाली साहित्यको पर्यायवाची भन्दा पनि बढी नहुने *शारदा* पत्रिका नेपाली लेखकको माया खोज्दै फेरि उपस्थित भएकोमा हार्दिक धन्यवाद । नियमित अङ्क हेर्ने अवसर पाए पनि प्रतिक्रिया भने यस पटक मात्र लेख्न मन लाग्यो । देवकोटा, रिमाल, सिद्धिचरण, सम, विजय मल्ल, गोठाले, भवानी भिक्षु आदि विशिष्ट साधकलाई समेट्ने वा अगाडि बढाउने *शारदा* नाति पुस्तामा कम चुनौतीले बाँच्दैन । *शारदा*को प्रकाशनलाई स्तरयुक्त र दीर्घकालीन बनाउन गहन लेख, पाठक प्रतिक्रिया समावेश हुन जरुरी छ । आशा छ, नेपाली साहित्यका माध्यमबाट नयाँ नेपालका भविष्य सुनिश्चित गर्ने रचनाले स्थान पाउनेछ ।

प्रत्येक नेपालीको ढुकढुकीमा *शारदा* श्रद्धापूर्वक बाँच्ने छ भन्ने आशालाई निराश नपार्नुहोला ।

समयमा पत्रिका निकाल्ने तथा वितरणको यथोचित व्यवस्था गर्नेतिर पनि ध्यान दिनुपर्ला । अङ्क -८ गजल र कवितामा बढी जमेको पाइयो । घनश्याम परिश्रमीको गजल र झमक घिमिरे, ज्ञान उदास, छविरमण सिलवालका कविताका साथ कृष्णप्रसाद घिमिरेको समालोचनाले राम्रो स्तर कायम गरेको छ । युवा समालोचकहरूलाई बढी स्थान दिनुपर्ला ।

अङ्क -९ का बारे,

पत्रिकामा छापिएका लेखहरूमध्ये सामयिकीको एउटा लोकतान्त्रिक छलफलले झट्का लगायो । त्यस्तै युवा गीतकार कमलराज के.सी.को मेरो भाग्य शीर्षकको गीत असाध्यै जीवनवादी पाएँ । जीत कार्कीको गजल शिष्ट र सुन्दर छ । 'तामाङ जातीय पहिचानको सन्दर्भमा राणाकालीन एक इस्तिहार' लेखले नेपाली भाषा साहित्य र राजनीतिमा जनजातिको पृष्ठभूमि र पहिचानलाई थप उर्जापूर्ण बनाउन सहयोग गरेको छ । राजन भट्टराईको समालोचना, सुनील पुरीको कविता तथा अनिल श्रेष्ठको झुसिल्कीराहरू कविता सामयिक युवा लेखकहरूको आवाज हो ।

अन्त्यमा भाषा, साहित्य, संस्कृतिमा समावेशी र जातीयताको प्रश्नलाई उचित स्थान दिएर नै अगाडि बढ्न सकिन्छ भन्ने *शारदा*को व्यावहारिक कसरतको खुलेर समर्थन गर्न चाहन्छु ।

\- नियमित पाठक *शेषयात्री*



**नेपालभाषाका चर्चित उपन्यास गंकीका स्रष्टा**

**श्री धुस्वाँ सायमिको ७८ वर्षको उमेरमा गत पौष ३ गते**

**दु:खद देहावसान भएकोमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ ।**

**\- *शारदा* परिवार**

शारदाको ऐतिहासिक मौलिक पृष्ठ

# शारदा गजल विशेषाङ्क

वर्ष ८, संवत् १९९९, वैशाख - सङ्ख्या १ बाट साभार *काव्य*

शारदा

## गजल

( ले० श्री बद्रीप्रसाद शर्मा )

जता हेर्छु मेरो अगाडि निराशा
जलेको चलेको गलेको छ आशा
घना रातमा पन्थको छु अकेला
न दीने भए काम यी नेत्र प्यासा
खरानी भएको छ यो चित्त मेरो
मलाई हरे चाहियो के भरोसा
हुने हुन्छ भो, होस जे जे हुने हो
मुटुमा बगेको निराशा निराशा

*(सौजन्य: शिव रेग्मी)*

पुराना गजलकारका गजलहरू

# शारदा गजल विशेषाङ्क



म तिम्रा अघी पर्न लायक् कहाँ छू,
यसैले अघी सर्न लायक् कहाँ छू ॥१॥

हुकुम हुन्छ तिम्रो त हाजिर छदैछू,
बिना मर्जि आँट गर्न लायक् कहाँ छू ॥२॥

अरूका उपर आखिभौं तानि हाने,
म जावो हरे ! मर्न लायक् कहाँ छू ॥३॥

जहाँसम्म मन् चल्छ लौ हुन्छ घुर्कुन्,
तिनै भौं नजर् तर्न लायक कहाँ छू ॥४॥

सहडमै छ मन् हर्न सक्नू हरीले,
सुनीस् मोति त्यो गर्न लायक् कहाँ छू ॥५॥

*(साभार : मोतीराम भट्टका गजलहरू)*

## मोतीराम भट्ट

दिल फगत मैले चढाएँ थे नजर होला भनी ।
यो दरदले त्यो दरदमा क्यै असर होला भनी ॥

निर्दयी झैं झन हृदय टुकडा गर्‍यौ तरवारले ।
थाहा थिएन दर्दले तडपी हृदय रोला भनी ॥

एक मछु कि जुल्म सब हाँसी हाँसी सही रहेछु ।
एक तिमी छौ कि दया गरछौ दगा होला भनी ॥

एक मछु कि नजरको आँसु पनी साँची रहेछु ।
एक तिमी माया बगाउने बिरहको खोला बनी ॥

आँसु तक हुन्न निघा हेर मेरो दुर्भाग्य यो ।
आँसुको जलले 'जिगर'को विरह कै धोला भनी ॥

फूलको काँढा पनि भमराको निम्ति चीज छ ।
छैन दृष्टि यो नजरमा विरहले छोला भनी ॥

*(साभार : एक सय एक गजल)*



## उपेन्द्रबहादुर 'जिगर'

# शारदा गजल विशेषाङ्क



## गुरुप्रसाद मैनाली

बोल्दीनौ जालीम रिसाइ हिडिरह्यौ आंखा तरी
जिन्दगीको हौसला मेरो सबै बरबाद भो ।

छैन केही चाहना प्रेमको धोका पुग्यो
मत लर्दा संसारको रित बल्ल क्यै क्यै थाहा भयो

हिडदछु बाटो समाती प्रेमको माला जपी
मुख लुकाइ भयालमा हांसनु पर्दैन भो

निठ्ठुरीले बात फेर्दा जिउँदै मरे जस्तो भो
स्वप्नको संसार मेरो बिम्झंदा चकचुर भो

हांस्दछन सारा जगत रुने फगत यौटा म छू
पापिनी हेछर्यौ तमासा तिम्रो लीला यस्तै नै भो ।

*(साभार; गुरुप्रसाद मैनाली : व्यक्ति र कृति)*

---

नगरे अभिमान कैले, माटोमा मिसीनु छ ।
एकदिन सबैले कालको, चक्रमा पीसीनु छ ॥

आफ्नो भनी भन्द छौ, जति छ यो झिटि-मिटी
सँगमा यो केही जाने छैन, हेरेर खिसिनु छ ॥

हात पाखुरा सबै जिउ, हाड अरू रौं पनि
फागु जस्तै डढेर हरे ! खरानीमा मिसिनु छ ॥

सँगी साथी दिदी बैनी, बाबु आमा दाजु भाई
अन्त्य बेला गर्छन हेला, हेरेर रिसीनु छ ॥

दुवै दिनको ठाँट बाट, खान्की अरू मान पनि
अड्किएर हिडने ढाँचा, बरालको घिसीनु छ ॥


*(साभार : बरालको आँसु)*



## बहादुरसिंह बराल

पुराना गजलकारका गजलहरू

# शारदा गजल विशेषाङ्क



नजाने छुरी बर्सन्छन् हजारौं, इश्कबाजीमा
र, जाने फूल बर्सन्छन् अनेकौं, इश्कबाजीमा ।

नजाने बिखका खोला बहन्छन्, पर्छ बाढीमा
र, जाने महका चाका चुसिन्छन्, इश्कबाजीमा

नजाने डुब्छ चुर्लम्मै जवानी, जेलखानामा
र, जाने अप्सरा खोपी छ आफ्नै; इश्कबाजीमा

नजाने ज्यान नै जाने पचासौं पर्छ धोखामा
र, जाने काखको मीठो सिरानी; इश्कबाजीमा

नजाने हुन्छ बदनामी, कलङ्की, दागी; दुनियाँमा
र, जाने प्राणको प्यारो सबैको, इश्कबाजीमा


नजाने संपति, जीउ विनाशी बग्छ आँसुमा
र, जाने रत्नका माला गलामा; इश्कबाजीमा ।

❀

**भीमनिधि तिवारी**

*(साभार : बयासी र बीस गजल-'मेरो')*

## गजलका केही पुस्तकहरू



रुन पनि पाइएन, हाँस्न पनि पाइएन ।
रोई-रोई आँसुले मन धुन पनि पाइएन ।

तिमीलाई छोयो भने छोइछिटो लाग्नेहोला,
फूलजस्तो आत्मियता छुन पनि पाइएन ।

कतैतिर नलागेर आफूभित्रै बसेपछि,
दोष पनि पाइएन, गुन पनि पाइएन ।

खोलाजस्तो बग्छ आँखा, बगरमै बसेको छु,
बालुवा त बग्यो सबै सुन पनि पाइएन ।

गीत लेखिपठाएछौ नफर्किने बाचा गरी,
एकान्तमा गाऊँ भने धुन पनि पाइएन ।

भौंतारिँदै टाढाटाढा जतिसुकै पुगे पनि,
तर यहाँ 'मनु'जस्तो हुन पनि पाइएन ।

❋




मान्छे अचेल किन यस्ता हुन थाले ।
हाँस्नेसँग हाँस्नुभन्दा रुन थाले ।

मान्छेदेखि तर्कीतर्की हिँडे पनि,
ढुङ्गालाई दैव सम्झी छुन थाले ।

फोहरी त आफ्नै अनुहार थियो,
भित्ताबाट ऐना झिकी धुन थाले ।

चित्कारको सङ्गीतमा रमाउँदै,
बनाउन आज नयाँ धुन थाले ।

सकेपछि सावित्री बयान मैले,
सत्य बोल्नेलाई गर्न खून थाले ।

जति ठगिएको थियो 'मनु' यहाँ,
उति तामालाई भन्न सुन थाले ।

❋


मनु ब्राजाकी

- सैंबु, भैंसेपाटी/ललितपुर






मध्यान्हमै घाम ढल्छ हाम्रो सहरमा ।
बोंसोसँगै हाड गल्छ हाम्रो सहरमा ॥

अग्ला-अग्ला पर्खालको घेराबन्दीमा ।
तर्सी-तर्सी हावा चल्छ हाम्रो सहरमा ॥

मरेपछि दागबत्ती मिल्ला नमिल्ला ।
जिउँदोमै चिता जल्छ हाम्रो सहरमा ॥

सकेसम्म उँधैउँधो लाग्नु पर्दछ ।
सुनेको छु सुन फल्छ हाम्रो सहरमा ॥

झुल्कियो कि हराउँछ रुन्चे उज्यालो ।
अन्धकार चैं अटल छ हाम्रो सहरमा ॥

गोठाला नै हुस्सु बने, धर्म छाडे कि ?
बसाहाले आड दल्छ हाम्रो सहरमा ॥

हर्ताकर्ता बनेका छन् उल्लु, चमेरा !
अनि कहाँ रात ढल्छ हाम्रो सहरमा ? ॥


बूँद राना

जीवन सागर एक्लै तर्नु, कति नमीठो
उदास ओठमा हाँसो छर्नु, कति नमीठो ।

हिँड्नै पर्छ जिन्दगीमा, गति जीवन हो
चढ्दाचढ्दै बीचमै झर्नु, कति नमीठो ।

सहयात्रीहरूमध्ये, फगत आफू मात्र
हर पाइलामा पछि पर्नु, कति नमीठो ।

कौडीको यो जिन्दगी, होश गुमाई बाँच्न
प्यालाभरि जहर भर्नु, कति नमीठो ।

एक्लै बाँच्ने एक्लै मर्ने, पागल चाहनामा
बेवारिसे मृत्यु मर्नु, कति नमीठो ।

❁




कति गरेँ देशको लागि, कदापि नगन्नु होला
जति भयो मैले नै गरेँ, कहिल्यै नभन्नु होला ।

जति मेरो हो त्यति नै, तपाईंको पनि हो
जे पाउनु भो हक हो, बक्सिस नसम्झनु होला

विगतलाई बिर्सिएर, फेरि पनि चुल्याएका छौँ
दोहऱ्याएर इतिहास, कृपया नठग्नु होला

सडकबाट संसदसम्म, पुग्नु भा'का मित्रहरू
राष्ट्रलाई निजी सम्झी, बेच्न नलग्नु होला

बाढी आउला, पैह्रो जाला, माटो थेग्ने ढुङ्गाहरू !
जतातिर बहाव छ, त्यसतर्फ नबग्नु होला

आँधी नै आए पनि, सुनामी नै आए पनि
सागरका चट्टानहरू हो, कति नडग्नु होला

मूल्य राख्नु होला आफ्नो, बोली र वचनको
थोत्रो कन्टेनरझैँ, जथाभावी नबज्नु होला ।

❁

*- धनगढी, कैलाली*


श्रेष्ठ प्रिया 'पत्थर'

भाषणले सुध्रन्न रहेछ, लुट मच्चिएको मच्चियै
उता स्रोतहरूका शिरमा, बुट मच्चिएको मच्चियै ।

दलभन्दा माथि उठेरे, देश जनताको नाममा,
तर किन देख्छन् यी आँखाले, गुट मच्चिएको मच्चियै

खै कहाँ छन् लोकतन्त्रवादी, गणतन्त्रवादी कहाँ छन्
सारा चीज छाडेर आपसी, फुट मच्चिएको मच्चियै

सत्य बोल्नु भन्दथे पुर्खाले, सत्य बोलिरहेँ त्यसैले
तर के भो हँ जताततै छ, झूट मच्चिएको मच्चियै ।

❋




बुद्धकै देशमा छैनन्, बुद्ध टाउकाहरू
सत्तामा सधैँ देखिन्छन्, क्रुद्ध टाउकाहरू


उठौँ न कति भन्नु हँ, ओ नउठ्नेहरू हो
कतिसम्म भोग्नु अझै, युद्ध टाउकाहरू

यसपाली पनि यसै भो, छाँटै पनि देखिन्न
किनकि अझै अघि छन् रूद्ध टाउकाहरू

जस्ले जे भनून् म यसो, भन्छु भनिरहन्छु
'खोज्दैमा हैरान भयो, शुद्ध टाउकाहरू ।'

❋

*- तेह्रथुम*


विजय सुब्बा

घाइते अचेल जिन्दगानी भएको छ
रगत खोलाको पानी भएको छ ।

हिंसामा कठोर ढुङ्गा भएपछि मुटु
पीडा सहने अनौठो बानी भएको छ ।

डढेलो लागेको जङ्गल भएको छ देश
एकाएक सपना डढेर खरानी भएको छ ।


भत्किएर सद्भाव - हराएर मानवता
एकादेशको अनौठो कहानी भएको छ ।

सत्तालिप्तहरू भागबण्डामै व्यस्त छन्
देश आँसुले रुझेको सिरानी भएको छ ।

❋



विवश पोखरेल



अप्ठ्यारो यो जिन्दगीको खोला तर्न गाह्रो रै'छ
अञ्जुलीमा आँसुको थोपा भर्न गाह्रो रै'छ ।

आँखाबाट सपनाहरू पग्लिएर झरेपछि
उल्लासको बस्तीमा बसाइँ सर्न गाह्रो रै'छ ।

निष्ठुरी भई मालीले नै फूलको घाँटी रेटेपछि
आफ्ना भन्नेहरूसँग - विश्वास गर्न गाह्रो रै'छ ।

जताजतै आशङ्काको दाउपेच चलेपछि
मुटुभित्र आस्थाको बीउ छर्न गाह्रो रै'छ ।

ओत दिने छानो पनि अनायास ढलेपछि
सुरक्षाको टेकोसँग भर पर्न गाह्रो रै'छ ।

पासो लागी मर्नेहरू खै कसरी मर्छन् कुन्नि
आफन्तलाई बिर्सिएर चट्ट मर्न गाह्रो रै'छ ।

❋

*- विराटनगर*

शीत भए बूँद बूँद बगैँचामा झर्थें हुँला
तिमी फूल टिप्न आउँदा तिम्रो हात पर्थें हुँला ।

टाढैबाट तारा हेरी रमाउँछु कति म
जून यौटा साथ भए के पो गर्थें हुँला ।

गुराँस हुन, सुनाखरी सकिएन हुन, नत्र
पहाड आउँदा तिम्रा आँखा रङ्गहरूले भर्थें हुँला ।

बिलाएर बाँसुरीको मीठो धुन बन्न पाए
तिम्रो हृदयमा कतै बसाई सर्थें हुँला ।

'मनु' तिमी के पो गर्थ्यौ पिरतीको पासो भेटे
नसोधेर कसैलाई म त उहिल्यै मर्थें हुँला ।



आँधीको माझ म उभेको दिन
तिम्रो प्रेमको अर्थ बुझेको दिन ।

तिमीले मसित उज्यालो माग्यौ
बिहानै घाम डुबेको दिन ।

पहाड अग्लो चढूँ म भन्थें
गहिरो गो' म पुगेको दिन ।

भमरा हरायो बगैँचामा
फूलको अधर चुमेको दिन ।

रूप हेर्ने बहानामा तिमी आइछौ
मेरो घरको ऐना चुकेको दिन ।



मनु मन्जिल

# नेपाली गजलको स्वरूप र सम्भावना



नेत्र एटम

## विषयपरिचय

नेपाली भाषाको लिखित प्रचलन एक सहस्राब्दीअघिदेखि हुँदै आएको छ भने यसको साहित्यिक यात्राले पनि अढाई शताब्दी नाघ्ने तरखर गर्दै छ । नेपाली साहित्यमा कविता, नाटक, आख्यान र निबन्ध विधाको विकास तथा विस्तार द्रुत गतिमा हुँदै छ भने अनेकौं नयाँ र परिधीय विधाहरू गीत, गजल, संस्मरण, निवार्ता, आत्मकथा, जीवनी, दैनिकी, रेखाचित्र, पत्र आदिको पनि छुट्टै अस्तित्व देखिएको छ । यिनै परिधीय विधाहरू आफ्ना गतिशील स्रष्टा र सौन्दर्य सृष्टिको अपेक्षा गर्दै सङ्घर्ष गरिरहेका छन् । नेपाली गजल पनि यसै गरी चर्चित र सुसंस्कृत हुने क्रममा रहेको छ । यसका सर्जक एवम् गजलसङ्ग्रहहरू प्रत्येक वर्ष बढिरहेका छन् ।

सामाजिक जीवनलाई अनेकौं ढङ्गबाट प्रभावित पार्ने र अहिले लोकप्रिय भइरहेको गजल विधाको स्थितिबारे विभिन्न प्रश्नहरू उब्जिन्छन् : गजल के हो र नेपालीमा यसको प्रवेशको पृष्ठभूमि के-कस्तो छ ? नेपाली गजलको भूत र वर्तमानमा कथ्य र रूपका दृष्टिले के-कस्ता उपलब्धि तथा सीमा छन् अनि यसले आगतमा कस्ता सम्भावना देखाएको छ ? प्रस्तुत समालोचना नेपाली गजलका यिनै विभिन्न पक्षहरूमाथि केन्द्रित छ । यसले गजलको सङ्क्षिप्त जानकारी दिएर नेपाली गजलको विगत र वर्तमान अवस्थाबारे विश्लेषण गर्ने उद्देश्य राखेको छ । यसको मुख्य सन्दर्भ वर्तमान नेपाली गजलले साहित्यिक वातावरणमा थपेका कथ्य र शैलीगत सौन्दर्य पक्षको पहिचान, विधागत अस्तित्वका समस्या र सम्भावना तथा भावी विकासका लागि अपनाउनुपर्ने सजगतातिर लक्षित छ ।

## नेपाली गजलको पृष्ठभूमि

अरबी मूलको 'गजल' शब्दले प्रेमालापको सौन्दर्यमूलक साहित्यिक विधालाई बुझाउँछ । गजल

सेरहरूमा रचिने हार्दिक भावना तथा प्रेमको संवेदनशील कामना गर्ने सङ्क्षिप्त गेय रचना हो । यसमा अहिले नारी-पुरुषको प्रेमका अतिरिक्त सामाजिक जागरण, क्रान्तिकारी विचार, राष्ट्रियता, मानवता आदि विविध भावको पनि अभिव्यक्ति हुन्छ । यसमा पाइने विषयको वैयक्तिक अभिव्यञ्जना, साङ्गीतिक माधुर्य एवम् कसिलो निश्चित संरचनाले चमत्कारपूर्ण सौन्दर्य सिर्जना गर्छ र पाठक-श्रोतालाई रोमाञ्चित पार्दछ । प्रत्येक सेर भिन्नभिन्न विषयमा रचिने र मुक्तकीय रूपमा आउने हुनाले एउटै गजलको सौन्दर्यको चरम पटक-पटक प्राप्त हुन्छ । गम्भीर अनुभूति तथा व्यापक विचार प्रयोग गरिने गजलमा इस्लामको प्रभावपछि बिजोर सेर प्रयोग गर्न थालिएको हो भने यसको वाचन वा गायनमा पाइने मस्तीपनामा चाहिँ रहस्यमय ईश्वरीय चिन्तन गर्ने सुफी दर्शनको विशेष प्रेरणा पाइन्छ । यिनै सैद्धान्तिक अवधारणामा केही फेरबदलसहित नेपालीमा पनि सवा एकसय वर्षअगाडि गजलको प्रारम्भ भएको हो ।

इसाको सातौँ शताब्दीमा अरबी भाषाका ओमर र जामिल आदि स्रष्टाले गजललाई साउदी अरेबियाको मक्का र मदिनामा स्थापित गरेका हुन् । अरबीका प्रेमपरक भावका कारण चर्चित गजलले फारसीमा चौधौँ शताब्दीतिर लोकप्रियता हासिल गरेको हो र यसलाई रुद्की, हाफिज, सअदी, रुमी, जामी आदि सशक्त गजलकारहरूले समृद्ध बनाएका हुन् । त्यसै बेला हिन्दीमा अमिर खुसरो तथा कबिरले गजलको आरम्भ गरेको देखिन्छ भने उर्दूमा चाहिँ सत्रौँ-अठारौँ शताब्दीमा मात्र गजलले प्रवेश गरेको पाइन्छ । उर्दूका अब्दुल्ला कुतुब साह, वली औरङ्गावादी, सिराजुद्दिन सिराज, मिर तकी मिर, गालिब आदिले यसलाई उच्च प्रतिष्ठा दिलाएका हुन् । उर्दूमा सामाजिक क्रान्तिकारी चेतनाको अभिव्यक्तिका लागि उन्नाइसौँ शताब्दीका हुसेन आजाद, हाली, इकबाल आदिको विशिष्ट भूमिका देखिन्छ । यसै क्रममा हिन्दी गजललाई जागृत गर्ने आधुनिक कवि भारतेन्दु हरिश्चन्द्रको सङ्गत पाएका मोतीराम भट्टले विसं १९४० को दशकमा गजललाई नेपाली साहित्यमा भित्र्याएका हुन् । शास्त्रीय सङ्गीत, सितारवादन तथा उर्दू-फारसी भाषा सिकेका भट्टले त्यसै सांस्कृतिक सन्दर्भबाट प्रेरित भई नेपाली गजलको सूत्रपात गरका हुन् । अर्कातिर तत्कालीन नेपालमा भौतिक विलासलाई महत्त्व दिने राणाहरूको बाहुल्य थियो र उनीहरूले भारतबाट दरबारमा वाद्यवादक, नाटच तथा गायनमण्डली झिकाई महफिल सिर्जना गर्थे । उर्दू-फारसी गजलको सौन्दर्य पान गरिसकेका भट्टले भक्तिपरक साहित्यको दिग्दारीबाट नेपाली पाठकश्रोतालाई मुग्ध पार्ने नयाँ तरिकाका रूपमा शृङ्गारिक भावका गजल फेला पारे । यिनै उपयुक्त परिवेशको पृष्ठभूमिमा बनारस र काठमाडौँमा 'मोतीमण्डली' गठन गरी उनले गजलको लेखन, प्रकाशन र प्रसारका लागि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

## नेपाली गजलको भूत र वर्तमानको सन्दर्भ

विसं १९४० देखि सुरु भएको नेपाली गजलमा मोतीराम भट्ट, लक्ष्मीदत्त पन्त, शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी, उपेन्द्रबहादुर 'जिगर' आदिले योगदान दिएका छन् । १९४० देखि १९७४ सम्म प्रमुख साहित्यिक विधा रहेको गजल २००२ सालमा भीमनिधि तिवारीको *बयासी र बीस गजल मेरी* प्रकाशनपछि सुषुप्ति अवस्थामा पुग्यो, जसले गर्दा कतिपय कविहरूले असचेत रूपमा गीतका नाममा गजल लेखेको देखिन्छ भने कतिपयले चाहिँ छिटपुट रूपमा गजलको प्रकाशन गरेको भेटिन्छ । प्रयोगवादी कविताको जटिल यात्रापछि मुक्तक र सम्प्रेषणीय समसामयिक कविताले लोकप्रियता प्राप्त गर्न थालेको बेलामा २०३६ सालदेखि ज्ञानुवाकर पौडेलको सक्रियताले गजललाई पुनर्जागृत गरायो र केही क्षमतावान् कविहरू त्यतातिर आकर्षित भए । यसरी सामाजिक सरोकारसहित जागेको नेपाली गजल अहिले महत्त्वपूर्ण विधाका रूपमा विकसित भइरहेको छ । प्रारम्भदेखि हालसम्मको नेपाली गजलको निरन्तरतालाई दुई कालखण्डमा बाँडेर अध्ययन गर्नु उपयुक्त हुन्छ :

पूर्वार्द्ध कालखण्ड : विसं १९४०–२०३५

उत्तरार्द्ध कालखण्ड : विसं २०३६–हालसम्म

नेपाली गजलका अध्येताहरू टीकाराम उदासी र कृष्णहरि बरालले पनि यसै विभाजनलाई स्वीकार गरेका छन् । यस लेखमा नेपाली गजलको विगत भनेर उल्लिखित पूर्वार्द्ध कालखण्डलाई र वर्तमान भनेर उत्तरार्द्ध कालखण्डलाई जनाइएको छ ।

### ३.१. नेपाली गजलको विगत

नेपाली कविताको माध्यमिक काल भनिने समय (१९४०) देखि प्रारम्भ भएर आधुनिक कालको प्रयोगवादी धाराको समाप्ति (२०३५) सम्मको अवधि नै नेपाली गजलको विगत हो । गजललेखनको सक्रियता र प्रवृत्तिका आधारमा पूर्वार्द्ध कालखण्डलाई शृङ्गारिक युग (१९४०–२००२) र असचेत सुषुप्त युग (२००३–२०३५) गरी विभाजन गरी विश्लेषण गर्न सकिन्छ ।

### ३.१.१ सक्रिय शृङ्गारिक युग

शृङ्गारिक युग नेपाली गजलको इतिहासमा प्रारम्भिक तथा प्रधानक अवधि हो । मोतीराम भट्टको नेतृत्वमा नरदेव पाण्डे 'सुधा', लक्ष्मीदत्त पन्त 'इन्दू', गोपीनाथ लोहनी 'नाथ', रत्नलाल 'रत्न', अजद हुसेन 'अन्जान', गजब आदि गजलकारले सक्रियतापूर्वक गजल रचना गरी मूलतः नायिकासितको प्रेम, बिछोड, शारीरिक अङ्गको उत्तेजक वर्णन तथा अंशतः भक्तिभाव र व्यङ्ग्यात्मकतालाई अपनाए । यिनका गजलहरू *सङ्गीत चन्द्रोदय* (१९६९) मा सङ्कलित छन् । मोतीरामपछि शम्भुप्रसाद ढुङ्ग्यालले अत्यधिक गजल लेखेका छन् र उनका गजलमा सामाजिक स्वर पनि प्रबल हुन खोजेको छ तर तिनको संरचना फितलो छ । बहादुरसिंह बरालले राष्ट्रियता, जातीयता र समाजसुधारको आकाङ्क्षा राखेर गजल लेखेको पाइन्छ तर उनको यो प्रवृत्ति लोकलयका कविताको छायामा परेको छ । यसै अवधिमा अन्य विधामा ख्याति पाएका पहलमानसिंह स्वाँर, बालकृष्ण सम, लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, गुरूप्रसाद मैनाली आदिले पनि आफ्ना रचनामा गजल प्रयोग गरेको पाइन्छ । १९७४ मा प्रकाशित *सूक्तिसिन्धु* शृङ्गारिक गजलको चरम रूप हो । यसमा छापिएका गजलले कामवासनायुक्त अश्लीलताको चित्रण पनि खुलेर गरेका छन् । यसपछि भने कविताको थिचाइमा परेको गजलको प्रकाशनमा मन्दता देखियो र यो ह्रासोन्मुख भयो अनि केही रसिकजनले लेखेको *नयाँ गजल* (१९९१) लगायत भीमनिधि तिवारी र उपेद्रबहादुर जिगरका कृतिहरू आए । तिवारीको *बयासी र बीस गजल मेरी* (२००२) कृतिको प्रकाशनभन्दा पछि नेपाली गजलको सुषुप्त युग सुरु भएको हो । तिवारीका गजलभन्दा 'जिगर'का गजलको सौन्दर्य पक्ष प्रबल छ (रावल, २०४७) तर ती दुबैले नेपाली भाषालाई केही विकृत तुल्याएको देखिन्छ किनभने तिवारीका गजल अमिल्दा शब्दको प्रयोगका कारण अत्यन्त फितला र वर्णनात्मक छन् भने जिगरचाहिँ उर्दू शब्दको मोहमा नराम्ररी फसेका छन् ।

उर्दू-फारसीबाट अत्यधिक प्रभावित शृङ्गारिक युगका गजलमा विशेषतः प्रेमको वासनात्मक रूपको चित्रण पाइन्छ । वियोगजन्य विरह र छटपटी तथा संयोगजन्य हाउभाउ कटाक्षलाई तिनले प्रकट गरेका छन् । नायिकाका अङ्गको उत्तेजक चित्रण तथा कृत्रिम नखराको यौनमूलक अभिव्यक्ति दिने हुनाले यस्ता गजललाई मानवताको तिरस्कार गर्ने भनी आरोप पनि लागाइएको पाइन्छ । अधिकांश गजल उर्दू-फारसी छन्दमा रचिएका छन् तर काफियाको अभावमा कतिपयका रचना 'गजल' शीर्षक दिइए पनि गजल बन्न नसकेको देखिन्छ । मोतीराम भट्टकै तेत्तीस वटामध्ये छब्बीस वटा मात्र गजल भएको पाइनु र शम्भुप्रसादका करिब पाँच सयमध्ये दुई सयभन्दा बढी रचना गीत वा कविता बन्नुले यही कुरा पुष्टि हुन्छ । भाषिक मिश्रण, शब्द, उपमा तथा प्रतीकमा उर्दू-फारसीको बढी प्रभाव, नारीको कोमल र नाजुक सौन्दर्यको अभिव्यक्ति, साङ्गीतिकताको प्रयोग यस युगका गजलका विशेषता हुन् । नाटक, दन्त्यकथा, उपन्यास, कथा आदि विधाका रचनामा पनि गजल प्रयोग गरिनुले त्यसबेला गजलको महत्त्व बढेको देखिन्छ । यिनमध्ये थोरै गजलमा भक्तिमूलकता तथा कतैकतै

सामाजिक व्यवहारप्रति व्यङ्ग्यको सङ्केत पनि पाइन्छ। यस युगमा तीनदेखि तीस सेरसम्मका गजल लेखिए पनि सातभन्दा बढी सेरका गजलहरू कमजोर रहेका छन्। अधिकांश गजलकारका गजलमा बहुअर्थ दिने गरी तखल्लुस (उपनाम) पाइनुचाहिँ उपलब्धिका रूपमा देखा पर्छ।

### ३.१.२ सुषुप्त शृङ्गारिक युग

विसं २००३ सालदेखि २०३५ सालसम्मको अवधिमा नेपाली कविता स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी धाराको बाहुल्यमा रह्यो र कवितात्मक सिद्धिको प्राप्तिका दृष्टिले यो समय इतिहासमै सर्वाधिक शक्तिशाली देखिन्छ। कवितालगायत अन्य विधाको बर्चस्वका कारण यो अवधि गजललेखनका लागि चाहिँ त्यति उपयुक्त रहेन। त्यसैले यस अवधिको नेपाली गजल गुप्तवासमा बसेको देखिन्छ। यसै सन्दर्भलाई स्पष्ट पार्दै कृष्णहरि बराल लेख्छन् –

विसं २००२ सालमा भीमनिधि तिवारीको *बयासी र बीस गजल मेरी* प्रकाशित भएपश्चात् नेपाली गजल वसन्तपछि लुकेको कोइलीजस्तै भयो भने लेखिएका गजललाई धेरै गायकहरूले गीतको रूपमा हेरेर गाउने गरे। यस समयमा गीतकारहरूले पनि गीतै लेख्न भनेर गजलको संरचनालाई आत्मसात गरेको देखिन्छ।

वास्तवमा त्यस बेलाका गजलहरू 'गजल' शीर्षकका रूपमा नआए पनि असचेत रूपले गीतकै रूपमा रचिएका देखिन्छन् र कतिपय त सङ्गीतवद्ध पनि छन्। त्यसैले यस अवधिलाई गजललेखनको शून्य अवस्था नभनेर सुषुप्त, मौन वा तन्द्रामा रहेको ठान्नुपर्छ। यस युगका प्रमुख गजलकारहरूमा कृष्णमञ्जरीदेवी, कृष्णदेव पन्त, भूपि शेरचन, म.वी.वि. शाह, रवीन्द्र शाह, भीम विराग, पुष्प नेपाली, गोविन्द शर्मा 'विमल', छिन्नलता, तारिणीप्रसाद कोइराला, प्रेमप्रकाश मल्ल, राममान तृषित आदिले असचेत रूपमै गजलको संरचना भएका रचनाहरू गीतसङ्ग्रह एवम् पत्रिकामा प्रकाशित गराएका छन्। यस्ता गजलमा अंशतः देशभक्ति भए पनि शङ्गारिक भावकै प्रधानता पाइन्छ। काफियाको प्रयोगमा मुक्त हुन खोज्ने प्रवृत्ति भए पनि रागात्मक दृष्टिले तिनमा पुष्टता रहेको छ। तीनदेखि सात सेरको प्रयोग तथा गेयात्मकता यस युगका गजलका विशेषता हुन्।

## ३. नेपाली गजलको वर्तमान

वि.सं २०३० पछि नेपाली कविताको प्रयोगवादी भनिने जटिलता र दुर्बोधताको अवधि सकिएर केही स्वतन्त्रताको अनुभूति भई सहज सम्प्रेषणीय मुक्तक एवम् गद्यकविता मौलाउँदै गएको देखिन्छ। २०३५ सालको विद्यार्थी आन्दोलन र २०३६ सालको जनमतसङ्ग्रहको घोषणाको पृष्ठभूमिले पनि यसमा विशेष भूमिका खेलेको पाइन्छ। अर्कातिर यस अवधिसम्म उर्दू तथा हिन्दी गजलमा राष्ट्रिय, सामाजिक-सांस्कृतिक जागरण, क्रान्तिकारी विचार, व्यङ्ग्य आदिले निकै सशक्त स्वरूप लिइसकेको पाइन्छ। तीव्र प्रहार क्षमताका मुक्तकको लोकप्रियता भएको र रुबाइ शैलीका मुक्तकका चार पङ्क्तिहरू गजलका प्रारम्भिक दुई सेरसित मिल्ने देखिनुले पनि गजलतिर आकर्षित हुने वातावरण तयार भएको हो। नेपाली गजलको वर्तमानलाई यिनै विभिन्न पृष्ठभूमिमा राखेर हेर्नुपर्ने हुन्छ। यही सन्दर्भमा उर्दू साहित्यका अध्येता र रुबाइ मुक्तकबाट प्रेरित ज्ञानुवाकर पौडेलले २०३५ सालको *रूपरेखा* पत्रिकामा 'मुक्तक' शीर्षकमा एउटा रचना छपाए भने २०३६ साल माघ महिनाको *रूपरेखा* पत्रिकामा उनको गजल नै छपियो। 'मुक्तक' शीर्षक दिइएको भए पनि त्यसले तीन् सेरमा गजलको संरचना प्राप्त गरेको छ तर सचेत भएर गजलकै नाममा छापिएको रचनालाई नै चरण विभाजनमा महत्त्व दिनुपर्छ भन्ने यस पङ्क्तिकारको ठहर छ। त्यसैले नेपाली गजलको उत्तरार्द्धको प्रारम्भबिन्दु २०३६ साललाई मान्नु युक्तिसङ्गत देखिन्छ। नेपालको स्वतन्त्रता एवम् सांस्कृतिक परिवर्तनका हिसाबले पनि यो साल विभाजक बिन्दु हो। त्यसैका आधारमा २०३६ सालदेखि हालसम्मको नेपाली गजललेखनको अवधिलाई पुनर्जागरण युग र यस युगका गजललाई समकालीन पनि भन्न सकिन्छ। पाश्चात्य परम्परामा सामान्यतया पचास वर्षअधिको साहित्यिक परम्परालाई स्थिर भएको ठानी

त्यसको इतिहास लेख्ने प्रचलन देखिन्छ, जसका कारण समकालीनताका नामले चलिरहेको पचास वर्षसम्मको समयावधिलाई सजिलै समेट्न सकिन्छ ।

वर्तमानमा रचिने नेपाली गजल पुनर्जागृत गराउने महत्त्वपूर्ण प्रतिभामध्ये ज्ञानुवाकर पौडेल पर्छन् । पौडेल प्रारम्भदेखि अहिलेसम्म लगातार रूपमा गजलकै सिर्जनामा लागिरहने र यसलाई वाचनका माध्यमबाट समेत लोकप्रिय बनाउने गजलकार हुन् । सामाजिक सरोकार र प्रेमको साङ्केतिक अर्थलाई व्यङ्ग्यका माध्यमबाट प्रकट गरेर लेखिएका उनका गजलहरूमा लयात्मक एकरूपता नपाइए तापनि तिनमा गजलको अभिव्यक्ति शैली र मिठासचाहिँ पर्याप्त छ ।

त्यसै गरी गजलको जागरणका लागि जैनेन्द्र जीवनले विभिन्न विधामिश्रण भएको *सपनाहरूको पालोपहरा* भन्ने कृतिमा प्रकाशित गरेका पाँच वटा गजलको भूमिका पनि उल्लेख्य देखिन्छ । उनका गजलको छन्दमा केही कमजोरी देखिए पनि तिनमा सेरगत मुक्तकीय सामर्थ्य पाइन्छ अनि दार्शनिक प्रयोग र शैलीगत सौन्दर्यको मिठासले ती भरीपूर्ण छन् । यसपछिको अवधिमा, मनु ब्राजाकी, ललिजन रावल, रवि प्राञ्जल, धर्मोगत शर्मा 'तूफान', घनश्याम न्यौपाने 'परिश्रमी', श्रेष्ठ प्रिया 'पत्थर', कृष्णहरि बराल, वियोगी बुढाथोकी, दिव्य गिरी, बूँद राना आदिले गजलमा निकै सक्रियता देखाएका छन् र उनीहरूमध्ये धेरैजसो त गजलकारकै नामले प्रख्यात पनि छन् । यस क्रममा नेपाली गजलले प्रेमका अतिरिक्त राष्ट्रिय जीवनका विविध विषयवस्तु ग्रहण गरी कृतिगत प्रकाशनका सन्दर्भमा सङ्ख्यात्मक रूपले अभूतपूर्व प्रगति गरेको छ ।

वर्तमान नेपाली गजलको समकालीनता भनेको माया-प्रेम, प्रेमी-प्रेमिकाले दिने धोका, जीवनका दैनिक आर्थिक समस्या, वैचारिक विचलन, विसङ्गति, चरित्रको विघटन, राजनीतिक स्वार्थ, राष्ट्रिय सङ्कट, मानवताको गिर्दो अवस्था, सङ्घर्षको चुनौती आदि विषयलाई मूलतः समाक्षरिक गीतिछन्द र अंशतः उर्दू-हिन्दीमा प्रचलित बहरमा आधारित रहेर व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्नु हो ।

### ३.१ वर्तमान नेपाली गजलको योगदान

यस युगका गजलका विशेषता, उपलब्धि र तिनको प्रवर्द्धनका लागि भएका प्रयासलाई यसरी देखाउन सकिन्छ :

- यस युगका गजलमा विषयगत विविधता छ । सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, व्यवहारिक आदि जनताका दैनन्दिनका समस्या टिपेर तिनमा प्रतिक्रिया जनाउने प्रवृत्तिले गर्दा गजलकारहरू सचेत देखा पर्छन् । उर्दूका मिर तकी मिर, फैज अहमद फैज तथा हिन्दीका कुंवर बेचैन, चन्द्रसेन विराट, दुष्यन्त कुमार आदि प्रगतिशील गजलकारको प्रेरणा, प्रभाव र अनुकरणको प्रयास यस अवधिका गजलकारहरूमा बढी छ ।
- प्रेमसम्बन्धका विशिष्ट क्षणको प्रस्तुतिमा रमाउनु समकालीन गजलको एउटा मुख्य विशेषता हो । संयोग र वियोगका भावले भरीपूर्ण यस्तो विषयमा कुटिलता, धोका, नखरा, मिलनको चाहना, अङ्गवर्णन तथा कतै-कतै अश्लीलता पनि पाइन्छ ।
- आर्थिक शोषण, लैङ्गिक तथा जातीय असमानता, यौनदुर्व्यवहार आदिको आलोचना तथा वर्गद्वन्द्व र सङ्घर्षको चित्रण गरी समानतामूलक र न्यायपूर्ण नयाँ व्यवस्था स्थापना गर्ने लक्ष्य रहेका प्रगतिवादी गजलहरूको लेखन पनि यस अवधिमा भएको छ ।
- व्यङ्ग्यप्रयोग यस अवधिका गजलको मुख्य प्रवृत्ति हो । प्रगतिशील वा शृङ्गारिक जुनै भावमा रचिए पनि तिनमा पाइने तीव्र प्रहारको क्षमता महत्त्वपूर्ण छ । विशेष गरी नेता र प्रेमी-प्रेमिकाले दिएको आडम्बर र धोकाप्रति त्यस्तो व्यङ्ग्य लक्षित देखिन्छ ।
- सुरापानलाई पनि यस युगमा गजलको विषय बनाइएको छ । फारसीमा फिरन्ते सुफी सन्तहरूले मधुशालामै पनि ईश्वरीय चिन्तन गर्ने प्रक्रिया सुरु गरेको पाइन्छ र भक्तिभावलाई सांसारिक जीवनले प्रभावित पार्न नसक्ने देखाउन पनि रक्सीको प्रसङ्ग राखेको पाइन्छ तर नेपाली गजलमा भने रक्सीको प्रयोग सिधै अर्थमा गरिएको छ । मनु ब्राजाकी, ज्ञानुवाकर

पौडेललगायत विभिन्न स्रष्टाले केही कलात्मकताका साथ तर धेरैले चाहिँ हल्का र उरन्ठ्याउलो ढङ्गले यस्तो चित्रण गरेका छन् ।

- बालगजलको प्रयोग नेपालीमा शेखर अस्तित्वले *सेतो हिमाल मेरो* (२०६०) मार्फत सुरु गरेका छन् । हिन्दीमा निकै चलेको यस्तो लेखनमा घनश्याम न्यौपाने 'परिश्रमी', बूँद राना, अर्जुन पौडेल आदि सक्रिय देखिन्छन् तर बालचेतनाको कमीका कारण यसबाट कुनै सौन्दर्यमूलक उपलब्धि भने थपिएको छैन ।

- सामान्यतया तीनदेखि सात सेरका गजलको प्रचलन छ तर पनि धेरै गजल चार-पाँच सेरमा रचिएका छन् । प्रयोगका नाममा मनु ब्राजकीले बीसभन्दा बढी सेरको गजल रचे पनि त्यसमा कुनै महानता झल्किँदैन बरु लामा गजललाई अनावश्यक विवरणले विकृत बनाएको देखिन्छ ।

- हरेक सेरमा फरक विषयवस्तुको प्रयोग गर्ने प्रचलन नेपाली गजलमा अत्यन्त कम छ । एउटै विषय भए पनि सेरमा मुक्तकीय प्रभावको सिर्जनाका लागि भने प्रयास गरिएको पाइन्छ ।

- गजलमा नाम वा उपनाम राख्ने प्रचलन यस युगमा निकै छ तर थोरैले मात्र त्यसलाई बहुअर्थक बनाएर प्रस्तुत गरेको देखिन्छ ।

- अधिकांश गजल गीत र गजलबीचका रचना बनेका छन् । गजलको शास्त्रीय छन्दमा त्यति सचेतता नदेखिनु तर लोकलय र समअक्षरको गीतिलय अपनाइनु यसको मुख्य कारण हो ।

- उर्दू-फारसीमा चलेका बहर र संस्कृतका शास्त्रीय छन्द तथा केही निर्मित स्वरूप प्रयोग गरेर गजल लेख्ने पद्धतिको सुरुवात पनि केही गजलकारहरूबाट भएको छ । घनेन्द्र ओझाको *बल्झेर याद तिम्रो* (२०६२), सरोज काफ्लेको *अधरामृत* (२०६२), गोर्खे साइँलोको *मुस्कान* (२०६२), अनाममण्डलीले प्रकाशित गरेको *बहरमाला* (२०६३) आदि सङ्ग्रहमा यस्तो प्रयास भेटिन्छ ।

- नेपाली गजलगायनको प्रारम्भ सेतुरामबाट चन्द्रशम्शेरकै पालामा भएको पाइए पनि त्यसको निरन्तरता थिएन तर यस युगमा त्यसतर्फ केही प्रयास भएका छन् । यसमा शक्तिवल्लभको *सप्तक*, भोजराज घिमिरेको *आहत*जस्ता एल्बमहरूले सीमित भूमिका खेलेका छन् । कृष्णहरि बरालका गजललाई सुरेश गैरेले सङ्गीत गरेको *बिम्ब* नेपालीमा गाइएको अहिलेसम्मकै लोकप्रिय गजलएल्बम हो ।

- अत्यधिक गजलसङ्ग्रहको प्रकाशन यस युगको उपलब्धि हो । ललिजन रावलको *केही गजलहरू* (२०४२) बाट सुरु भएको यस परम्परामा धर्मीगत शर्मा 'तूफान' को *तूफानका गजलहरू* (२०४२), रवि प्राञ्जलको *तारिदेऊन माझी दाइ* (२०४८), ज्ञानुवाकर पौडेलको *खण्डहर नयाँ नयाँ* (२०४९), मनु ब्राजाकीको *गजलगङ्गा* (२०५१), घनश्याम न्यौपाने 'परिश्रमी'को *यो मौसम* (२०५०), वियोगी बुढाथोकीको *आफन्तका चोटहरू* (२०५२), श्रेष्ठ प्रिया 'पत्थर'को *पग्लिएका व्यथाहरू* (२०५३), राममान तृषितको *प्रेयसीका आँखासित पिरतीका कुरा* (२०५४), आर्.बी.'फ्लेम'को *ज्वालका रापहरू* (२०५४), दिव्य गिरीको *सागर लहर किनार* (२०५४), बूँद रानाको *रातो मलाई प्यारो* (२०५६), सुमित्रा बाङ्देल 'चेली'को *गंगाजल* (२०६०), घनेन्द्र ओझाको *बल्झेर याद तिम्रो* (२०६२), रूपक वनवासीको *हल्का मद्यपान* (२०६३), विक्रम विवशको *जेल जिन्दगी* (२०६४) आदिले गजलङ्ग्रहका माध्यमबाट नेपाली गजलको विकासमा योगदान दिएका छन् ।

- गजलका सम्पादित कृतिहरू यस युगमा गजललाई चिनाउन र सिर्जनातिर उत्प्रेरित गर्न निकै महत्त्वपूर्ण छन् । ललिजन रावलद्वारा सम्पादित *समकालीन नेपाली गजल* (२०४७), दुवसु क्षेत्रीद्वारा सम्पादित *समसामयिक नेपाली गजल* (२०५०), रमेश शुभेच्छुद्वारा सम्पादित *नेपाली गजलमा नारी हस्ताक्षर* (२०६२), अनाममण्डलीले प्रकाशन गरेको *बहरमाला* (२०६३) आदि कृतिले गजलको विकासमा भूमिका खेलेका छन् तर कतिपय कृतिमा अर्कालाई भूमिका लेख्न लगाएर सम्पादकमा आफ्नो नाम राख्ने प्रवृत्तिबाट सम्पादनको सामान्य सिद्धान्त सम्बन्धित विधागत ज्ञान, परम्पराको मूल्याङ्कन, रचना सङ्कलन, छनोट र गजलप्रवृत्तिको निरूपणमा बेवास्ता

गरिएको पनि छ । यस्ता सम्पादित सङ्कलनहरू क्षेत्रीय स्तरमा पनि प्रकाशित भएको पाइन्छ ।

- नारी गजलकारको सक्रियता र स्तरीयतामा वृद्धि हुनु नेपाली गजलको एउटा महत्त्वपूर्ण खुड्किलो हो । रमेश शुमेच्छुले *नेपाली गजलमा नारी हस्ताक्षर* (२०६२) नामक कृतिमा नेपालीका एक सय एक नारी गजलकारको रचना र परिचय दिएका छन् । यस सन्दर्भमा सङ्गृहीत कृति प्रकाशन गर्ने नारी गजलकारको सङ्ख्या लगभग दुई दर्जनको पुग्नु निकै उत्साहजनक रहेको छ ।

- पत्रपत्रिकामा गजलको प्रकाशनले निकै तीव्रता पाएको यस युगमा *मधुपर्क, रूपरेखा, रचना, गरिमा, मिर्मिर, तन्नेरी, गजल, आकाश, आरोहण, कविता, विजया, वसुन्धरा, सन्देश, प्रतिभा, झर्ना, दोभान, प्रज्ञापन, पूर्णिमा, गुञ्जन, प्रज्ञान, मधुलिका, गजलप्रवाह, सागर, उत्साह, स्वर्णगजुर, प्यास, गजलगङ्गा, पेरेल, पुष्पाञ्जली, पलाँस, अनुराग, शारदा* आदि पत्रिकाले सामान्य वा विशेषाङ्कका माध्यमबाट गजलको विकासमा योगदान गरेका छन् ।

- गजलको समालोचनाको विस्तारले पनि यस युगको सक्रियतालाई साथ दिएको देखिन्छ । २०३८ सालमा रमा शर्माले 'गजलबारे केही कुरा' प्रकाशित गरेर यसको सुरुवात गरेको देखिन्छ । त्यसलाई घटराज भट्टराई, ललिजन रावल, मनु ब्राजाकी, दुवसु क्षेत्री, जगदीशशमशेर राणा, कृष्ण गौतम, शिव रेग्मी, दयाराम श्रेष्ठ, कृष्णहरि बराल, घनश्याम न्यौपाने 'परिश्रमी', रोशन थापा 'नीरव', टीकाराम उदासी, वासुदेव त्रिपाठी, विजय सुब्बा, देवी नेपाल आदिले सामालोचनात्मक लेख, भूमिका तथा कृतिप्रकाशनद्वारा मूल्याङ्कनको राम्रो प्रक्रिया देखाएका छन् । त्यसमा पनि टीकाराम उदासीको *गजल सिद्धान्त र नेपाली गजलको इतिहास* (२०५९) र घनश्याम न्यौपाने 'परिश्रमी' *गजल सौन्दर्य मीमांसा* (२०६४) ले विशेष महत्त्व राख्तछन् ।

- समकालीन नेपाली गजललाई त्रिभुवन विश्वविद्यालयले पाठ्यक्रम र प्राज्ञिक अनुसन्धानको विषय स्वीकार गर्नु यस अवधिको गजलले पाएको सर्वोच्च संस्थागत मान्यता हो । समकालीन गजलकारहरूको जीवनी, व्यक्तित्व र कृतित्वमा लेखिएका शोधपत्रहरूका अतिरिक्त सनतकुमार वस्तीले २०५३ सालमा सिर्जनापत्रका रूपमा 'सबेरै आएँ' लेख्नु, टीकाराम बुढाले २०५६ सालमा 'समकालीन नेपाली गजलको विश्लेषण' शीर्षकमा स्नातकोत्तर शोधपत्र लेख्नु, २०६३ मा कृष्णहरि बरालको 'गजल परम्परा र मोतीराम भट्टको गजलकारिता' शीर्षकमा विद्यावारिधि शोधप्रबन्ध स्वीकृत हुनुले यसै सुखद स्थिति देखाउँछन् । त्यस्तै, सन् २000 मा घनश्याम न्यौपानेको 'हिन्दी और नेपाली गजलों का विश्लेषणात्मक अध्ययन' शीर्षकमा भारतको अम्बेदकर विहार विश्वविद्यालयले विद्यावारिधि शोधप्रबन्ध स्वीकृत गर्नुले पनि विशेष महत्त्व राख्तछ ।

- गजलकारहरूको संस्था, मण्डली आदि बनाएर संस्थागत रूपले लेखन, प्रकाशन, वाचन, गायन आदिका लागि मञ्च प्रदान गर्ने उद्देश्य राखेका समूहहरू यस युगमा सक्रिय छन् । 'मोतीमण्डली'को प्रभाव देखाउने यस्ता समूहमा भावक अभियान नेपाल, गजल मञ्च नेपाल, गजल गृह, अनाममण्डली आदि महत्त्वपूर्ण छन् ।

- एफ्एम् रेडियोको स्थापना भएपछि गजलले पाएको महत्त्व र त्यसबाट गजलसर्जक, अध्येता र श्रोतापाठकको सङ्ख्यामा भएको वृद्धिले अत्यन्त ठूलो प्रभाव पारेको छ । अहिले सबैजसो रेडियोमा गजलका कार्यक्रम राखिएका छन् ।

- सगरमाथा रेडियोसित सम्बद्ध भावक अभियानले थालेको गजलप्रशिक्षणले अहिले व्यापकता पाएको छ । छन्द, गायन, वाचन आदिका स्तरमा यस्तो प्रशिक्षणलाई विस्तार गरिएको पनि देखिन्छ ।

- केही गजलकारले संयुक्त गजल, विलयन आदि नाम दिएर गजलमा प्रयोग गरेको पनि देखिन्छ । प्रभाती किरण, रूपक वनवासी, बालकृष्ण रेग्मी, 'निर्जन' मनोज र लक्ष्मण गगनको *अवरुद्ध गलाहरू* (२०६१) तथा चन्द्र तामाङ, जैकी 'मोजाह', दलवीरसिंह बराइली 'घायल', भानु दुलाल र शान्तराम थापामगरको *आरोहण* (२०६३)

यस्ता खालका संयुक्त गजल हुन् तर यिनमा कुनै मौलिक वा नयाँ सौन्दर्यदृष्टि भने प्रकट भएको छैन ।

**३.२ वर्तमान नेपाली गजलका कमीकमजोरी**

विश्वव्यापी प्रसार पाएर एकातिर गजल भाग्यमानी छ भने अर्कातिर यसका केही मूल भाषामा जस्तो क्षमता र शक्ति अन्य भाषामा हासिल गर्न नसकेर केही अभागीजस्तो भएको सन्दर्भमा आजको नेपाली गजलको कमजोरी देखाउँदै कृष्ण गौतम व्यङ्ग्यात्मक रूपले लेख्छन् :

'गजल भाग्यमानी किन छ भने यसले वर्तमानमा प्रशस्त युवालेखकहरू बढाउँदै आइरहेछ, त्यस्ता युवालेखक जसमध्ये कैयौँ नाकबाट दूध आउने केटाहरू होलान्, कैयौँ कुखुरे बैंसका तरुना होलान्, होलान् कैयौँ गधापच्चीसीका ठिटाहरू ! ! फेरि प्रत्येकको आफ्नै सुर होला, कसैलाई नाम मात्र दर्ता गर्ने रहर, कसैलाई तमासा हेर्ने चाख, कसैलाई झारा तिर्ने उत्सुकता ! ! ...साँच्ची नै गजलमा अमूल्य समय दिनुको साटो फुर्सदको हलुका समय मात्र लेखकहरू दिइरहेछन् ।'

माथिको भनाइ कुनैनकुनै रूपमा अशिष्ट र अतिशयोक्तिपूर्ण भए पनि त्यसमा समकालीन गजलका केही कटु कमजोरीहरू कडा प्रहारसहित सङ्केत गरिएको छ । एउटा स्थापित विधाका रूपमा इज्जत पाउने क्रममा देखिने समकालीन गजलका केही कमजोरीहरू र सुधारका केही उपाय यहाँ देखाइएको छ :

- गजललेखन फेसन बनिरहेको छ जसले गर्दा संरचनात्मक ज्ञानबिना रहरले कतकुत्याएपछि गजल लेखिहाल्ने प्रवृत्ति बढेको देखिन्छ । यस्तो हल्काफुल्का लेखनले गजलमा योगदान गर्ने भन्दा पनि यसको विधागत अस्तित्व सङ्कटमा पार्न भूमिका खेल्छ । त्यसैले बिनाज्ञान, बिनाअभ्यास, बिनापरिष्कार गजलसङ्ग्रह निकाल्ने हतार गर्नु उपयुक्त हुँदैन ।

- गजल जति सरल भएर जनमानसमा जाँदै छ, त्यत्तिकै त्यसमा निहित वैचारिक ओजमा पनि कमी आएको छ । गम्भीर दर्शनलाई यसले सूत्रात्मक ढङ्गमा प्रस्तुत गर्न सक्नुपर्छ ।

- शृङ्गारिक भावका नाममा सिधै सम्भोगका लागि आह्वान गर्ने, यौन अङ्गको चित्रण गर्ने र यौनउत्तेजना फैलाउने खालका गजलहरू पनि प्रकाशन गरिएको देखिन्छ, जुन उचित होइन ।

- संरचना मिले पनि कुनै चमत्कार सिर्जना गर्न नसक्ने, विम्बप्रतीकविहीन सपाट गजलको प्रकाशनमा विस्तार भएको छ ।

- कतिपय गजलमा शब्दप्रयोगको अव्यवस्था, व्याकरणिक ज्ञानका अभाव र अति विचलनका कारण भावसम्प्रेषणमा जटिलता देखिन्छ ।

- लामा वा अमिल्दा शब्दको प्रयोग गर्दा वाचन तथा गायनमा बाधा पार्छ ।

- सामाजिक सन्दर्भको आलोचना र व्यङ्ग्यलाई प्राथमिकता दिँदा समकालीन नेपाली गजलले साङ्गीतिकता र कोमक सौन्दर्यका पक्षमा ऋणात्मकता बेहोरेको छ ।

- गेयता भएका गजलहरू गीतका नजिक छन्, जसका कारण गजललाई भिन्न विधाको रूपमा चिनाउने भाषिक चिन्ह केवल काफिया मात्रै हुन थालेको पनि देखिन्छ ।

- तखल्लुसका नाममा गजलभित्र गजलकारले आफ्नो नाम वा उपनामको दुरूपयोग गरेको पनि पाइन्छ, तखल्लुस राख्ता बहुअर्थक हुने वा सेरको लयात्मक सुन्दरतामा आघात नपार्ने प्रयोगलाई मात्र स्थान दिनु उपयुक्त हुन्छ ।

- गजलका नाममा अज्ञानतावस तुकबन्दीयुक्त लामा कविता लेखेर सामान्य पाठक भ्रममा पर्ने अवस्था पनि सिर्जना भएको छ । अनुभूतिको तीव्रताबाट टाढा जानाले त्यस्तो रचना 'नज्म' नामको विधा बन्दछ ।

- गजल प्रबन्धकाव्य (खण्डकाव्य वा महाकाव्य) हुन सक्तैन किनभने त्यसमा गजलको सङ्क्षिप्तमा प्रहार गर्ने मौलिक विशिष्ट स्वरूप समाप्त भइसकेको हुन्छ । लामो कथासहित काव्यका रूपमा गजलसित मिल्दोजुल्दो रचना सिर्जना हुँदा त्यो 'मसनवी' नामक अर्कै विधा बन्दछ । फारसी भाषाका महाकवि

फिरदौसीको *साहनामा* मसनवीको नमुना हो । त्यसैले नेपालीमा पनि गजलकाव्य भनिने रचनाको खासै मूल्य देखिँदैन ।

- अहिले बहरमा गजल लेख्ने राम्रो प्रचलन सुरु भएको छ तर कठिनतापूर्वक बहरको अभ्यास गर्दा गजलको स्वाभाविकपन नष्ट भएर त्यो कृत्रिम र निरस रचना बनेको देखिन्छ । बहरका लागि गजल लेख्ने कि गजलमा बहर प्रयोग गर्ने भन्नेमा गजलकारहरू सचेत हुनु जरुरी छ ।

- गजलको वाचन र गायनका पक्षमा निकै कमजोरी छन् । यसका लागि सम्प्रदाय वा गुरुकुल (स्कुलिङ) को आवश्यकता छ । व्यक्तिगत लाभका कारण पद, पैसा भएका वा नजिकैको सम्पर्क भएका व्यक्तिका रचना नै गाइने र तिनमा स्तरहीनता देखिनाले गजलप्रति श्रोताको ध्यान आकर्षित भएको देखिँदैन ।

- सञ्चारमाध्यममा प्रसारण गरिने गजलका कार्यक्रममा धेरैजसो बैँसालु रहर साट्न वा नाम सुनाउने लोभका सस्ता गजल र झारा टार्ने खालका अन्तर्वार्ता प्रसारण गरिएको पाइन्छ । त्यसलाई गजलको स्तरीयता र गम्भीरता वृद्धि गर्नका लागि सदुपयोग गर्नुपर्छ ।

- पद, पैसा र पीतप्रशंसाका बलले गजलमा स्थापित हुन खोज्नेहरूको कन्तबिजोग तिनका सङ्ग्रह पढ्दा देखिन्छ । उत्कृष्ट र पाठकश्रोताको मन छुने गजल लेख्नुबाहेक गजलमा स्थापित हुने कुनै छोटो बाटो कसैसित पनि उपलब्ध छैन ।

- सामान्यतया देखिने फितलो वर्णनबाट मुक्त भएर गजललाई कसिलो र सूत्रात्मक बानाउनु राम्रो हो ।

- धेरैजसो गजलमा पहिलेका कवि वा गजलकारले प्रयोग गरेकै काफिया, कल्पना, उपमा वा दृष्टान्त दिइएको पाइन्छ । यस्तो सीमित अध्ययन र नवीन कल्पनाको अभावमा गजलको प्रभाव निस्तेज देखिन्छ ।

- गजलको समालोचनामा वैचारिक, जातीय, क्षेत्रीय, सङ्कीर्ण स्वार्थी समूहका आधारमा गुट बनाई आफ्नो गुटको भए अतिप्रशंसा र अर्को गुटको भए बिनाआधार अशिष्ट रूपले आलोचना गरिएको पाइनु गजलको विकासका लागि विडम्बना हो ।

- सर्जक स्वयम्ले गजलको समालोचना गर्दा आफ्नै रचनाको मूल्याङ्कन गर्न अघि सर्नु प्राकृतिक न्यायका विपरीत हुन्छ भन्ने भावना पनि जागृत हुनुपर्छ । आफ्नो रचनाप्रक्रियाका बारेमा व्याख्या वा विश्लेषण गर्नु भिन्नै कुरा हो तर आफ्नै रचनालाई मात्र उदाहरणमा राखेर कमजोरीलाई पनि सही देखाउन खोज्नुचाहिँ गजलकारका लागि अशोभनीय नै ठहर्छ । गजलकारबाहेकका समालोचकले यस विधालाई कमै मात्र छुनु वा खासै महत्त्व नदिनुले नेपाली गजल कतै आत्मरितमा मात्र सीमित त छैन भन्ने आशङ्का पनि जन्माउँछ । यो तथ्य अनाममण्डलीबाट प्रकाशित *नेपाली गजल विगत र वर्तमान* (२०६४) भित्रका केही रचनाले पनि पुष्टि गर्दछन् ।

यी र यस्ता अनेकौँ कमजोरी हटाउनुको साटो अर्काको सानो कमीलाई हाँसोमा उडाउनु वा आपसमा हिलो छ्यापाछ्याप गर्नु गजलस्रष्टाका लागि सर्वथा अशोभनीय व्यवहार हो । शिष्ट, शालीन र सिर्जनात्मक प्रतिक्रिया दिएर मित्रहरूको लेखनमा सुधार गर्ने वातावरण तयार पारी समग्रमा नेपाली गजलका स्तरीयता अभिवृद्धि गर्नु गजलप्रेमीहरूको कर्तव्य हो ।

## ४. नेपाली गजलको भविष्य

गजलको लेखन अरबी, फारसी हुँदै स्पेनी, जर्मनेली, इटालेली, टर्केली, अङ्ग्रेजी आदि युरोपेली भाषामा पनि फैलिएको हो र जर्मनेलीमा त स्लेगल, गेटे आदि प्रसिद्ध साहित्यकारहरूले पनि लेखेका हुन् तर ती सफल हुन सकेनन् । नेपाली भाषाका सन्दर्भमा गजलमै मात्र समर्पित स्रष्टाहरूसमेत भएकाले यसको उत्तरोत्तर प्रगति हुँदै गरे पनि घत पार्ने रचनाको सिर्जना भने यसका लागि गम्भीर चुनौती बनेको छ ।

अहिलेको साहित्यिक वातावरण हेर्दा गजलले गम्भीरता र परिपक्वता प्राप्त गर्दै रहेको पाइन्छ । यही गतिमा अगाडि बढ्न सकेमा गजलले भविष्यमा सारर्भित र सार्थक विषय समातेर व्यापक सामाजिक, राजनीतिक तथा सांस्कृतिक अन्तर्वस्तु दिन सक्नेछ अनि त्यसलाई नवीन विम्बप्रतीक, लोकजीवनका उखानटुक्काको प्रयोग गरी देखाउन सफल हुनेछ । यसबाट गजल जनमानसको दुःखद अवस्था चित्रण गर्ने र त्यसको कारणप्रति कडा व्यङ्ग्य गर्ने उपयुक्त विधागत माध्यम बन्न सक्छ । नेपाली भाषाबाट विस्तार हुँदै नेपालभाषा, थारू, भोजपुरी, मैथिली, अवधी, तामाङ आदिमा पनि गजल लेखिनु सुखद पक्ष हो ।

गजलमा सङ्गीत भर्ने र गाउने कार्यप्रति नेपाली प्रतिभाको आकर्षण बढ्दै छ तर यसलाई लोकप्रिय बनाउन खोज्ने प्रतिभामा रचनाछनोटको सचेतता तथा भावअनुसारको सङ्गीत सिर्जना गर्ने क्षमता आवश्यक पर्छ । निकट भविष्यमा यसको पूर्ति हुने लक्षण देखिन्छ । यसका लागि नेपाली सिनेमामा यथाशक्य गजल समावेस गरेर श्रोताहरूमा गजलप्रति रुचि बढाउने कोसिस गर्नुपर्छ ।

भविष्यप्रति आश्वस्त भएकै कारण गजलमा मात्र समर्पित स्रष्टाहरू बढ्दै छन् र गजलको सौन्दर्यशास्त्रीय चिन्तन प्रारम्भ भएको छ । आशा गरौं, चाँडै नै गजलको शब्दकोश र गजलकार कोश तयार गर्न समालोचकहरू तयार हुन्छन् अनि समालोचनामा गजलको विशिष्ट स्थान देखिन्छ । कृष्णहरि बरालको नेपाली 'गजल : परिचय र परम्परा' प्रकाशन भएपछि छिट्टै त्यसको ढोका पनि खुल्ने सम्भावना छ ।

नेपाली गजललाई भविष्यमा सफल पार्ने काम आजका युवा स्रष्टाहरूको काँधमा आएको छ । यदि उनीहरू पूर्वजबाट व्यावहारिक र शास्त्रबाट सैद्धान्तिक ज्ञान हासिल गर्दै परिष्कारपूर्ण गजलरचना, वाचन तथा गायनको साधनामा जुटे भने यही सङ्ख्यामध्येबाटै गुणात्मक योगदान गर्न सक्षम गजलकार पक्कै जन्मन्छन् । अर्थको चमत्कार सिर्जना गरी तीक्ष्ण रूपले मनमा छाप छोड्ने र जति सुन्यो उति नयाँ प्रभाव पार्ने गजलबाट नै यसलाई भविष्यमा सौन्दर्यपूर्ण छटा र लोकप्रिय स्वरूप दिन सकिन्छ । नेपालीमा त्यस्तो गजलको सम्भावना छ, जसका सेर श्रोतापाठकको गुनगुनाहटमा आइरहून्, भाषणमा राजनीतिज्ञहरू तिनै सेर उदाहरणका रूपमा भन्न बाध्य होऊन् अनि मात्र यसको विधागत प्रभाव र अस्तित्वमा कायापलट हुन सक्छ ।

## ५. निष्कर्ष

इसाको सातौँ शताब्दीतिर अरबीबाट सुरु भएको गजल विधा फारसी, उर्दू र हिन्दीको प्रभाव र प्रेरणाबाट मोतीराम भट्टले विसं १९४० को दशकमा नेपाली गजललेखन प्रारम्भ गरेका हुन् । वर्तमानसम्म आइपुग्दा नेपाली गजलले सवा एक सय वर्ष पार गर्दै छ । तीनदेखि सात सेरलाई आदर्श बनाइएका नेपाली गजलमा शास्त्रीय रूपभन्दा पनि गद्यकविताको नजिक रहेको मौलिक गीतिछन्द बढी प्रयोग गरिएको गरिएको छ । विगतमा तत्कालीन परिस्थितिअनुरूप शृङ्गारिकतालाई पछ्याएर सशक्तता देखाए पनि १९७४ सालपछि भक्ति र सामाजिक जागरणतिर झुकेको गजल विधा ह्रासोन्मुख हुँदै गएको देखिन्छ । एक्काइसौँ शताब्दीको तीन दशकसम्म ओझेलमा परेको नेपाली गजल २०३६ पछि जुर्मुराएर उठेको हो । यसपछिको समकालीन भनिने वर्तमान गजलले जीवनका विविधतालाई कथ्य विषय बनाएको छ तर सूत्रात्मक र लयात्मक रूपले कसिलो हुन यसले अझै मिहिनेत गर्नुपर्ने देखिन्छ किनभने गजलले प्राज्ञिक अनुसन्धानमा समेत मान्यता पाइसकेको छ । अहिलेको उत्साहजनक सङ्ख्यात्मक युवा उपस्थितिलाई गजलको लेखन, वाचन र गायनमा गुणात्मक रूपले स्तरीकरण गर्न सक्ने हो भने नेपाली साहित्यमा गजललाई गम्भीर विधागत पहिचान प्राप्त हुन्छ र यसबाट भविष्यमा निकै प्रगतिको आशा गर्न सकिन्छ ।

जब सोध्छौ तिमी केही जवाफ हुन्न मसँग
मान्छेझैँ त्यो सधैँ फेर्ने नकाब हुन्न मसँग ।

दुनियाँको चर्तिकला हेरी बस्छु टुलुटुलु
सत्तामा बस्नेको जस्तो दबाब हुन्न मसँग

कतै पढ्न खोज्छौ भने मेरो यो जीवनगाथा
रङ्गीचङ्गी चित्र भा'को किताब हुन्न मसँग

के पाएँ के गुमाएँ जन्मिएर यो संसारमा
व्यापारीझैँ हरेक पल हिसाब हुन्न मसँग

पाएकै छु सधैँभरि चोटहरू पाइलैपिच्छे
दुखाइको क्षणमा प्रिय अभाव हुन्न मसँग ।

❋



जब मन भयो एकोहोरो सुस्त-सुस्त
त्याग्दैछु दिमागको चौघेरो सुस्त-सुस्त ।

तिमी सोच्छौ म मौन, म सोच्छु तिमी मौन
चल्दैछ यो सवाल दोहोरो सुस्त-सुस्त

न दियौ सहारा तिमीले न मैले दिएँ
सम्बन्ध यो बन्दैछ मधुरो सुस्त-सुस्त

चेतनाशून्य हुन्थ्यो हर्षले छोइदिँदा
अझै लाग्दैछ पीडा अधूरो सुस्त-सुस्त

भोलि त पक्का बिहानी आउँछे पर्खनू
खोल्नू विवशताको कटेरो सुस्त-सुस्त ।

❋

*– मकवानपुर*



अम्बिका गिरी बिहानी

# शारदा गजल विशेषाङ्क





विष्णुबहादुर सिंह

घुमाउरो बाटाहरू पार गर्दै आएको छु
भाग्यमानी रै'छु क्यारे तिमीलाई पाएको छु ।

जीवनका मोडहरूमा तिमीलाई साथ दिने
देउतालाई साक्षी मानी यही कसम खाएको छु

माया, प्रेम, सद्भावका सङ्गीत धुनभित्र
जीवनभरि साथ दिने मधुर गीत गाएको छु

चखेवाको जोडीजस्तै तिमी-हामी भएपछि
प्रेमको त्यो वस्तीभित्र जतातत्तै छाएको छु

तिम्रो मात्र सम्फना डुबुल्की लौ मार्दाखेरि
अरू सबै बिर्सिएर, मात्र माया लाएको छु ।

*

*- जुकेना ६, अर्घाखाँची*





प्रकाश आङ्देम्बे

रिसाएर तिमी जति टाढा हुँदै गयौ
अफ धेरै यो मुटुमा गाढा हुँदै गयौ ।

आस्था मानी फूलसँग पुजें तिमीलाई
फूल टेकी हाँसी हाँसी काँडा हुँदै गयौ

मलाई भने बगरमा एक्लै कुराएर
आफू भने कन्यामको डाँडा हुँदै गयौ

जाने नै हौ जाऊ तर मेरो एउटा प्रश्न
तिमी किन यति सारो छाडा हुँदै गयौ ?

*

बाँकी छ जून यौटा, यौटा छ घाम बाँकी !
अर्को पवित्र मन्को ज्यूँदो सलाम बाँकी !

सुम्पी गयौ 'ल तिम्रै जिम्मा भयो ...!' भनेर
जे-जे थिए भरोसा-आशा तमाम बाँकी !

अन्धो-अशक्त-बैह्रो धौता पुजेर के भो ?
पुज्दैछु सम्झनामा तिम्रै छ नाम बाँकी !

देख्दैन ऐन-अन्धो, ढुक्कै छ ज्यानमारा
दुर्भावना पुरानै, त्यै ताम-झाम बाँकी !

काठी नयाँ सुनौलो घोडा पऱ्यो फुरुङ्ग
कस्दैछ त्यो सिपाही, देखेँ लगाम बाँकी !

टाढा छ स्वर्ग-लङ्का छेकेर राख डुङ्गा
तर्नैछ स्वप्न-गङ्गा धेरै छ काम बाँकी !

❋




हान्छ गोली मार्छ ऊ, मर्छ मान्छे रुन्छु म !
हा ! भुतुक्कै पार्छ ऊ, मर्छ मान्छे रुन्छु म !

भोग्छ अर्कै, जित्छ ऊ इन्द्रको सिंहासनमै
फूर्ति कत्रो झार्छ ऊ, मर्छ मान्छे रुन्छु म !

यो अहम्को युद्धमा बुद्ध रुन्छन् पीरले
मृत्यु-पीडा सार्छ ऊ, मर्छ मान्छे रुन्छु म !

'जीत' ठान्दै भन्छ ऊ - 'लौ जितेँ ! मैले जितेँ !!'
जिन्दगी नै हार्छ ऊ, मर्छ मान्छे रुन्छु म !

❋

*- चरिकोट*


जीत कार्की



# भारतको ५९औं गणतन्त्र दिवस

भारतीय राजदूत, काठमाण्डु
AMBASSADOR OF INDIA
KATHMANDU



भारतको ५९औं गणतन्त्र दिवसको अवसरमा नेपालमा रहेका समस्त भारतीयहरु तथा भारतका मित्रहरु प्रति न्यानो अभिवादन व्यक्त गर्न पाउँदा म गौरवान्वित छु।

अन्ठाउन्न वर्ष अघि आजकै दिन भारतको एक लोकतान्त्रिक गणतन्त्रको रुपमा उदय भयो। निर्वाचित संविधानसभाद्वारा निर्माण गरिएको भारतको संविधान त्यस बेलादेखि नै भारतीय लोकतन्त्रको आधारशिलाको रुपमा रहेको छ। यो संविधान सामाजिक परिवर्तन, राजनीतिक स्थायित्व तथा कानुनको शासनको सम्वाहक भएको छ। भारतको संविधान एउटा यस्तो जडान बनेको छ जसद्वारा भारतको विलक्षण विविधताले प्राचीन सभ्यताको जगमा देशलाई एक विकसित अर्थतन्त्र तथा उदीयमान शक्ति सम्पन्न आधुनिक राष्ट्रको रुपमा रुपान्तरण गर्दै एकताबद्ध बनाएको छ।

१३ डिसेम्बर १९४६ मा जब भारतको संविधानसभाले संविधान निर्माणको प्रक्रिया प्रारम्भ गऱ्यो, संविधानसभा समक्ष 'उद्देश्य प्रस्ताव' प्रस्तुत गर्दै तत्कालीन भारतीय प्रधानमन्त्री पं. जवाहरलाल नेहरुले भन्नु भएको थियो, "हामीहरु भारतको लागि एउटा संविधान बनाउँदै छौं र यो स्पष्ट छ कि हामीहरुले भारतमा जे गर्न गइरहेका छौं त्यसले बाँकी विश्वमा एक महत्वपूर्ण असर छोड्ने छ।" भारतको स्वतन्त्रता तथा गणतान्त्रिक राष्ट्रको रुपमा भएको यसको उदयले विश्वभर उपनिवेशवादको विरुद्धमा भएका संघर्षहरुमा प्रभाव पाऱ्यो। दक्षिण एसियामा मात्र नयाँ भारतको जन्मले भारतको ऐतिहासिक, भौगोलिक तथा सांस्कृतिक रुपमा निकट सम्बन्ध रहेको नेपालमा लोकतन्त्रका पक्षमा गरिएका प्रयत्नहरुलाई प्रोत्साहित गऱ्यो।


नेपाली जनताले विगत दुई वर्षमा नेपालमा अति महत्वपूर्ण परिवर्तन ल्याएका छन्। अप्रिल २००६ मा भएको जनआन्दोलन-२ पश्चात् बहुदलीय लोकतन्त्रलाई संस्थागत गर्ने तथा नेपाली जनताको शान्ति, स्थायित्व, लोकतन्त्र तथा समृद्धिका आकांक्षाहरु पुरा हुने भविष्य तर्फ राष्ट्रलाई पदार्पण गर्ने यात्रामा महत्वपूर्ण कोसेढुंगाहरु पार भईसकेका छन्। नेपाल तथा यहाँका जनतालाई नयाँ सामाजिक, आर्थिक तथा राजनीतिक भविष्य सुनिश्चित गर्ने यो यात्रामा सबैभन्दा महत्वपूर्ण खुड्किलोको रुपमा संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष चुनाव रहेको छ। आज जब नेपालले आफ्नो इतिहासमा एक नयाँ अध्यायको शुरुआत गर्दैछ, भारतले नेपाललाई प्रदान गर्दै आएको सहयोगमा विस्तार गरेको छ र शान्ति प्रक्रियाको सफलताको लागि हर सम्भव सहयोग प्रदान गरिरहेको छ। नेपाल तथा मित्रतापूर्ण नेपाली जनतालाई उनीहरुको ऐतिहासिक खोजी तथा प्रयत्नमा नेपालको आवश्यकता अनुरुप योगदान पुऱ्याउन भारत तथा भारतीय जनता प्रतिबद्ध छन्।

२६ जनवरी २००८

श.श. मुखर्जी
(शिवशंकर मुखर्जी)







# भारत र नेपालः शान्ति र उन्नतिका लागि साझेदारी

### शान्ति र लोकतन्त्रका लागि सहयोग

- जुन २००६ मा नेपालका सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणको समयमा लोकतन्त्रका लागि ने.रु. १,६०० करोडको आर्थिक सहयोग
- शान्ति प्रक्रियाका लागि १,२०० भन्दा बढी सवारी साधनहरु र १४,००० सञ्चारका सामाग्रीको रुपमा ने.रु. २५० करोड बराबरको सहयोग
- हतियार र सेना व्यवस्थापन सम्बन्धी सम्झौताको कार्यान्वयनका लागि कन्टेनरहरुको सहयोग



नेपालको शान्ति प्रक्रियाका लागि सहयोग स्वरुप भारत सरकारको तर्फबाट २५ जनवरी २००८ मा प्रदान गरिएका सवारीसाधनहरु नेपाल सरकारका मा. गृहमन्त्री श्री कृष्ण प्रसाद सिटौलालाई हस्तान्तरण गर्दै भारतीय राजदूत

### आर्थिक सहयोग

- शैक्षिक संस्थाहरु, पुस्तकालयहरु, छात्रावासहरु र अस्पतालहरुको निर्माण, सरसफाई, खानेपानी, सिंचाई, ग्रामीण तथा सौर्य विद्युतीकरण आदि क्षेत्रमा ने.रु. २,१०० करोड भन्दा बढीका २६५ वटा ठूला तथा साना परियोजनाहरु भारत सरकारको सहयोगमा ७५ वटै जिल्लामा सञ्चालित
- 'नेपाल सहयोग' कार्यक्रम अन्तर्गत सहयोग रकम बढाई भा.रु. १५० करोड पुऱ्याइयो
- निर्माणाधीन ठूला परियोजनाहरु अन्तर्गत वीर अस्पतालको ट्रमा केन्द्र र मनमोहन अधिकारी मेमोरियल पोलिटेक्निक, तराईमा १,५०० कि.मी.को हुलाकी बाटो, सीमा क्षेत्रमा पर्ने पाँच महत्वपूर्ण शहरहरुलाई जोड्ने बृहत् रेल सञ्जालको निर्माण र नेपाल-भारत सीमा क्षेत्रमा विश्वस्तरीय ४ वटा चेक पोष्टहरुको निर्माण

### व्यापार र लगानीः समृद्धिका लागि साझेदारी

- प्रगति तर्फ उन्मुख भारतीय बजारमा नेपालको लागि झण्डै पूर्ण भंसारमुक्त र परिमाणमुक्त पहुँच
- विगत १० वर्षमा नेपालले भारत तर्फ गर्ने निर्यात व्यापार ११००% ले बढेको छ, जब कि भारतबाट हुने आयातमा ३५०% वृद्धि भएको छ। नेपालको कुल निर्यात मध्ये ७०% भन्दा बढी भारतमा हुन्छ र नेपालको कुल आयात मध्ये दुई तिहाई भारतबाट हुन्छ।
- नेपालमा वैदेशिक लगानीको सबैभन्दा ठूलो श्रोत भारत हो। भारतीय संयुक्त लगानीमा स्थापित उद्योगहरुले नेपालको निर्यात व्यापार, प्राविधिक एवं सेवामूलक क्षेत्रको विकास, औद्योगिक विकास, राजस्व संकलन र रोजगार अभिवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएका छन्।



नेपालको शान्ति प्रक्रियाका लागि सहयोग स्वरुप भारत सरकारको तर्फबाट नेपाल सरकारलाई प्रदान गरिएका १२०० भन्दा बढी सवारीसाधनहरु मध्ये अन्तिम खेपका सवारीसाधनहरुको २५ जनवरी २००८ मा हस्तान्तरण

### मानव संशाधन विकास

- नेपाल र भारतमा अध्ययनका निमित्त नेपाली विद्यार्थीहरुका लागि हरेक वर्ष भारत सरकारको करीब १५०० छात्रवृत्ति
- नेपालमा कक्षा ११ र १२ मा अध्ययनरत १००० विद्यार्थीहरुलाई महात्मा गान्धी छात्रवृत्ति तथा इन्जिनीयरिंग, चिकित्सा शास्त्र, व्यवसायिक प्रशासन, कम्प्युटर, विज्ञान, कला र मानविकी विषयहरुमा स्नातक, स्नातकोत्तर तथा विद्यावारिधिका लागि करीब ५०० जनालाई छात्रवृत्ति

### भारतीय गोरखा सैनिकको माध्यमबाट बन्धुत्व र मित्रताको सम्बन्ध

- १.२ लाख भन्दा बढी भारतीय सेनाका सेवारत र भूतपूर्व गोरखा सैनिकहरु
- हाल नेपालमा बसोबास गरिरहेका भारत सरकारका अवकाश प्राप्त भूतपूर्व सरकारी कर्मचारीहरुलाई सन २००६/०७ मा ने.रु. ८३० करोड भन्दा बढी पेन्सन भुक्तानी
- प्रत्येक वर्ष निःशुल्क वितरण गरिने ने.रु. १.२६ करोड बराबरको औषधीबाट १ लाख भन्दा बढी परिवारहरु लाभान्वित
- दुर्गम क्षेत्रमा बसोबास गर्ने भारतीय सेनाका भूतपूर्व गोरखा सैनिक र उहाँका परिवारलाई स्वास्थ्य सुविधा प्रदान गर्न वर्षैभरि स्वास्थ्य शिविरहरु सञ्चालन


आफ्नै मनलाई एकचोटि जोख्न खोजेँ
तिम्रो साम् पीडालाई पोख्न खोजेँ ।

हरायो विश्वास आफैले पुजेको ढुङ्गामाथि
त्यसैले त आस्थाको मूर्ति तोड्न खोजेँ

भेटियौ तिमी अकस्मात् छुट्टिने मोडमा
त्यहीँबाट आफूलाई जिन्दगीमा मोड्न खोजेँ

सधैँ हुन्थेँ भीडमा आज भएँ एक्लो
धेरै पछि बल्ल आफूलाई भेट्न खोजेँ

कुन दिन छ र छाती नचर्केको
आजै मात्र हो त्यसलाई जोड्न खोजेँ ।



ध्रुव मधिकर्मी

- *भक्तपुर*

कहिल्यै नडुब्ने गरी उदाएको मनभित्र घाम छ एउटा
समयले कहिल्यै मेट्न नसक्ने मनभित्र नाम छ एउटा ।

बिर्सन्छु बरु आफैँलाई बिर्सन सक्दिनँ उसलाई
सम्भना हो सम्भनाकै मनभित्र लाम छ एउटा

सर्त छैन पाउनै पर्छ निःसर्त माया गरिदिन्छु
मायाकै हस्ताक्षरले भरिएको मनभित्र खाम छ एउटा

मैलेजस्तै मलाई पनि सम्भन्छ होला ऊ पनि
विश्वासै विश्वासले सजिएको मनभित्र धाम छ एउटा

नदेखे पनि यी आँखाले छामैकै हुन्छन् ढुकढुकीहरूले
जता छाम्यो उतै ऊ मनभित्र गाम छ एउटा ।



सरस्वती 'प्रतीक्षा'

- *पोखरा*

भैगो छाड तिम्रा, कुरा नाना भाँति
झूटो बोल्नुभन्दा, नबोलेकै जाती ।

बेग्ला-बेग्लै बाटा, कति बने कति
एक पल्ट हेरौँ, कमिलाको ताँती


कैले हुन्छ अब, ख्याल समयको
मध्यान्न मै तिमी, बाली दिन्छौ बाती

दिनको उज्यालोमा, तारा कहाँ खोज्छौ ?
तारा मुस्कुराउँछ, अँध्यारोमा राती

गुनासो के गर्नु, अरूसँग अब
आफ्नै प्रिय मान्छे, बनेपछि घाती

दुनियाँका दुःख, जब देख्छु सामु
भित्र-भित्र कतै, दुख्छ मेरो छाती ।

❁




वन पाखा धाउँदाखेरि, असिनाले चुटयो फेरि
घरभित्र आउँदा पनि निष्ठुरीले कुटयो फेरि ।

मध्यरातको सपनीमा अलिकति हाँस्न खोजेँ
निद्राबाट ब्यूँझेपछि त्यही स्वप्न टुटयो फेरि

दुनियाँका सामु होइन एकान्तमा रुने गर्छु
पीडा धुने एकान्तको ऐले साथ छुटयो फेरि

कहाँसम्म धैर्य गरूँ, सहनुको सीमा हुन्छ
ऐना हो कि भाग्य मेरो, सधैँ जस्तै फुटयो फेरि

नाङ्गो बुङ्गो म त सधैँ शिशिरको रूखजस्तै
हरियाली चाहेको हुँ, चाह कसले लुटयो फेरि

अँध्यारोको सीमा-क्षेत्र कहाँसम्म हुन्छ हेरौँ
धिपधिप बल्ने बत्ती हेरी मनमा साहस जुटयो फेरि ।

❁


ललिजन रावल



घनेन्द्र ओझा

चढ्नलाई पो गाह्रो हुन्छ झर्नलाई भन्दा
बाँच्न अझै गाह्रो रैंछ मर्नलाई भन्दा ।

एउटा मुटु वारिपट्टि, अर्को पारि हुँदा
वारि बस्न गाह्रो, पारि तर्नलाई भन्दा ।

साथै भए केही हुन्न जस्तै दुःख पनि
साथ पाउन गाह्रो माया गर्नलाई भन्दा ।

घाम टऱ्यो, जून टऱ्यो, टर्छ जिन्दगी यो
उदाउन पो गाह्रो हुन्छ टर्नलाई भन्दा ।

❀

विगत ६ दशकभन्दा अघिदेखि निरन्तर पुस्तक प्रकाशनमार्फत पाठकहरूमाझ समर्पित हुँदै आएको संस्था हो रत्न पुस्तक भण्डार ।

आफ्ना हरेक प्रकाशनको गुणात्मकताप्रति हामी सदैव सजग छौं ।

*हाम्रो प्रकाशनका उत्कृष्ट केही पुस्तकहरू*

- जसको जोत उसको पोत (व्यङ्ग्यसङ्ग्रह) - विमल भौकाजी
- कागजमा दस्तखत (कथासङ्ग्रह) - नीलम कार्की निहारिका
- सुकरातका पाइला (उपन्यास) - डा. गोविन्दराज भट्टराई
- अग्निपर्व (अनुवाद उपन्यास) - भागीरथी श्रेष्ठ
- पच्चीस प्रतिभा भाग ४ (जीवनी) - गोपाल पराजुली
- कानूनी शब्दकोष (शब्दकोष) - टोपबहादुर सिंह
- स्वास्थ्यको आधार - सोमनाथ ढकाल

**रत्न पुस्तक भण्डार**

पो.ब.नं. ९८, ७१ 'ग' बैंक मार्ग, बागबजार, काठमाडौं, नेपाल
फोन नं. ९७७-१-४२२३०२६, ४२४२०७७, फ्याक्स ९७७-१-४२४८४२१

# शारदा गजल विशेषाङ्क

कैयौं मानिस देखें पशु समानको ।
उही दैत्य हिरण्य कशिपु समानको ॥

शिष्य बन्न अबेर गरेछु झैं लाग्ने
भेट्छु कति फेरि गुरु समानको ॥

मुखमा रामराम बगलीमा छुरा
साधु निक्ले नक्कली, डाँकु समानको ॥

भ्रमको पर्दा च्यातिएपछि थाहा भो
कुटुम्ब हुँदा रै'छन् शत्रु समानको ॥

दुनियाँको कल्याण मात्र सोच्ने
को होला खै प्रभु समानको ॥

❋



थियो यौटा संसार सानो उडायो हुरीले ।
मेरो घरको जग छानो उडायो हुरीले ॥

कस्तो दुर्भाग्य मुखसम्म लग्न नपाउँदै
मेरो मेहनतको मानो उडायो हुरीले ॥

समर्पण दर्शन मायालुकै अगाडि
राखेकै थें मुटुको चानो उडायो हुरीले ॥

हरपल निष्ठुरीकै याद दिलाइरहने
रुमाल थियो पुरानो उडायो हुरीले ॥

प्रकृतिले नि पछार्‍यो पिरतीले नि पछार्‍यो
मलाई बनाउँदै बिरानो उडायो हुरीले ॥

म हारेमा दुश्मनले मलाई भन्नेछन्
त्यो गजलकार फलानो उडायो हुरीले ॥

❋

*- छाङ्ग ४, पिपलटार तनहुँ*


रुपक वनवासी

नसोध किन पिएर आएँ च्यातियो छाती सिएर आएँ
मन् थियो यौटा मसँग बाँकी उनैलाई त्यो दिएर आएँ ।

चाहना थिए सपना थिए प्रेमको झोली भरेर आउने,
भएको माया उनैमा पोखें र त म झन् रित्तिएर आएँ ।

दुनियाँ छली दुनियाँ बस्थ्यो हामी दुईको जुन ठाउँमा,
पिएँ यी प्याला म त्यही ठाउँ मधुशाला सम्झिएर आएँ ।

घाम र जून हाँसो र खुसी भागबन्डामा उनीलाई परे,
अँध्यारो रात पीडा र आँसु मलाई परे लिएर आएँ ।

जाँदा त आशाको परिभाषा म हास्ने वाचा दिएर गएँ,
टुटेछ आशा सबै भन्दछन् म उदास देखिएर आएँ ।

सबै हेर्दथे दङ्ग पर्दथे इर्ष्या गर्दथे एक हुँदा त,
गुलाव हुँ म अब को हेर्छ पत्र-पत्र छुट्टिएर आएँ ।

*-रापाकोट ५, स्याङ्जा*



जय गौडेल

के याद गर्नु निद हराउने रातको कुरा
अवर्णनीय छ नपिई लाग्ने मातको कुरा ।

फैलियो नि प्रेम-रागको चर्चा सवत्रं नै
के कुरा हावा नचली हल्लने पातको कुरा

उदाएर अस्ताइजाने घाम-जूनजस्तो यहाँ
के सम्झनु मन दुखाउने खोटी खातको कुरा

जीवनको यात्रामा कोही पश्चिम कोही पूर्व
के साध्य हिसाव राखी छुट्टिजाने साथको कुरा

छक्कै परी बाँचेको छ 'रेशम' पनि दुनियाँमा
धिक्कारै छ जति मिल्दा नमिल्ने हातको कुरा ।

*- पो. व. नं. १३९०२, काठमाडौँ*



रेशमकुमार सुनुवार

एकान्तमा लुकी-लुकी जिन्दगी गाउँदै थियो गीत
शब्दहरूलाई छामी हेर्दा थियो भिजेको शीत ॥

यात्रा गरिरहेछु निरन्तर ज्योतिको खोजीमा
गन्तव्यमा पुग्दा सदैव हुन्छ अँध्यारोको जीत ॥

बाँचेको छु र बाँचिरहेको छु बाँच्नको लागि नै
खै कहिले मर्ने हो वास्तविक जीवनको धीत ॥

धूलपत्र जमिसकेछ सभ्यताको पहिचानमा
उल्टो अक्षको परिक्रमा बनेछ युगको रीत ॥

उत्साहहरूले साथ छोडेछन् बीच बाटोमा
सुस्केराहरू पो बनेछन् पुष्करको मीत ॥




पुस्कर माथेमा

ठडिन बिर्सिएका छन् आज हिमालजस्ता शिरहरू
बजारमा खुला बेचिन्छन् आज हीराजस्ता हीरहरू ॥

अराजकताले अँगालेको छ वर्तमान समयलाई
पराजय जिउँदैछन् आज पहराजस्ता वीरहरू ॥

आदर्श लुकाउँदैछ अँध्यारोमा आफ्नो अनुहारलाई
मूकदर्शक भएछन् आज सत्य बोल्ने कविरहरू ॥

षडयन्त्रको गन्धले छोपेको छ पवित्र सुवासलाई
आस्था र निष्ठाले पाएछन् आज तीरजस्ता पिरहरू ॥

पुष्कर खोज्दैछ मानिसको समाजभित्र मानिसलाई
अमूर्त बनिसकेछन् आजका मानिसका तस्बिरहरू ॥



भानु बोखिम

काठमाण्डौलाई कैले रोल्पाको घाउ नसोध्नू
सधैं हार्ने कालीकोट, डोल्पाको दाउ नसोध्नू ।

दिन रात रमझम गरेर नाच्छ सहर
तिनीलाई झुक्किएर विरानो गाउँ नसोध्नू

सधैं-सधैं अर्थहीन जीवन बाँच्दै मरेको
आफैंभित्र मूल्यहीन मान्छेको भाउ नसोध्नू

बस्तीहरू सधैं अभावभित्रै अल्झिन्छन्
यहाँ सुख दिलाउने विकासे नाउँ नसोध्नू

संघारमा जताततै आगोको लप्का सल्केथ्यो
कता जल्यो भनी फेरि डढेको ठाउँ नसोध्नू ।

❀

*- सिकैचा ३,ताप्लेजुङ्ग*



विपीन किरण

आएर किन व्यर्थै माया गरेर भाग्यौ
भाग्यौ तिमी त साँच्चै यो दिल हरेर भाग्यौ ।

यात्रा जहाँ म गर्थें आयौ र त्यै सफरमा
फुल्दै थियौ रहरमा ओइलिझरेर भाग्यौ

माया गरेर साथै बस्नेछु वर्षौं-वर्ष
भन्दै छल्यौ र आँखा टाढा सरेर भाग्यौ

मेरो हजारौं लाखौं शङ्का गरेर व्यर्थै
भाग्यौ कि वा कसैको वशमा परेर भाग्यौ ।

❀

*- धरान, सुनसरी*

सुस्तरी मन छोएर गयो वतास
एकान्तको साथी भएर गयो वतास ।

दु:खको पहाडसँग सामना गर्दा
हालत देखी रोएर गयो वतास

समयको पन्ना जसै पल्टियो
मुटुमा सदा रहेर गयो वतास

केही धब्बा देखिँदैन सगरमा
सारा मैलो धोएर गयो वतास

जता जता हुत्याउँछ समयले
उतैतिर वहेर गयो वतास

स्फुर्ति जाग्दै आयो मुर्दा शरीरमा
कुन्नि के के कहेर गयो वतास ।

※





ईश्वरी कार्की 'वर्षा'

सायद यस्तो हुनु थियो र नै हाम्रो भेट भयो
तिमी सम्झी रुनु थियो र नै हाम्रो भेट भयो ।

न भमराको दोष हो या न फूलैको दोष हो
मुर्झाएर कुहुनु थियो र नै हाम्रो भेट भयो

सजाएँ भन्थ्यौ आँखामा ईन्द्रेणी सपना
पानी बनी चुहुनु थियो र नै हाम्रो भेट भयो

बेदाग छैन वसन्त र शरद पनि अब
मैलो सबै धुनु थियो र नै हाम्रो भेट भयो

आगोसमीप घिउ राखे पग्लनुको के दोष
आगोलाई छुनु थियो र नै हाम्रो भेट भयो ।

※

*- मैतीदेवी, काठमाडौँ*

जीवन जीवनसित यहाँनेर मेल भए कसो होला
आँधी आँधीबीचको त्यस्तो खेल भए कसो होला ।

खोइ जीवनलाई कसरी परिभाषित गर्ने हो
परिभाषित भूमिकालाई बाँध्ने नेल भए कसो होला

कस्तो होला खै तिम्रो सामीप्य बुझ्नै नसक्ने
सामीप्य उपहार राख्ने कुनै जेल भए कसो होला

मात्र तिमीले चाहनु पर्छ आउँछन् हजार दाउ
तिम्रो कारोवारको बीचमा पनि कुनै झेल भए कसो होला

आँधी आँधीबीचको त्यस्तो खेल भए कसो होला
जीवन जीवनसित यहाँनेर मेल भए कसो होला ।



कासीराम विरस

वेदनाले पोलिरह्यो झरी परेको रात
भित्र छाती जलिरह्यो झरी परेको रात ।

टुटेपछि जिन्दगीको तार तानाबाना
विरहको राग बढ्यो झरी परेको रात

नसकेर पारि तर्न अल्झिरहेँ'छु यतै
भत्केपछि मनको पुल झरी परेको रात

किनारामा अल्झिरा'को मेरो रातो रुमाल
लग्यो होला बाढी आई झरी परेको रात

तिम्रो याद बल्झाएर तमोर सुसाउँदा
रातभरि रोइरहेँ झरी परेको रात ।

\- *पाँचथर*



शकुन्तला जोशी

फुलेन शान्तिको फूल अझै
गर्दैछन् कसैले भूल अझै ।

सुनौलो एकता गयो कता ?
दुख्दैछ पुरानो सूल अझै ।

भोलिको नेपाल होला कस्तो ?
घटेन विद्रोही हूल अझै ।

रोपेर सपना के भो हिजो ?
फुट्दैछ दुःखको मूल अझै ।

चुचुरो पुगियो भन्छन् कोही
तर्नुछ साँघुरो पुल अझै ।

❀




मनको आगो बाल्यौ यसै
सम्बन्ध आज गाल्यौ यसै ।

भुलेर बस्दा व्यथा मैले
दयाको मूल टाल्यौ यसै ।

दम्भको माला उन्दा-उन्दै
जवानी आफ्नो फाल्यौ यसै ।

सगर जित्ने लक्ष्य खै त ?
ज्यूँदो साहस ढाल्यौ यसै ।

कसरी हाँस्नु 'उजु' अब ?
घाउमा नून हाल्यौ यसै ।

❀

*- कपुरधारा, सामाखुशी/काठमाडौँ*


उज्ज्वल जी.सी.

खुकुरी डरायो, अचानोमा धार देखेपछि
लास सल्बलायो जिन्दगीमा सार देखेपछि ।

फूलले बिर्सिन्छ मालीलाई दुईचार दिनमै
सम्झिन्छ आखिर वरिपरि झार देखेपछि


कुवाको भ्यागुतो आफूलाई ठान्दैथ्यो सर्वज्ञ
चाउरिक्क पर्‍यो बाहिरको संसार देखेपछि

चोट जति सबै पैतालाले पायो दौड जित्न
जुत्ता छक्क पर्‍यो टीका थाप्ने निधार देखेपछि

अवश्य आँधीमा दीयो निभ्छ-निभ्छ भन्नेहरू
अचम्ममा परे, आगोमा विचार देखेपछि ।

❋





मनोज न्यौपाने

जस्तो हुन्छ आकाशमा जून नहुँदा
त्यस्तै हुन्छ बाँसुरीमा धुन नहुँदा ।

तरकारी जतिसुकै मीठो बनाऊ
सबै स्वाद फिका हुन्छ नुन नहुँदा

बाँचे पनि मरेतुल्य भइँदो रै'छ
शरीरमा रातोतातो खुन नहुँदा

'बैगुनको साटो गुन' गर भन्दिनँ
चित्त दुख्छ गुनको साटो गुन नहुँदा

छक्क पर्‍यो, सुनारेकहाँ पुगी भिखारी
चोरी ल्या'को सुन पनि सुन नहुँदा ।

❋

*- विराटनगर, मोरङ*

घुम्टोले ढाकिएको त्यो मुहार कस्तो होला ?
जनतन्त्रको त्यो नौलो अनुहार कस्तो होला ?

सय चोटले 'सुनार'को, न त सक्छ रूप बदल्न
एक चोट मै बदल्ने त्यो 'लुहार' कस्तो होला ?

जब कोटीकोटी जनको यो आवाज हुन्छ यौटै
तब एकमुठी जनको त्यो गुहार कस्तो होला ?

झलमल्ल घाम लागोस्, अनुहारमा सबैको
रक्तिम बिहानी ल्याउने त्यो जुहार कस्तो होला ?

❋




हुने थिएन गीत मीठो राग नभै दिए ।
फिका हुन्छ जून पनि दाग नभै दिए ।

जन्मन्नथे यो धर्तीमा मार्क्स-बुद्ध-कबिर
मनको कालो गुफाभित्रै चराग नभै दिए ।

रुक्ने छैन यो शृङ्खला संहारको अझै
घना जङ्गलबीच कतै बाग नभै दिए ।

कस्तो होला हाल दाजै भोलि नेपालीको ?
विश्वसामु नेपालको नाक नभै दिए ।

❋


रवि प्राञ्जल



अँजुलीमा विष लिएँ आँत्तिएर आज
आफैँलाई पिउँदैछु मात्तिएर आज ॥

सोधिरै'छु एउटा प्रश्न- अझै जिउँदो रै'छ-
के पो रै'छ माया लाउनू ? च्याँत्तिएर आज ॥

महसरि वैंश थियो चाट्नुसम्म चाटयौ
माया लाउने बहानामा पात्तिएर आज ॥

हुरी रै'छ तिम्रो माया चालै पाइएन
कतातिर लम्किदियो टाँस्सिएर आज ॥

नपिउनू है मैलेजस्तो आफ्नै जिन्दगानी
वैंश अझै बाँकी होला आँत्तिएर आज ॥

❋

यादव थपलिया

---

हिँड्न खोज्दा आकाश खसोस् अनि पो त मजा हुन्छ
थोरै पीडा मनमा पसोस् अनि पो त मजा हुन्छ ।

सबै प्यारा, स्नेही भए रमाइलो हुने छैन
लुक्दै कोही छुरा धसोस् अनि पो त मजा हुन्छ

देखेजति सत्य भए निरस हुन्छ जिन्दगानी
उसले प्रेमको रङ्ग घसोस् अनि पो त मजा हुन्छ

सुन्दर फूलले ध्यान तान्छ, त्यसमा के अनौठो भो र ?
काँडामाथि यो मन बसोस् अनि पो त मजा हुन्छ

जिन्दगीको जालभित्र कति पर्नु आफैँ मात्र
मेरो जालमा कोही फसोस् अनि पो त मजा हुन्छ ।

❋



विभोर बराल

*- टंगाल, काठमाडौँ*

तिमीले सोचेजस्तो मात्र हुँदैन है
तिमीले खोजेजस्तो मात्र हुँदैन है ।

जति कुराहरू पाइन्छ जिन्दगीमा
तिमीले रोजेजस्तो मात्र हुँदैन है

स्पर्शको अनुभूति बेग्ला-बेग्लै हुन्छ
तिमीले छोएजस्तो मात्र हुँदैन है

विरही गीतको भाषा फरक हुन्छन्
तिमीले रोएजस्तो मात्र हुँदैन है

अनौठो छ है परिभाषा जीवनको
तिमीले भोगेजस्तो मात्र हुँदैन है ।





कुन्दनकुमार पन्त

गरिबलाई जिन्दगीमा ठूलो भन्नु नोट भयो
नेताजीलाई जिन्दगीमा ठूलो भोट भयो ।

इमान्दारलाई वेइमानको सङ्गतले नै विगार्‍यौ है
सज्जनलाई अभिशाप नै उस्को सानो खोट भयो

हावा, पानी, माटो हो कि ! बीउ नै पो खराब हो
राम्रै विरुवा रोपे पनि आज विषको बोट भयो

जिन्दगीमा कति नयाँ लुगाहरू लगाइयो
आखिर जाडो टार्ने भने पुरानै त्यो कोट भयो ।

*- पकनाजोल*

यी उकाली यी ओराली कति धेरै जिन्दगीमा
तर्नुपर्ने सेतीकाली कति धेरै जिन्दगीमा ।

दुई दिन बाँच्नु पनि अरूको नै सहारामा
फूल यौटै तर माली कति धेरै जिन्दगीमा ।

कैले मौन, कैले डाक्छ, कैले हाँस्छ, कैले रुन्छ
याम यौटै तर बाली कति धेरै जिन्दगीमा ।

तीललाई पहाड नै बनाउँछन् मान्छेहरू
गल्ती यौटै तर गाली कति धेरै जिन्दगीमा ।

कतिलाई पूजा गर्नु कतिलाई रिझाउनु
चौता यौटै तर थाली कति धेरै जिन्दगीमा ।

❀

*- चिकित्साशास्त्र अध्ययन संस्थान*
*महाराजगञ्ज, काठमाडौँ*



कमल क्षेत्री

क्रान्तिगगन जग्मगाउँछ तारा रगतको
मूल्य पक्कै भेटिनेछ सारा रगतको ।

टीका लगाई रगतको रक्षा गर्न जगतको
यै माटोमा बगेको छ धारा रगतको

पेट हाम्रो सारङ्गी भो जिउ शिशिर ऋतु
किर्ना झार्न लगाइयो नि सारा रगतको

जसको जोत उसको पोत कहिले हुने हो
जीत हुनुपर्छ कर्म-हारा रगतको

'कटु' सत्य बक्नैपर्छ ऋण साँच्चै तिर्नैपर्छ
कहिले तिर्ने चुप लागि भारा रगतको ?

❀

*- समिभञ्ज्याङ्ग ५, लमजुङ*



रुपिन्द्र प्रभावी 'कटु'

चारैतिर धूवैँधूवाँ पिरो लाग्यो जिन्दगानी
ऊ जूनीमा तिर्न बाँकी तिरो लाग्यो जिन्दगानी ।


उदासीका हरेक प्रहर छातीभित्रै लुकाइराखेँ
तर आज वेदनाको चिरो लाग्यो जिन्दगानी

आफन्तको न्यानोपनमा सेकाएर राखूँ भन्थेँ
ताप्न खोज्दा हिउँदको ठिरो लाग्यो जिन्दगानी

यति ठूलो संसारमा हाँसी खुसी जिऊँ भन्थेँ
आँसुभित्र पौडिएको किरो लाग्यो जिन्दगानी

बालुवाको सहरजस्तो पटचारलाग्दो शून्यतामा
हिसाब खोज्दा आजसम्म जिरो लाग्यो जिन्दगानी ।

❀



चौबाटोमा उभिएर क्षितिजतिर हेर्दैछु म
आफैँलाई बन्दी बनाई आफ्नै सहर घेर्दैछु म ।

रोप्न मात्र जानेको छु सपनाका बीउहरू
फुल्नै नपाई उखेलेर नयाँ बोट फेर्दैछु म

धर्तीभन्दा माथि देख्छु जिन्दगीको हरियाली
छातीभित्र सिस्नुजस्तो पोल्ने कथा बेर्दैछु म

नयाँ आकाश भेटेँ भन्दै तुवाँलोमा रमाउँछु
नभेटेर खाली ठाउँ आफैलाई केर्दैछु म ।

❀



गीता त्रिपाठी

मैले देख्दा द्रौपदीको छरपष्ट केश थियो,
कुरुक्षेत्र भविष्यको यौटा महान् देश थियो ।

मागेको त पाण्डवले इन्द्रप्रस्थ मात्रै हो नि
भीष्म, द्रोण दुवैको नै हृदयमा क्लेश थियो

शोक गर्न धनुर्धारी अर्जुनले थाले तर
कृष्णजीको मस्तिष्कमा मान्छे चाल्ने चेस थियो

जो-जो जता लागे पनि युद्धारम्भ भएपछि
प्रतिशोध पूरा गर्ने भव्य परिवेश थियो

कोरवले साडी तान्दा बेश्या बन्न नखोज्ने ती
पाञ्चालीको छद्म-शक्ति संग्राममा शेष थियो

युद्ध हुँदा पक्ष अनि विपक्षको कवचभैँ
कविराज भन् त अब तेरो कस्तो भेष थियो ?

❋



यौटा गजल लेखैं आज मात्र तिम्रै लागि,
आस्थाप्रति मान्छे किन बन्छ अनुरागी ।

कलमले विद्रोहको आगो जब पोख्छ,
राज्य अनि भन्न थाल्छ यो मान्छे हो वागी,

सिद्धान्तका सपनाले जति घेरे पनि
लथालिङ्ग देख्छु देश विपनामा जागी

नेताजीले कसे भने बेलायती सूट,
जनताका भागमा त पर्दो रै'छ खागी

❋



कविराज पोखरेल

*- नेपाल बैंक लि. सिटी अफिस, विराटनगर*

छुट्टिनै थियो त किन हात बढायौ ?
धड्किँदो मुटुमा फेरि घाउ लगायौ ।

छुटेपछि साथ हिँड्थैं एक्लो-एक्लो,
लड्खडाएको बेला तिमीले समायौ ।

संसारै लाग्दथ्यो अँध्यारै-अँध्यारो,
जीवनको अर्थ त उज्यालो बतायौ ।

कहिले जिस्किएर कहिले ठुस्किएर,
जे जसो गरे नि मायाले सतायौ ।

रमाएथैं केही दिन, अवस्था पुरानै,
रुवाएर 'व्याकुल' शत्रुलाई हसायौ ।




व्याकुल पाठक

कति शपथ खान्छौ जनताको नाममा ?
कहिले गोली हान्छौ जनताको नाममा ।

अधुरै रोकियो आन्दोलनको आँधी,
कति भूठ बोल्छौ जनताको नाममा ?

बचावटका लागि उभ्याई सहिदलाई,
कतिञ्जेल यो धान्छौ जनताको नाममा ?

अझै छ टाढा लोकतन्त्र र गणतन्त्र,
कुनचाहिँ छान्छौ जनताको नाममा ?

जब पाउँछौ सत्ता देख्छु चिल्ला गाला,
कहिले सती जान्छौ जनताको नाममा ?

byakulpathak@yahoo.com



सरस्वती शर्मा 'जिज्ञासु'

काटमारको खबर सुनी रुन्छु म त सधैँ
शान्ति छायो हर्ष-बिभोर हुन्छु म त सधैँ ।

शुभ भाव राख्छु मनमा विश्व एकै देख्छु,
एउटै तान्मा सबै आत्मा बुन्छु म त सधैँ ।

नेपालमा शान्ति छायो ऐतिहासिक भयो,
अशान्तिको आँधी आए धुन्छु म त सधैँ ।

दृढता र आत्मा विश्वास बढाएर मैले,
सफलताका क्षणहरू चुम्छु म त सधैँ ।

स्वाभिमानी विचार छ चाकडीवाद हैन,
स्वावलम्बी माला मात्र उन्छु म त सधैँ ।

दु:ख-सुख, हाँसो-खुशी परिवर्तनसँगै,
मनका सारा व्यथाहरू धुन्छु म त सधैँ ।

* - *पर्वत*



धीरज गिरी 'कल्पित'

एकान्तमा हुँदा आज, याद आयौ तिमी
यो मनमा छ है राज, याद आयौ तिमी ।

आँखामा जब नाचे, विगतका ती पल
थियौ पूरै गाउँकै ताज, याद आयौ तिमी

धनले त कहिले जातको बन्धनले
तगारो हुँदा समाज, याद आयौ तिमी

मझधारमा पुऱ्याई, बाचा बन्धन तोडी
छाडिजाने धोकेबाज, याद आयौ तिमी

मिलन जब विछोडमा परिणत भयो
आफूसँग नहुँदा काज, याद आयौ तिमी

* - *हलेसी खोटाङ*

तिमी भन्छचौ गाह्रो भयो अब घरवार जोड्नुपर्छ
मैले अब झिसमिसेमै बाटो अन्तै मोड्नुपर्छ ।

घरवार जोड्नु मात्र यहाँ जिन्दगानी हैन प्रिय
अजम्बरी हुन्न मान्छे एक दिन धर्ती छोड्नुपर्छ

चारो देखाइ रात दिन हड्डी घोट्न लगाइरने
सामन्त र शोषकसँग सबै नाता तोड्नुपर्छ

माफ गर मेरी प्रिय मैले तिमीलाई राखूँ कहाँ
क्रान्तिका ती ज्वालासँग मैले नाता जोड्नुपर्छ ।

❋



जब जून देख्दछु रातमा उही याद त्यो अनि बोक्दछु
तब दुख्छ यो मन यादले दिल धड्किँदा बह पोख्दछु ।

न छ आश क्यै न उमङ्ग क्यै न सवाल क्यै न जवाफ क्यै
तर सम्झना छल गर्छ यो अनि पीरकै बीज रोप्दछु

उही हाल यो उही चाल यो उही रूप यो उही ढङ्ग यो
सब सोद्धछन् किन हाल यो म अझै उही दुःख जोख्दछु

अब नीदले पनि छोड्दियो सपना कहाँ छ र देख्दथेँ
यही कोठरी र दिवारमा हरपल् सधैं मन ठोक्दछु ।

❋



हेमन्त विवश

*- शंखमूल, काठमाडौँ*

आएर हावा लाइदेऊ न माया तोडेर शब्दलाई
गाएको गजल सुन्दै छु तिम्रो मोडेर शब्दलाई ।

मायाले पोल्दा असिना पर्दा झन् मुटु दुःखायो
निर्मल त्यो मनमा बसेर हेरें जोडेर शब्दलाई

नेपथ्य बोल्छ किनिहाल कात्रो मृत्युको काखमा
आफन्त साइनो खै कता पुग्यो ओढेर शब्दलाई

निमुखा भए बजार सारा पापी पैसाको खेलमा
नसक्नु रै'छ जलाउन सलाईं कोरेर शब्दलाई

हिमाल हाँस्दा जून मुस्कुराउने देशमा जन्मेर
कोमल गजल सक्तिनँ लेख्न फोरेर शब्दलाई ।





वियोगी बुढाथोकी

चोखो कमाइ धानी राख्न खेत खनेको छु
देशको लागि केही गर्न धोको पालेको छु ।

कोदालो भो मेरो कलम खेतभरि लेख्छु
कति उठे हातमा ठेला भनी गनेको छु

हिलो, धुलो आफ्नो भागको कमाई भएपछि
मैलिएला होस गर तिमीलाई भनेको छु

गाई गोठालो भकारो भई कति गन्हाउनु
घाँस, दाउरा, मेलासँग नाता तानेको छु

मनको पीर दौडिएर जान्छ भीरै भीर
तीरको पीर हटाउने प्रभु मानेको छु ।

prabhu@nmcth.edu



ख्वाब ये दो चार बस ।
और क्या संसार बस ॥

है मजें में जिंदगी
हर तरफ से वार बस ॥

सब लिखा तकदीर में
तु निभा किरदार बस ॥

आदमी सौदा हुआ
रह गया बाजार बस ॥

जिंदगी क्या माँगती
इक जरा सा प्यार बस ॥

*(साभार : साकिप्य अमृत)*

**भारत भूषण आर्य**



कुछ नमक से भरी थैलियाँ खोलिए ।
फिर मेरे घाव की पट्टियाँ खोलिए ॥

मेरे पर तो कतर ही दिए आपने
अब तो पैरों की ये रस्सियाँ खोलिए ॥

पहले आहट तो पहचानिए सही
जल्दवाजी में मत खिड्कियाँ खोलिए ॥

भेज सकता है कागज के वम भी कोई
ऐसे झट्के से मत चिटिठयाँ खोलिए ॥

जिसको बिकना है चुपके से बिक जाएगा
यूँ खुलेआम मत मण्डियाँ खोलिए ॥

*(साभार : हिन्दुस्तानी गजल, सं.- कमलेश्वर)*

**ओमप्रकाश यती**

सप्रिन्थ्यो कि आकाश त्यो, जून भए देखि
राम्रै हुन्थ्यो बाँसुरीमा, धून भए देखि ।

बग्थ्यो होला पसिना सायद हात भरि
शरीरभित्र तातो - तातो खुन भए देखि

हरेक दिन फूलेकै छन् फूल थरी - थरी
सबै फूल मग्मगाउँथे, गुन भए देखि

पित्तल हो रे 'सिन्धु' सधैँ मिल्काए हुन्छ
हुन्थ्यो होला कुनै भाउ, सुन भए देखि ।





सबिना सिन्धु

खेलिएका सबै खेल, बाजी हुँदैनन्
पसलका सबै माल, साझी हुँदैनन् ।

बाटोहरू खोज्दै हिँडे पाइतालाले
जताततै टेक्न किन, राजी हुँदैनन्

जिन्दगीको डुङ्गा खियाउन जान्ने
सबै जना असल, माझी हुँदैनन्

सङ्घर्ष हो जिन्दगानी, भिड्न जान्नुपर्छ
ठक्कर खाई लड्ने, सबै लाछी हुँदैनन् ।

\- *कपिलाकोट, सिन्धुली*

अलिकति आगोको राप सहेर बाँचेको छु
अलिकति पीडाको ताप सहेर बाँचेको छु ।

उड्न खोज्छ मन यो कताकता पुग्न खोज्छ
अलिकति आँधीको चाप सहेर बाँचेको छु ।

थोरै-थोरै हाँसो अनि थोरै-थोरै गुनासो पनि
अलिकति मनको सन्ताप सहेर बाँचेको छु ।

खुसी दिने भाग्य पनि निष्ठुरी पो बनिदियो
अलिकति जीवनको अभिशाप सहेर बाँचेको छु ।

गरिबले त सपना पनि देख्नुहुन्न रै'छ हजुर
अलिकति भूलको पश्चाताप सहेर बाँचेको छु ।

दुःख पीर मलाई भो सुख सबै तिमीलाई नै
अलिकति नियतिको सहिछाप सहेर बाँचेको छु ।

❀





रत्न प्रजापति

कतै बन्दुकको नालमा छ कतै खुकुरीको धारमा छ
के भनूँ खोइ म यो जिन्दगी सधैँभरि मारमा छ ।

आफ्नै लागि जल्नुपर्छ कहिले अरूका निम्ति बल्नुपर्छ
छुँदैमा पनि जलाउने जिन्दगी बिजुलीको तारमा छ ।


जिउनु सार्है कठिन भा'छ स्थिति अति घातक छ
बोल्न अनि चल्नै नहुने जिन्दगी मौरीको घारमा छ ।

पीडा छ दुख छ तैपनि मनभित्र अटल विश्वास छ
आँखाभरि सपना बोकेको जिन्दगी कठिन बारमा छ ।

हजारौँ सपना दाउमा राखी जीत पर्खिरहेछु म
बाजी जित्ने आशमा जिन्दगी अझै पनि हारमा छ ।

❀

*- खरीबोट, लोकन्थली / भक्तपुर*



बलराम दाहाल

उषाझैँ खुलेको बिहानी अनौठो
तिमीले रचायौ कहानी अनौठो ।

थियो याद तिम्रो मनैमा बसेको
समेटी बग्यो जिन्दगानी अनौठो ।

रुझाई परेली उता आँसु बग्दा
यता भिज्छ मेरो सिरानी अनौठो ।

कसैले नदेख्ने कसैले नभेट्ने
मनै यो जलेको खरानी अनौठो ।

तिमीले त नाता चुँडाली गयौ नि
म भुल्नै नसक्ने छ बानी अनौठो ।

❋

*- दोलखा सुन्द्रावती*


के तपाईंको फोन छैन ?
एस.टी.डी./आई.एस.टी.डी. छैन ?
चिन्ता नलिनुहोस्, तपाईंका लागि

**EASYCALL**

ANY PHONE ANY WHERE

1650

रू.२००।-, रू.५००।- र रू. १०००।- का प्रिपेड कलिंग कार्डहरू प्रयोग गर्नुहोस् ।

नेपाल टेलिकम

जीवन चलेको छ डुङ्गा तारेर माझीदाइ
खोलाछेउ आफ्नै जीवन खारेर माझीदाइ ।

अनेक अनुहारबीच खुशीहरू हेर्ने गर्छौ
किन बसेको तिमी मन मारेर माझीदाइ

तार्नसम्म तार्‍यौ सबैको जीवन तार्‍यौ तिमीले
आफू चाहिँ बसेछौ खाजा टारेर माझीदाइ

कस्तो व्यथा बल्झियो सबैको व्यथा टार्नेलाई
अल्झियौ खोलाबीच डुङ्गा पारेर माझीदाइ

सबैलाई तार्दातार्दै के भुलेछौ कुन्नि तिम्ले
सम्झी-सम्झी रोयौ नि आँसु झारेर माझीदाइ ।

❋



कालो रात ढाल्छु भन्ने विश्वास कहाँ गो
दीप नयाँ बाल्छु भन्ने विश्वास कहाँ गो ।

एउटै हो भन्थ्यौ रगत तिम्रो र उस्को नि
काँधमा काँध हाल्छु भन्ने विश्वास कहाँ गो

कानून सबैलाई हुनेछ बराबरी नै
कदम त्यो चाल्छु भन्ने विश्वास कहाँ गो

गाउँदेखि सहर बनाउने बेलामा
भत्क्या आली टाल्छु भन्ने विश्वास कहाँ गो

साम्यवाद ल्याउँछु भन्यौ चाला उस्तै देखेँ
मनको मैला फाल्छु भन्ने विश्वास कहाँ गो ।

❋



दिनमान गुर्मछान 'दिगु'

*मैथली गजल*

## *शारदा* गजल विशेषाङ्क

कोन अचरज जे दिन कारी बनि गेल
दुराचारी जखन सदाचारी बनि गेल ॥

ककरा दुसु शोषकके की शोषितके
सहब जखन पिडीतक लाचारी बनि गेल ॥

निज गृह अछैत गृहपतिक नै कोनो मान
मुदा बहरिआ बहरेसँ अधिकारी बनि गेल ॥

मनुक्खक मोजर कहु केओ देत कोना
पाथरे पूजन जखन धर्मक ठेकेदारी बनि गेल ॥

आन्हर-बहिरसँ जँ भरल हो नगर-डगर
तखन गोहरएवाक ठेकाने कहाँ रहि गेल ॥

भोगबाक जतबा अछि लिखल कपारमे
बुझाईछ अन्तहीन नियतिए बनि गेल ॥

❋



डा.गङ्गाप्रसाद अकेला



*नेपाली अनुवाद*

कुन आश्चर्य भयो जब दिन नै कालो भैसक्यो
दुराचारी नै जब सदाचारी भैसक्यो ।

कसलाई सराप्ने शोषकलाई कि शोषितलाई
सहनु नै जब पीडितहरूको लाचारी भैसक्यो ।

निज गृह हुँदाहुँदै गृहपतिको नै छैन कुनै मान
तर बाहिरिया नै बाहिरैबाट अधिकारी भैसक्यो ।

मानिसको महत्त्व भन कसैले किन दिन्छ
ढुङ्गा पुज्नु नै जहाँ धर्मको ठेकेदारी भैसक्यो ।

अन्धा बहिराहरूले नै जब भरिएको छ नगर र बाटो
तब गुहार गर्ने ठाउँ नै कहाँ रह्यो ।

भोग्न जति लेखिएको छ जिन्दगीमा
लाग्दछ त्यो अन्तहीन नियति नै भैसक्यो ।

❋

पहिलो पल्ट भेट हुँदा गजल लेखें
नजरमा नजर जुध्दा गजल लेखें ।

आँखै-आँखाको इशारामा कुरा बुझियो
यो मुटुले त्यो मुटु छुँदा गजल लेखें ।

काँडा भई बिझ्यो पीडा यो छातीभित्र
एकान्तमा मन रुँदा गजल लेखें ।

मभित्र-भित्रको चोट अझै ताजा नै छ
पखाल्न भनी घाउ धुँदा गजल लेखें ।

रूखको हाँगामा बसेर पिरती गाँस्दै
चखेवाको जोडी एक हुँदा गजल लेखें ।




जुन बिहान शीत खस्यो पातमा
धेरै रोएको थिएँ बितेको रातमा ।

पुरानो घाउझैं पीडा बल्झेकै छ
मुटु परेको छ घात-प्रतिघातमा ।

चन्द्रमामा पनि दाग लागेकै छ
ठूलै रै'छ खोट मायालुको जातमा ।


बाँच्नुको कुनै आधार त हुन्छ नै
लिएको छु तिम्रै सम्झना साथमा ।

जानी नजानी पनि गल्ती हुन्छ
तिमी ठुस्कियौ सानो एकै बातमा ।



दिव्य गिरी

- टीकाथली ५, ललितपुर



सुरेश सुवेदी


परेलीले यी आँसुका बूँद उन्छ्यौ कि मजस्तै
सापटी लग्यौ मबाट आँसु रुन्छ्यौ कि मजस्तै ।

पथ्थरलाई मानिसै ठानी उसैको मुटुको
ढुकढुकीभित्र हुन्छु कि भनी सुन्छ्यौ कि मजस्तै

सुन्यता पनि ठानेर आफ्नै मान्छेको आकृति
अँगालो हालिरहेकी कतै हुन्छ्यौ कि मजस्तै

तलाउनेर बसेर एक्लै जुनेली रातमा
अँगालो हालिरहेकी कतै हुन्छ्यौ कि मजस्तै

❁



प्रभाती किरण

रात यो निखिने आशमा बाँच्नु छ
भत्किने स्वप्नको रासमा बाँच्नु छ ।

घाउको के कुरा दर्दको के कुरा
भर्छ को ? चल्छ यो सासमा बाँच्नु छ ।

दैव देख्ने कुरा छैन बाँकी कुनै
सौख ज्यादा कतै गाँसमा बाँच्नु छ ।

सोच्दथें एकदिन् पुर्पुरो बल्दछ
निभ्न थाल्यो सदा त्रासमा बाँच्नु छ ।

भाग्य लेख्ने स्वयम् लर्बरायो कतै
छेउ खोला बरै, प्यासमा बाँच्नु छ ।

शूलको के कुरा ? घोप्दथ्यो फूलले
मर्छ विश्वासको लासमा बाँच्नु छ ।

छालमा दर्दको हेलिँदै जिन्दगी
अर्थ हो बाँच्नुको खासमा बाँच्नु छ ।

❁ *- दाङसिङ ६, नुवाकोट*

आधी आँखाको आधी-मात लाग्यो ।
लुटेराहरूमाझ चोरी-बात लाग्यो ॥

पिउन सक्दिनँ अझै आँखाको नशा
सायद त्यसैले आरोप-खात लाग्यो ।

वर्षे-भेलसरि नझार आँखाबाट मोतीहरू
विना तिमी दिउँसै औंसी-रात लाग्यो ।

सुटुक्क आफैं धडकन चोरी गएथ्यौ
दोषहरू मेरै कलेजी-आँत लाग्यो ।

पलपल हरपल तिमी टाढा टाढा जाँदा
सम्झनामा तिम्रै माया-साथ लाग्यो ।




झरिदिन्छन् आँखाबाट भक्कानिएर शूलहरू
एउटा हैन दुःख आउँछन् बाँधिएर हूलहरू ।

किन आउँछौ नजिक तिमी फेरि टाढा जान
सम्झनामै भास्सिएलान् मितेरीका पूलहरू

आफैं किन हिँड्यौ तिमी जूनेली रातमा
अलिअलि शरमका उठाएर झूलहरू

किन बाँध्यौ नाता तिम्ले काँचो धागोमा
फेरि किन बोकी हिँड्यौ प्रचारका तूलहरू

जाती होला बिर्सनु, तीता-मीठा अतीतलाई
आऊ न फेरि छरौं माया-प्रेमका फूलहरू ।



सानुराजा अञ्जान
anjaan143@gmail.com



दिल पौडेल

बाँसुरीको धुन मीठो
पूर्णिमाको जून मीठो ।

इन्द्रेणी सपना थियो;
पसिनाको सुन मीठो

सुकुम्बासी बस्तीलाई
बसोबासको गुन मीठो

मुक्तिको उद्घाटनमा
तानाशाहको खून मीठो

सहिदको बाटो हिँडी
खानदेऊ नुन मीठो ।

*

*- सिन्धुली*



भरत भारद्वाज

मैले चाहे यौन हिंसा हुन्छ उप्रान्त हनिमूनका कुरा नगर
मैले नचाहे सृष्टि शून्य हुन्छ, उप्रान्त कानूनका कुरा नगर ।

मर्द कहिले पछि सर्दैन तिमी कहिले अघि बढ्दिनौ
मैले चाहे मेरो भूल हुन्छ, उप्रान्त तरुणका कुरा नगर

म त उज्यालोमै छु अन्धकारमा तिमी छौ
मैले छोए दाग लाग्छ, उप्रान्त जूनका कुरा नगर

कहिले चामलसँग हुन्छौ कहिले मकैसँग हुन्छौ
मैले पिने पाप लाग्छ, उप्रान्त धूनका कुरा नगर

*

हामीलेभैँ माया गरी जिएर त हेर
आँखाको त्यो नशालाई पिएर त हेर !

मायालुको नजरभित्र रङ्गीन हुन्छ दुनियाँ
फाटेका ती मनहरू सिएरे त हेर

पीडा पनि मीठो हुन्छ मायामा रङ्गिँदा
मायालुको यादमा तड्पिएर त हेर

मुटुभरि मायाको संसार उदाउने छ
आँखा बन्द गर अनि सम्भिएर त हेर

हामीलेभैँ माया गरी जिएर त हेर
आँखाको त्यो नशालाई पिएर त हेर !

❋





रोशनी खनाल

सम्भौतामा धेरै टाढा हुँदै-हुँदै बाँच्यौँ हामी
हाँसेर त कहाँ हो र रुँदै-रुँदै बाँच्यौँ हामी ।

दिन त त्यसै बिते पनि एक्लो रात बिभाउँदा
एक अर्काका तस्बिरहरू छुँदै-छुँदै बाँच्यौँ हामी

हुल बाँधी आउँछन् ती सम्भनाका लहरहरू
पीडा बढ्यो अनि आँसु प्युँदै-प्युँदै बाँच्यौँ हामी

समाजले हामीलाई गर्नुसम्म बद्नाम गऱ्यो
कलङ्कका दागहरू धुँदै-धुँदै बाँच्यौँ हामी

सम्भौतामा धेरै टाढा हुँदै-हुँदै बाँच्यौँ हामी
हाँसेर त कहाँ हो र रुँदै-रुँदै बाँच्यौँ हामी ।

❋

*- गजलगृह नेपाल, काठमाडौँ*

हिउँ पग्ले हिमनदी बन्छ सङ्लो पानी-पानी
त्यै पानीमा आफ्नै रूप किन देख्छु जानाजानी ।

दुई किनारा उभिएर शान्त तलाउ हेरिरा'छु
मेरो विम्ब तिम्रो लागि भयो आज जिन्दगानी

प्रकृतिको फूललाई सजाएर राखेँ आज
त्यही फूल मेरो लागि भएकी छे मनकी रानी

हाँसी-हाँसी रमाएर खुसी प्याला भर्दैछु म
त्यही प्याला पिउँदाखेरि गरेँ प्रेमल कुराकानी

सम्झिएर बस्न देऊ विपनामा कैलेकाहीँ
सपना त झस्किएछ देख्दैछु म त्यो बिहानी

'सुनील'ले के-के देख्यो हिमनदी बग्दाखेरि
पग्लेपछि बगेको छ आँसुसरि यो कहानी ।

❁



नजर रोयो अनि त म रोएँ
अधर रोयो अनि त म रोएँ ।


धर्तीमा घाउ दुख्यो थाहा छैन
सगर रोयो अनि त म रोएँ

गाउँमा बाँचेको छ यो जिन्दगी
सहर रोयो अनि त म रोएँ

खियाई नाउ समुद्रमा आज
नहर रोयो अनि त म रोएँ

पोखेर हाँसो 'सुनील' गजलमा
बहर रोयो अनि त म रोएँ ।

❁



सुनिल पुरी

- ३/१७६, पुल्चोक / ललितपुर

# शारदा गजल विशेषाङ्क



## फिराक गोरखपुरी

बन्दगी से कभी नहीं मिलती ।
इस तरह जिन्दगी नहीं मिलती ॥

लेने से ताजो-तख्त मिलता है
माँग से भीक भी नहीं मिलती ॥

गैबदाँ है मगर खुदा को भी ।
नीयते-आदमी नहीं मिलती ॥

है जो इक चीज दारे-फानी में ।
वो तो जन्नत में भी नहीं मिलती ॥

रात मिलती है तेरी जुल्फों से ।
पर वो आरास्तगी नहीं मिलती ॥

सोजे-गम से न हो जो मालामाल ।
दिलको सच्ची खुशी नहीं मिलती ॥

मेरी आवाज में जो मुजमर है ।
ऐसी शादी-गमी नहीं मिलती ॥

*(साभार; बज्मे-जिन्दगी : रंगे शायरी)*



## जोश मलीहाबादी

जहां संगरेजो पे गिरते हैं ग्राहक
वहाँ जिन्से-लालो-गुहर बेचता हूँ ॥

जहां कद्रदाँ है जमअ तल्खियों के
वहाँ कन्दो-शहदो-शकर बेचता हूँ ॥

परस्तारियां हैं जहां जुल्मतों की
वहाँ नूरे-शम्सो-कमर बेचता हूँ ॥

जहाँ दर्दे-दिलका मुखालिफ है आलम
वहाँ दर्दे-दिलका असर बेचता हूँ ॥

छुपाकर रदीफो-कवाफी के अन्दर
मैं दिल बेचता हूँ, जिगर बेचता हूँ ॥

*(साभार : जीवनी और रचना संकलन)*

आनन्द भो महङ्गो छातिभरि छ घाउ
आँसु झरिरहेछ डुब्दैछ मनको नाउ ।

आशा उडचो हुरीमा साथी बन्यो निराशा
छैनन् कोही सहारा, भन्दैन कोही आऊ

निर्मोही भो जमाना बेइमान भो इमान
भावी पनि रिसाए साथी शनि र राहू

यो कस्तो जिन्दगी हो ? आत्मा मरिसकेको
कौडीमा बिक्री हुन्न झरिरहेछ भाउ

अकाल काल त्रास भइरहेछ मान्छे
थाकेन आततायी हेरिरहेछ दाउ

आएर चिल, बाज चल्लाहरू उडाए
निरीह निरुपाय रोइरहेछ माउ

खोसिए बास सारा गाउँ भयो बिरानो
अभिशाप भो गरिबी नाचे धनी र साहू ।

❋





धनराज गिरी

नेपाल देश मेरो लुम्बिनी गाम प्यारो
गोसाईं, स्वर्गद्वारी, वैदेही धाम प्यारो ।

टोपी हिमालय हो पहाड बस्त्र मेरो
सम्मान हो तराई नेपाली नाम प्यारो

लालीगुराँस फुल्ने डाँफे मुनाल नाच्ने
गैंडा रमाई चर्ने निकुञ्ज ठाम प्यारो

जानेछ अन्धकार अज्ञान नासिने छ
स्वर्णिम भो बिहानी उदाए घाम प्यारो

हौं कर्मयोगी हामी बगाउँछौं पसिना
इमान हाम्रो साथी कल्याण काम प्यारो ।

❋

*- चितवन*

## परिचय

अरबीमा जन्मिएर, फारसीमा हुर्किएर, हिन्दी, नेपाली आदि भाषाहरूमा समेत आफ्नो अस्तित्व देखाउन सफल गजल एउटा लोकप्रिय गेय विधा हो । अरबी भाषा-साहित्यमा 'कसिदा'को उच्च स्थान पाइन्छ । महफिलहरूमा गाइने राजामहाराजाहरूको स्तुतिगान वा प्रशस्तिगानमा यो आधारित हुने गर्थ्यो । यो काव्यका रूपमा विकसित थियो तर यसका थालनीमा दुई वा चारहरफ प्रयणप्रसङ्गमा आधारित मुक्तकीय रचना प्रस्तुत गर्ने गरिन्थ्यो । त्यसलाई 'तस्बिब' भनिन्छ । 'कसिदा' र 'तस्बिब' एउटै रचनाजस्ता बनेर उपस्थित हुन्थे तर ती दुईका उद्देश्यहरू फरक-फरक थिए । प्रेम वा प्रणयप्रसङ्गले श्रोताहरूलाई तत्काल आकर्षित गर्न सक्ने हुनाले श्रोतालाई गायनतिर ध्यानाकर्षण गर्न सुरुमा 'तस्बिब' सुनाइन्थ्यो अनि मात्र 'कसिदा'ले लोकप्रियता हासिल गर्‍यो । यसपछि बिस्तारै श्रोताले 'तस्बिब'मात्रै सुन्ने चाहना गर्न थाले र लेखक वा गायकले पनि त्यसलाई अत्यन्त प्राथमिकताका साथ प्रस्तुत गर्न थाले । यसरी क्रमशः 'तस्बिब', 'कसिदा'बाट अलग्गियो र यसले आफ्नो छुट्टै स्वरूप निर्माण गर्‍यो । यही 'तस्बिब' विकसित हुँदै जाँदा गजलमा परिणत भएको हो र साउदी अरेबियाको मक्कामदिनाका अमर इब्न आबि रबि आह र जमिल अल उधरीजस्ता महान् स्रष्टाहरूको साथ पाएपछि इसाको सातौँ शताब्दीको अन्त्यतिर यसले विधागत स्वरूप धारण गरेको र औपचारिक रूपमा गजलको जन्म भएको हो भन्ने मान्यता पाइन्छ ।

'तस्बिब'को मूल विषय नै प्रेम भएको हुनाले गजलले पनि आफ्नो जन्मकालदेखि नै प्रेमविषयक अभिव्यक्तिमा जोड दिँदै आएको देखिन्छ । माथि



देवी नेपाल

चर्चा गरिएका प्राचीन अरबी दुई महान् गजलकारहरूको सिर्जनाको केन्द्र प्रेम नै थियो । तर, उमरका गजलमा यथार्थपरक नागरसभ्यता, जीवन्त अनुभूतिको आत्मपरक छाप परेका प्रयणभावको अभिव्यक्ति पाइन्छ भने जमिलका गजलमा आदर्शवादी सोच, निराशावादी अभिव्यक्ति एवम् मृत्यून्मुख प्रेमविरह र वेदनाको तीव्र बहाब पाइन्छ । यसरी गजलले आफ्नो बाल्यावस्थामा नै प्रेमका संयोग र वियोग दुवै रूपको आंशिक स्वरूप ग्रहण गरिसकेको देखिन्छ । यस अर्थमा वर्तमानसम्म पनि गजललाई प्रेमको सीमामा बाँधेर हेर्ने प्रचलनलाई स्वाभाविक मान्न सकिन्छ । तर, सिर्जनात्मक गतिशीलता एवम् विषयगत व्यापकतालाई हेर्ने हो भने चाहिँ हरेक सिर्जनाको समयसापेक्ष उपस्थिति आशान्वित छ । यसरी अरबीमा गजलको औपचारिक जन्म भएको लगभग तेह्र सय वर्ष भए पनि यसले फारसी साहित्यको निकै लामो यात्रा पार गरेर सत्रौँ शताब्दीको सुरुमा मात्र भारतीय साहित्यमा पदार्पण गऱ्यो । नेपाली साहित्यमा भने बीसौँ शताब्दी अर्थात् नेपाली कविताको माध्यमिक कालमा मोतीराम भट्टका माध्यमबाट प्रवेश पाएको हो ।

**२. गजलको व्युत्पत्ति र परिभाषा**

'गजल' अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । यसको अर्थ 'प्रेमिकासँगको वार्तालाप' वा 'प्रेमपूर्ण संवाद' हो भन्ने गरिन्छ । मनु ब्राजाकीले 'ग+ज+अल' गरी यसको व्युत्यत्तिलभ्य अर्थको खोजी गरेका छन् । अरबीमा 'ग' अर्थ 'वाणी', 'ज'को अर्थ 'नारी' र 'अल'को अर्थ 'सँग' हुन्छ । त्यसैले गजलको अर्थ 'नारीसँगको बोलचाल' हुन्छ भन्ने विचार मनु ब्राजाकीको पाइन्छ । यसरी नै 'गजाला' शब्दले अरबीमा हरिणको बच्चालाई बुझाउँछ, यही शब्दबाट गजलको व्युत्पत्ति भएको हो भन्ने अर्को मान्यता पनि पाइन्छ । सिकारीले तीर हानेर घायल बनाएको मृगशावकको चीत्कारजस्तै संवेदनशील वा हृदयविदारक भावविन्यास पनि गजलमा हुन सक्ने हुनाले यसलाई 'गजाला' शब्दसँग जोडिएको हुन सक्छ । यसरी नै एकथरीको भनाइ प्राचीन कालमा अरबमा मरिदापान र प्रेम वा विलासितामा जीवन समर्पित गर्ने एकजना सायर थिए, तिनको नाम नै 'गजल' थियो । तिनैको सम्झनास्वरूप यस विधाको नामकरण पनि 'गजल' नै गरिएको हो भन्ने छ भने अर्काथरीको भनाइ संस्कृतको 'कज्जल' (गाजल) शब्द अपभ्रंश भएर 'गजल' बनेको हो भन्ने पनि छ । यसै गरी केहीको मान्यता अफ्रिका वा एसियामा पाइने एकप्रकारको हरिणलाई अङ्ग्रेजीमा Gazelle भनिन्छ र त्यही शब्दबाट अपभ्रंश भएर 'गजल' शब्द बनेको हुन सक्छ भन्ने पनि पाइन्छ । जे भए पनि गजल साहित्यको एउटा अत्यन्त लोकप्रिय रचनाका रूपमा विभिन्न भाषा र साहित्यमा स्थापित भइसकेको छ ।

गजलको आफ्नै संरचना छ, विषयका क्षेत्रहरू छन्, प्रस्तुतिका अनेकौँ ढाँचाहरू छन्, स्वतन्त्र र स्पष्ट लयविधान छ र श्रोता वा पाठकलाई आकर्षण गर्ने आन्तरिक शक्ति पनि छ । त्यसैले यसको आन्तरिक र बाह्य दुवै संरचना र प्रभावकारिताका आधारमा 'गजल'को व्युत्पत्तिबाट यस्तो व्यञ्जनात्मक अर्थ पनि निकाल्न सकिन्छ-

**ग** - गम्भीरता, गेयात्मकता वा गतिशीलता

**ज** - जीवन्तता, जयप्रिय वा जादूपूर्ण

**ल** - लयात्मकता, लाक्षणिकता वा ललितता

यसरी हेर्दा गजलले आफूभित्र गम्भीर भावविन्यास, जीवन्त वैचारिक धरातल र ललित एवम् कोमल पदावलीबाट सिर्जित प्रभावकारी लयविधानको अपेक्षा गरेको देखिन्छ ।

जन्मकालदेखि हालसम्ममा गजलका हजारौँ परिभाषाहरू भइसकेका छन् । यसलाई अनेकौँ शब्दकोशहरूले आ-आफ्नै तरिकाले चिनाएका छन् भने गजलविज्ञहरूले पनि आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् । गजललाई **नेपाली बृहत्**

**शब्दकोश**ले शृङ्गारिक रसका कविता लेखिने एक प्रकारको फारसी छन्द वा त्यसै छन्दमा लेखिएका कविताका रूपमा, **नेपाली शब्दसागर**ले कुनै छन्दबद्ध नभई अन्तिम तुक मात्र हुने शृङ्गारिक कविताका रूपमा, **बृहत् हिन्दी-उर्दू-हिन्दी कोश**ले स्वतन्त्र सेरहरूले बनेको फारसी-उर्दू भाषाको एक प्रकारको कविताका रूपमा, **मराठी व्युत्पत्ति कोश**ले काव्यको एउटा विशिष्ट विधा, वृत्तविशेष, प्रेमविषयक कविता, फारसी छन्दमा लेखिएको यमकप्रधान प्रेमगीतका रूपमा, **दि अक्सफोर्ड इङ्लिस डिक्सनरी**ले विशेषत: प्रेमसम्बन्धी वा रत्यात्मक पुरानो लयात्मक कविताको एक प्रकार, सीमित श्लोक र अनुप्रासको आवृत्तिले पश्चिमी पद्यभन्दा फरक बन्न पुगेको रचनाका रूपमा र **दि न्यु इन्साइक्लोपेडिया ब्रिटानिका**ले कसिदाको परिचयात्मक खण्डको स्वतन्त्र विस्तार भएको प्राय: प्रेमकविता समावेश भएको रचनाका रूपमा परिभाषित गरेका छन् । यसरी नै उर्दू-फारसी तथा हिन्दी भाषा-साहित्यका अनेकौँ विद्वान्हरूले गजललाई चिनाउने काम गरेका छन् । **डा. नगेन्द्र**ले स्थायीभाव प्रेम भए पनि गजलमा रहस्यानुभूति, मस्ती, मदिरापानको मजा, धार्मिक विद्रोह आदि भावनाहरू सञ्चारी रूपमा आउने विचार अघि सारेका छन् भने **चानन गोविन्द पुरी**ले 'गजल उर्दू कविताको सशक्त र सर्वश्रेष्ठ काव्यको रूप हो' भनेका छन् । यसरी नै **डा. सरदार मुजावर**ले मनका भावलाई सेरहरूका माध्यमबाट अभिव्यक्त गर्ने कलाका रूपमा, **डा. गणेशदत्त सारस्वत**ले अनुभूतिका तीव्रता एवम् सङ्गीतचेतनायुक्त काव्यविधाका रूपमा र **डा. हनुमन्त नायडू**ले मानवमनका पीडालाई वाणी दिने गेयकाव्यको एक लोकप्रिय विधाका रूपमा गजललाई चिनाएका छन् ।

नेपाली साहित्य पनि गजलविधामा निकै सम्पन्न देखिन्छ । यसका स्रष्टा एवम् द्रष्टाहरूका यससम्बन्धी धारणाहरू पनि यसलाई चिनाउन निकै फलदायी देखिन्छन् । **मनु ब्राजाकी**ले गजललाई प्रणय, कामना र आन्तरिक पीडाका हार्दिक भावहरूको सन्तुलित अभिव्यक्ति मानेका छन् भने **ललिजन रावल**ले यसलाई कोमल र हार्दिक भावको सशक्त र संक्षिप्त अभिव्यक्तिका रूपमा स्विकारेका छन् । यसरी नै **बूँद राना**ले विचार, भाव र लयको सन्तुलित अभिव्यक्तिका रूपमा, **डा. घनश्याम परिश्रमी**ले एउटा प्राविधिक र शास्त्रीय काव्य, कविता र गीतको अविभाज्य विलयन एवम् जीवन र जगत्का हरेक पक्षको प्रतिबिम्ब देखाउने ऐनाका रूपमा, **डा. कृष्णहरि बराल**ले भाव, कल्पना, विम्ब तथा प्रतीक आदिको प्रयोग गरिने काव्यका रूपमा र **रवि प्राञ्जल**ले भावको पूर्णता, कोमलता, हार्दिकता, संक्षिप्तता, अभिव्यक्ति कुशलताजस्ता तत्वहरूले युक्त निश्चित संरचना, लय र सङ्गीतको जगमा अडिएको काव्यविधाका रूपमा गजललाई चिनाएका छन् ।

गजलमा हृदयस्पर्शी लयात्मकता, सौष्ठवपूर्ण प्रतीकसम्पन्नता र भावमय मनोहारी प्रस्तुतीकरणजस्ता तत्वहरू अनिवार्य मानिन्छन् । गजलकारले सामाजिक जीवनमा भोगेका भोगाइहरूलाई अनुभूतिसँग घोलेर गेयात्मक तथा प्रभावकारी सम्प्रेषणका माध्यमबाट पाठकमा हृदयहारिताको विकास गराउन सक्नुपर्छ । भाषिक शिल्पमा पनि गजलकार ज्यादै संवेदनशील हुनुपर्छ । कोमल पदपदावलीको चयन र श्रुतिमधुर तथा सरल, स्वाभाविक, सर्वग्राहच, हृदयसंवेद्य अनि सम्प्रेषणीय भाषिक अभिव्यञ्जना नै गजलको मुटु हो । छोटो संरचनाभित्र धेरै भन्न सकिने र एउटै आनुप्रासिक झङ्कामा पाठकका हृदयमा विद्युतीय शक्ति उत्पन्न गराउनसक्ने मुक्तकीय अथवा मितव्ययी एवम् सन्तुलित अभिव्यक्ति नै गजलको सफलताको द्योतक हो ।

### ३. गजलसंरचनाका आवश्यक घटकहरू

अन्य विधाका तुलनामा गजल अनुशासित र सैद्धान्तिक रूपमा निकै कठोर विधा मानिन्छ । अन्य विधाका लागि त्यसका शास्त्रीय पक्षहरूको

ज्ञान नभई वा न्यून ज्ञानले पनि सिर्जना रोकिँदैन तर गजलका लागि यसका आवश्यक घटकहरूको ज्ञान हुनै पर्छ । गजललाई गजल बनाउनका लागि जे-जे कुराहरू आवश्यक हुन्छन्, तिनैलाई गजलसंरचनाका आवश्यक घटकहरू भनिएको हो । यिनलाई गजलका आवश्यक तत्वहरू भने पनि हुन्छ ।

कुनै पनि विधाको बाह्य स्वरूप र आन्तरिक शक्ति फरक-फरक हुने गर्छ । हरेक विधाको आफ्नो विशिष्ट चिनारी हुन्छ, जसले त्यस विधालाई अरूभन्दा फरक बनाइदिन्छ । गजलका बाह्य तत्वहरू त स्पष्ट छन् र जसको विस्तृत चर्चा ठाउँ-ठाउँमा पाइन्छ पनि । यहाँ पनि तिनको विशेष चर्चा गरिनेछ, तर गजलको आन्तरिक शक्ति तिनमा भन्दा अरू कुरामा बढी आश्रित हुन्छ । उर्दू महाकवि गालिबले गजलका लागि **इबारत** (सारतत्व), **इसारत** (विम्ब, प्रतीक वा सङ्केत) र **अदा** (शिल्प वा कला) तीन वटा कुरालाई आन्तरिक शक्तिका रूपमा प्रस्तुत गरेका छन् । यिनले नै गजललाई कविता र गीतभन्दा फरक बनाउने काम गर्दछन् । यसबाट के स्पष्ट हुन्छ भने गजलका बाह्य तत्वहरू जतिसुकै सशक्त भए पनि आन्तरिक पक्ष बलियो नभएसम्म अस्थिपञ्जर त हुन्छ तर प्राण हुँदैन ।

गजलले एउटा सशक्त भाव वा विचारलाई बहन गरेको हुनुपर्छ । गजल जुन केन्द्रीय कथ्य वा शक्तिमा निर्भर छ, त्यसैलाई 'इबारत' भनिएको हो । गजलको अभिव्यक्ति सोभ्नो नभएर व्यञ्जनात्मक र आलङ्कारिक हुनुपर्छ । त्यसका लागि अनेकौँ सङ्केतात्मक विम्बहरू, लौकिक वा प्रतिनिधिमूलक प्रतीकहरू र अनगिन्ती इसाराहरूको आवश्यकता पर्छ, त्यही लाक्षणिक वा विम्बात्मक प्रस्तुतिको अपेक्षा राख्ने तत्व नै 'इसारत' हो । 'अदा'ले चाहिँ गजलको आन्तरिक बुनोटलाई हेर्ने काम गर्छ । भावविन्यासको शिल्पसौन्दर्य र कलात्मकताले नै गजललाई जीवन्त बनाउने हुनाले गजलको शक्तिमा यी तीनको अन्योन्याश्रित भूमिका हुन्छ । गजलको आन्तरिक शक्तिसँग सम्बन्धित संक्षिप्तता, सरलता, भावगाम्भीर्य, प्रभावकारिता, नवीनताजस्ता कुराहरू पनि उपर्युक्त तीनवटा तत्वमा नै आश्रित हुन्छन् ।

संरचनात्मक सुगठन गजलको महत्त्वपूर्ण पक्ष हो । वर्तमानका कतिपय गजलहरूमा संरचनागत मर्यादालाई ख्याल गरिएको पाइँदैन । प्रत्येक दुई हरफका अन्त्यमा अनुप्रास मिलाउँदैमा गजल बन्न सक्तैन । यस्ता खाले गजल लेख्ने प्रवृत्तिको विकासले गर्दा अहिलेका केही गजलहरूले यस विधाको बदनाम गरिरहेका छन् । गजलको सैद्धान्तिक ज्ञान सामान्य रूपमा भएर पनि 'काफिया' मिलाउने रहरमा भावमा विचलन ल्याउने र निरर्थक शब्दहरूको संयोजन गर्ने परिपाटीको विकास वर्तमानका धेरैजसो गजलहरूमा भएको पाइन्छ । गजलका लागि निम्नलिखित कुराहरू अत्यावश्यक तत्वअन्तर्गत पर्दछन् –

१. काफिया, २. रदिफ, ३. मतला, ४. मकता,
५. तखल्लुस, ६. मिसरा, ७. मिसरा-ए-उला,
८. मिसरा-ए-सानी, ९. सेर, १०. बहर

यी तत्वहरूमध्येमा गजलमा रदिफ र काफियाको भूमिका केलाउनु यस लेखको उद्देश्य हो ।

**३.१. काफिया**

अरबी भाषाको पुलिङ्गबोधक 'काफिया' शब्दको शाब्दिक अर्थ 'बारम्बार आउने' भन्ने हुन्छ । यो गजलको अनिवार्य तत्त्व हो । काफियाको अभावमा गजल, गजल नै बन्न सक्दैन । गजलका सुरुका दुवै हरफमा र पछिका प्रत्येक दोस्रो हरफमा आउने हर्न, गर्न, तर्न, डर्न, छर्न, सर्न र भर्नजस्ता तुकबन्दीयुक्त आनुप्रासिक शब्दहरू नै 'काफिया' हुन् । काफिया गजल शरीरको मुटु हो । काफिया नै गजलको शक्ति हो, सीमा पनि । काफियाले गजललाई विधागत चेतना र मर्यादा प्रदान गर्छ र यसलाई जीवन्त र सार्थक पनि बनाउँछ । तर,

काफियाको रखाइले मात्र गजल, गजल बन्न सक्दैन, यसका लागि पूर्वापर भावतादात्म्य, स्वाभाविकता, सरलता र प्राकृतिक विन्यासको आवश्यकता पर्दछ । काफिया मिलाउने नाममा गरिएको कृत्रिम शब्दविन्यासले गजलको सौन्दर्यलाई बढाउनुको सट्टा झन् नष्ट गरिदिन्छ । काफियामा स्वर-व्यञ्जनगत एकरूपता, ध्वनिगत समानता र मात्रात्मक नियमितता भयो भने गजलको सौन्दर्य बढेर जान्छ र गजल स्वतः सुललित र गेय बन्न थाल्छ ।

काफियाको प्रयोग सुरुका दुवै हरफ (मतला)मा अनिवार्य रूपमा हुन्छ भने त्यसपछिका प्रत्येक दोस्रो हरफमा हुने गर्छ । यसको प्रयोग रदिफभन्दा अगाडि हुन्छ र भावको केन्द्र पनि यसैमा रहन्छ । काफियामा समाविष्ट स्वर-व्यञ्जनको समता र भिन्नताका आधारमा काफियाहरू विभिन्न प्रकारका हुन्छन् ।

### ३.१.१. पूर्ण काफिया

स्वर र व्यञ्जनको समरूपता भएका काफियाहरू पूर्ण काफिया हुन् । यिनमा स्वरको मात्रा र व्यञ्जनको मात्रामा सुरुदेखि अन्त्यसम्म ख्याल गरिन्छ र त्यसमा थोरै पनि विचलन आउन दिइँदैन ।

*इ सानै उमेर्देखि मन् हर्न लागे*
*इनै सुन्दरीले जुलुम् गर्न लागे ।*
*- मोतीराम भट्ट*

*तुफानी रातमा धिप्धिप् दियो बल्दा उनी तर्से*
*कहाँ नारा भयो खाली कुरा चल्दा उनी तर्से ।*
*- बूँद राना*

*नखोलेरै राखिएको बन्द एउटा खाम थियो*
*भित्र के-के थियो कुन्नि बाहिर मेरै नाम थियो ।*
*- ललिजन रावल*

*हुरी-आँधी खप्यौँ सारा नबोलेरै कयौँचोटि*
*बगायौँ आँसुका धारा नबोलेरै कयौँचोटि ।*
*- जनक पौड्याल*

यी गजलहरूमा प्रयोग भएका सबै काफियाहरू पूर्ण काफिया हुन् । यिनमा स्वर र व्यञ्जनको एकरूपता छ । पूर्ण काफिया गजलमा मतला-खण्डमा मात्र होइन, अन्त्यसम्म नै समान रूपमा अगाडि बढेको हुनुपर्छ । गजलको थालनीमा 'हर्न, गर्न' छ भने फेर्न, कुर्न, टार्नजस्ता शब्दहरू काफियाका रूपमा आए भने तिनले काफियाको पूर्णतालाई भङ्ग गरिदिन्छन् ।

### ३.१.२. आंशिक काफिया

स्वर र व्यञ्जनमध्ये एउटालाई मात्र ख्याल गरेर निर्माण गरिएको काफियालाई आंशिक काफिया भनिन्छ । यसमा पूर्ण काफियामा भन्दा थोरै मात्र फराकिलोपन हुन्छ तर शब्दछनोटमा पूर्ण स्वतन्त्रता भने हुँदैन । निश्चित एउटा स्वर वा निश्चित एउटा व्यञ्जनको घेराभित्र भने अनिवार्य रूपमा बाँधिनै पर्छ । 'गाउँ-ठाउँ' पूर्ण काफिया हुन् तर तिनैसँग 'पाउ-घाउ'जस्ता शब्दहरू राखिए भने पछिल्ला शब्दको चन्द्रबिन्दुको अभावले ती सबै आंशिक काफिया हुन्छन् । यसरी नै 'हाँस्ने' र 'बाँच्ने' शब्दमा श्रुतिसाम्य छ तर बीचमा आएका 'स्' र 'च्' वर्णले तिनलाई पूर्ण काफिया हुन दिएका छैनन् ।

*पयर्मा कडा चोट पाएर आए*
*म भन्दै थिएँ होस राखेर आए ।*
*- मोतीराम भट्ट*

*कटारी तिमी धस्तछ्यौ मुख् लुकाई*
*म बस्छू हरे, चित्तलाई फसाई ।*
*- शम्भुप्रसाद ढुङ्गेल*

*मलाई सतायौ तिमी आइनौ*
*बहाना बनायौ तिमी आइनौ ।*
*- डा. घनश्याम परिश्रमी*

*किन हजुर नबोलेको क्यै कुरा लुकाएँ कि ?*
*जानीनजानी मैले कतै चित्त दुखाएँ कि ?*
*- कृष्णहरि बराल*

यी गजलमा प्रयोग भएका काफियाहरू आंशिक काफिया हुन् । 'पाएर-राखेर'मा स्वरलाई मात्र ध्यान दिइएको छ भने 'सतायौ-बनायौ'मा पनि 'आयौ'भन्दा अगाडिका व्यञ्जनहरूलाई ख्याल गरिएको छैन । भट्टको गजलमा

'पाएर'सँग 'आएर' अथवा 'राखेर'सँग 'चाखेर' राखेको भए, ढुङ्गेलको गजलमा 'लुकाई'सँग 'फुकाई' अथवा 'फसाई'सँग 'रसाई' शब्दछनोट गरिएको भए र परिश्रमीको गजलमा 'सतायौ'सँग 'बतायौ' अथवा 'बनायौ'सँग 'मनायौ'जस्ता शब्दहरू राखिएका भए ती सबै काफियाहरू पूर्ण हुने थिए । यसरी नै बरालको गजलमा पनि अन्त्यको 'आएँ'लाई मात्र ध्यान दिइएको छ, तर 'क' र 'ख' दुवै स्वतन्त्र छन्, यति मात्र होइन, यस गजलमा 'बिराएँ' र 'निभाएँ' पनि काफियाका रूपमा आएका छन् । त्यसैले यी आंशिक काफिया हुन् ।

अझै गहिराइमा गएर हेर्ने हो भने लेखन र उच्चारणको फरकले पनि पूर्ण काफियालाई आंशिक बनाइदिन्छ । जस्तै- दिन, छिन, रिन, किनजस्ता शब्दहरू लेखाइमा उस्तै छन् तर उच्चारणमा दिन्, छिन्, रिन् हुन्छ 'किन्' हुँदैन । गजलको काफिया छनोट गर्दा यस्ता कुरामा पनि ध्यान दिनुपर्छ ।

आंशिक काफिया गजलमा स्वीकार्य छ तर न्यूनतम स्वर-व्यञ्जनगत पृथकता रहेसम्म मात्र । यति हुँदाहुँदै पनि आंशिक काफियाले गजलको गेयात्मक माधुर्यमा केही कमी ल्याइदिन्छ । त्यसैले, गजलमा पूर्ण काफिया बढी अपेक्षित छ ।

### ३.१.३. एकाक्षरी काफिया

शब्दको अन्तिम एक अक्षरलाई मात्र ख्याल गरिएको वा एकाक्षरी शब्दबाट मात्र निर्माण भएका काफियाहरूलाई एकाक्षरी काफिया भनिन्छ । 'खुसी' र 'नदी'ले काफियाको काम गरेका छन् तर 'खु' र 'न' को कुनै भूमिका छैन । यसरी नै यो, त्यो, हो, भो, कोजस्ता एकाक्षरी शब्दहरू पनि काफियाका रूपमा आउन सक्छन्, ती पनि एकाक्षरी काफिया नै हुन् ।

*व्यथैव्यथा छ मनभरि खुसी खोजूँ कतातिर ?*
*साउन-भदौ छ गहभरि नदी खोजूँ कतातिर ?*

× ×

*यो भीडमा हरायो कि त्यो भीडमा हरायो कि*
*त्यो मेघजस्तै गर्जने रवि खोजूँ कतातिर ?*

*- रवि पाञ्जल*

*ज्यान हौ तिमी जिन्दगी तिमी*
*जिन्दगीभरीका खुसी तिमी*
*चल्छ प्रेमले शुद्ध, वासना*
*दिलको बागकी हौ कली तिमी ।*

*- रमेश समर्थन*

यी माथिका गजलहरूमा प्राञ्जलको गजलमा प्रयोग भएका खुसी, नदी, रवि शब्दमा 'सी, दी, वि' मात्र काफिया हुन् भने समर्थनको गजलमा आएका जिन्दगी, खुसी, र कली शब्दका 'गी, सी र ली'मात्र काफिया हुन् । यिनमा एकअक्षरको भूमिका हुनाले यिनलाई एकाक्षरी काफिया भनिन्छ ।

यसरी गजलमा एकाक्षरी काफियाको प्रशस्त प्रयोग पाइन्छ तर यसले धेरै अस्पष्टता र अन्योल सिर्जना गरिदिने हुनाले र गेयात्मक क्षमता वा सुललिततामा बाधा पुऱ्याउने हुनाले सकेसम्म यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।

### ३.१.४. अन्य काफिया

माथि चर्चा गरिएका तीन प्रकारका काफियाका अतिरिक्त डा. घनश्याम परिश्रमीले 'मिलित काफिया' र 'मिश्रित काफिया' गरी अरू दुई प्रकारका काफियाको समेत चर्चा गरेका छन् । केही-केही गजलकारहरूले 'भन्छ'सँग 'वन छ'लाई राखेर काफियाको रूप दिएको पाइन्छ । त्यसलाई 'मिलित काफिया' भनिन्छ भने 'जवानी'सँग 'सिरानी' राखिएको छ भने त्यसलाई 'मिश्रित काफिया' भनिन्छ ।

*कहाँबाट चल्दै छ यो प्रेमयुद्ध ?*
*नबोली-नबोली भयो प्रेमयुद्ध ।*

*- जय गौडेल*

प्रस्तुत गजलमा 'भयो' एकपदीय काफियासँग 'छ यो' द्विपदीय काफियाको प्रयोग भएको छ, यसलाई 'मिलित काफिया' भनिन्छ ।

*तिमी आँसुका नागबेलीहरूमा*
*गयौ छल्किँदै यी परेलीहरूमा ।*

*- सुरेश सुवेदी*

प्रस्तुत गजलमा 'नागवेली' अघिल्लो काफियाभित्र रहेको 'गवेली'लाई मात्र ध्यान दिएर 'परेली' शब्दको प्रयोग गरिएको छ, यसलाई 'मिश्रित काफिया' भनिन्छ ।

उपर्युक्त दुवैखाले काफिया-प्रयोगले गजलको संरचनामा कुनै बाधा पुऱ्याउँदैनन् तर अक्षरगत समानता, भावगत निरन्तरता एवम् लयविधानमा भने तिनले असर पार्नु हुँदैन । 'मिलित काफिया'मा फरक-फरक शब्दको मिलन हुन्छ तर उच्चारणमा चाहिँ एउटैजस्तो लाग्नुपर्छ । 'जलन, भन न' वा 'अब त, रगत'जस्ता काफियामा उच्चारणले एकरूपता प्रदान गरेको छ भने 'मिश्रित काफिया' पूर्ण काफिया जत्तिकै हो, त्यसको अगाडिको अक्षर काफियामा गनिँदैन । आऊँ, सुनाऊँ, गाऊँ, सजाऊँ यी 'मिश्रित काफिया'का उदाहरणहरू हुन् ।

**३.१.५. बहुकाफिया प्रयोग**

एउटा काफिया हुनु गजलमा अनिवार्य छ तर कुनै गजलकारले दुई वा तीन काफियाको प्रयोग पनि सार्थक रूपमा गर्छ भने त्यो पनि स्वीकार्य हुन्छ ।

*खोलौँ अब बरियो ए नि माल्दाइ हौ*
*साहै दुःख गरियो ए नि साँल्दाइ हौ ।*

*- स्वागत नेपाल*

प्रस्तुत गजलमा 'बरियो' र 'गरियो' तथा 'माल्दाइ' र 'साँल्दाइ' दुई-दुई काफियाको प्रयोग पाइन्छ । तर, यसलाई 'मतला'मा मात्र प्रयोग गर्नुको कुनै अर्थ छैन, यसको निरन्तरता 'मकता'सम्म नै दोषरहित तरिकाले हुनुपर्छ ।

१. *नगाएको गीतभन्दा पिरतीको धुन मीठो*
*नलाएको प्रीतभन्दा बैगुनीको गुन मीठो ।*

× ×

*२. म कोर्दै छु भाका नगाएर के भो ?*
*म फोर्दै छु नाका नआएर के भो ?*

*- देवी नेपाल*

प्रस्तुत दुई वटा गजलमध्येमा पहिलोमा 'नगाएको, गीत र धुन'सँग 'नलाएको, प्रीत र गुन' तीन वटा काफियाको प्रयोग भएको छ भने दोस्रो गजलमा 'कोर्दै छु, भाका र नगाएर'सँग 'फोर्दै छु, नाका र नआएर' तीन वटै काफियाको प्रयोग भएको छ । यसरी काफियाको सार्थक संयोजन हुन सक्छ भने गजलमा एकमात्र नभएर दुई, तीन, चार वा पाँच जति पनि काफियाको प्रयोग गरे फरक पर्दैन । तर, 'प्रयोगका लागि प्रयोग'मात्र भयो भने चाहिँ त्यो अत्यन्त कृत्रिम र हास्यास्पद पनि हुन सक्छ ।

निष्कर्षमा भन्नुपर्दा 'काफिया' गजलको मुटु, प्राण वा आत्मा हो । मुटु नै स्वस्थ र सबल नभए शरीरको कुनै अर्थ रहँदैन । गजलकारको सफलता-असफलताको कसी पनि काफिया नै हो । भावको लहरमा बग्दै गरेका भावक (दर्शक, पाठक, श्रोता)हरूको मनमा अचानक विद्युतीय तरङ्ग उत्पन्न गराउने र सबैलाई सँगसँगै गाउन बाध्य बनाउने काम पनि काफियाले नै गर्दछ । प्रायः उर्दू-फारसी र हिन्दी गजलहरूमा पनि गायकले एक वा दुई सेर भनिसक्नासाथ त्यसपछिका काफियाहरू श्रोता स्वयम्ले भन्ने प्रचलन छ । यसले सरलता र भावको तादात्म्यलाई सङ्केत गर्दछ । त्यसैले सकेसम्म गजलको काफियामा शब्दाडम्बर वा शब्दगुम्फनको प्रयोग नगरेर श्रोता वा पाठकले आफैँ पत्ता लगाउन सक्ने सरल एवम् हृदयस्पर्शी शब्दहरूको छनोट गर्नुपर्छ । यसका लागि 'पूर्ण काफिया'को प्रयोगमा गजलकार केन्द्रित भयो भने धेरैजसो समस्याहरू यसैबाट समाधान हुन्छन् र गजल गेय र प्रभावकारी पनि हुन्छ ।

**३.२. रदिफ**

'काफिया'भन्दा पछि आउने पद वा पदावलीलाई 'रदिफ' भनिन्छ । 'रदिफ' अरबी शब्द हो र यसको अर्थ 'पछि लाग्ने' भन्ने हुन्छ । यसको प्रयोग 'मतला'का दुवै हरफमा हुन्छ भने त्यसपछिका सेरमा चाहिँ प्रत्येक दोस्रो हरफमा अर्थात् 'मिसरा-ए-सानी'मा मात्र हुन्छ । 'रदिफ' गजलको अनिवार्य तत्व होइन तर यसले त्यसको सौन्दर्य प्रसाधनमा

र गेयात्मक गुण प्रदान गर्नमा विशेष भूमिका खेल्छ । कतिपय सिकारु गजलकारहरूले यसैलाई गजलको प्रमुख तत्व मानेको पनि देखिन्छ । यति मात्र होइन, नेपाली गजलका जन्मदाता मोतीराम भट्ट र मोतीमण्डलीका अन्य सदस्यहरूले समेत रदिफलाई मात्र प्राथमिकता दिएर गजल लेखेका छन् ।

*यतिसम्म प्रीति गरीगरी न यता भएँ, न उता भएँ*
*न त मन् लिएँ न त दीदिएँ न यता भएँ, न उता भएँ ।*
*- मोतीराम भट्ट*

*यती सम्मन् भएको हाल् कि ऊ जानोस् कि मैं जानू*
*कि उस्तै क्वै भए जान्ला कि ऊ जानोस् कि मैं जानू ।*
*- लक्ष्मीदत्त पन्त*

यी दुई गजलहरू भट्ट र पन्तका सर्वाधिक चर्चित रचनाहरू हुन् तर यी दुवैमा काफियाको प्रयोग नै छैन । पूर्ण वाक्यात्मक रदिफले नै यिनलाई गजल बनाएका छन् । तर, शास्त्रीय दृष्टिले हेर्दा चाहिँ काफियाविहीन रचनालाई गजल भन्न मिल्दैन । त्यसैले यी दुई रचनाहरू पनि सैद्धान्तिक रूपमा गजल होइनन् ।

यसरी 'रदिफ'को उपस्थिति गजलमा प्रभावकारी रूपमा हुन्छ तर यो नभए पनि गजल हुन्छ, 'काफिया' नभए चाहिँ गजल हुँदैन । 'रदिफ'ले गजललाई सुन्दर र लयात्मक बनाउने हुनाले यसको प्रयोग पद, पदावली र वाक्यकै तहमा पनि हुने गर्छ । शब्दप्रयोगका आधारमा रदिफहरू पनि विभिन्न प्रकारका हुन्छन् ।

**३.२.१. पदमूलक रदिफ**

वाक्यभित्र आउने सार्थक शब्दलाई 'पद' भनिन्छ । कुनै गजलमा एउटा शब्द वा पदलाई मात्र रदिफका रूपमा प्रयोग गरिएको हुन सक्छ, त्यसलाई 'पदमूलक रदिफ' भनिन्छ ।

*हृदयको अँगेनामा फेरि आगो बाले हुन्छ*
*हुन्छ साथी, अलि धेरै मट्टितेल हाले हुन्छ ।*
*- मनु ब्राजाकी*

*अचम्मको काम भयो*
*जतासुकै जाम भयो ।*
*- डा. घनश्याम परिश्रमी*

*बसूँभन्दा कतै आवास छैन*
*उडूँ भन्छू खुला आकाश छैन ।*
*- सनतकुमार वस्ती*

प्रस्तुत गजलहरूमा मनुको गजलमा आएको 'हुन्छ', परिश्रमीको गजलमा आएको 'भयो' र वस्तीको गजलमा आएको 'छैन' तीन वटै क्रियापद हुन् । यिनले यहाँ आएर एकपदीय रदिफको काम गरेका छन् ।

*निमोठिएर फ्याँकिए चुनेर कोपिलाहरू*
*लुकेर बाँच्न भाग्दछन् सुनेर कोपिलाहरू ।*
*- शिव प्रणत*

*बनायौ तिमीले बहाना अनौठो*
*बुझेरै नसक्ने जमाना अनौठो ।*
*- शीतल कादम्बिनी*

*म फुल्छु वागमा सधैं भनेर फूल भन्छ र ?*
*अवश्य झर्नुपर्छ त्यो बुझी उदास बन्छ र ?*
*- ज्ञानु विद्रोही*

यी गजलहरूमा प्रणतको गजलमा 'कोपिलाहरू' (नामपद), कादम्बिनीको गजलमा 'अनौठो' (विशेषण) र विद्रोहीको गजलमा 'र' (अव्ययपद)ले रदिफको काम गरेका छन् । यी सबै पदमूलक रदिफ हुन् ।

**३.२.२. पदावलीमूलक रदिफ**

दुई वा सोभन्दा बढी पदहरूको समूहलाई 'पदावली' भनिन्छ । कुनै-कुनै गजलमा त्यस प्रकारका 'रदिफ'को प्रयोग भएको पाइन्छ । यस्ता रदिफहरू पदमूलकभन्दा पनि प्रभावकारी हुन्छन् ।

*तिमीसँगै बिताएको खुसीको रात नौलो भो*
*अचम्मै भो, झुकेका ती नजर्को मात नौलो भो ।*
*- जीत कार्की*

*म बैरो र लाटो बनी चूप लागैं*
*म ढुङ्गा र माटो बनी चूप लागैं ।*
*- बूँद राना*

*यौटा सानो घर हुनु त्यस्तो भाग्य कहाँ ?*
*म नै तिम्रो वर हुनु त्यस्तो भाग्य कहाँ ?*
*- स्वागत नेपाल*

*आगोसँग जिस्किन्थें म पनि कुनै बेला*
*तारासरि चम्किन्थें म पनि कुनै बेला*
*- दुवसु क्षेत्री*

माथिका जीतका गजलमा दुई-दुई पद, बूँद रानाको गजलमा तीन पद र स्वागत र दुबसु क्षेत्रीका गजलमा चार पद रदिफका रूपमा आएका छन् । यसरी नै जति पनि सार्थक पदहरू गजलको रदिफ बनेर आउन सक्छन्, तिनलाई पदावलीमूलक रदिफ भनिन्छ ।

### ३.२.३. वाक्यात्मक रदिफ

न्यूनतम एउटा कर्ता र एउटा क्रियापद भएको भाषिक संरचनालाई वाक्य भनिन्छ । कुनै-कुनै गजलमा एउटा सिङ्गो वाक्य नै रदिफका रूपमा आएको हुन सक्छ । यस्तो गजल पनि गायनका लागि निकै प्रभावकारी मानिन्छ ।

*पर भो भन्यौ नजिकै सरैं अब जेसुकै गर अम्बिका*
*अति पीर भो पिरती छरैं अब जे सुकै गर अम्बिका ।*
*- विष्णु ज्ञवाली*

*बिहानी तिमी हौ, बुझेको छु मैले*
*कहानी तिमी हौ, बुझेको छु मैले ।*
*- रञ्जित ज्ञवाली*

*म दिन्थें फूलका गुच्छा, खरानी पो भयो माटो*
*म लिन्थें फूलका गुच्छा, खरानी पो भयो माटो ।*
*- बलराम दाहाल*

*माफी दिएर ठूलो बाधा पर्‍यो मलाई*
*आशा लिएर ठूलो बाधा पर्‍यो मलाई ।*
*- रश्मि असफल*

माथिका विष्णु ज्ञवालीको गजलमा 'अम्बिका, अब जेसुकै गर', रञ्जित ज्ञवालीको गजलमा 'तिमी हौ' र 'मैले बुझेको छु', बलराम दाहालको गजलमा 'माटो खरानी पो भयो' र रश्मि असफलको गजलमा 'मलाई ठूलो बाधा पर्‍यो'जस्ता सिङ्गासिङ्गै वाक्यहरू रदिफका रूपमा आएका छन् । यसरी वाक्यलाई व्याकरणिक पदक्रमअनुसार नराखे पनि आलङ्कारिक पदक्रमअनुसार क्रमभङ्ग गराई वाक्यात्मक रदिफको प्रयोग गर्न सकिन्छ ।

### ३.३. मुद्दरफ गजल

रदिफ गजलको वैकल्पिक वा सहायक तत्व मात्र भएको हुनाले यसको प्रयोग गजलमा हुन पनि सक्छ र नहुन पनि सक्छ । जुन गजलमा रदिफको प्रयोग भएको छ, त्यसलाई 'मुद्दरफ गजल' भनिन्छ । यस्ता गजलमा एक अक्षर, एक पद वा पदावली र सिङ्गो वाक्य पनि रदिफका रूपमा आएको हुन सक्छ । माथिका पदमूलक रदिफ, पदावलीमूलक रदिफ र वाक्यात्मक रदिफ तीनैखाले रदिफका लागि उदाहरणमा दिइएका सबै गजलहरू 'मुरद्दफ गजल' हुन् । यिनमा चाहिँ काफियाको प्रयोग त अनिवार्य छँदै छ, रदिफको प्रयोग पनि अनिवार्य हुनुपर्छ ।

### ३.४. गैरमुद्दरफ गजल

रदिफको प्रयोग नगरी खालि काफियाको मात्र प्रयोग गरेर लेखिएका गजलहरूलाई 'गैरमुरद्दफ गजल' भनिन्छ । यस्ता गजलहरू पनि प्रशस्त लेखिन्छन् तर तिनमा मुरद्दफ गजलमा भन्दा गेयात्मकता र श्रुतिमाधुर्यको मात्रा कम भएजस्तो लाग्छ । सङ्गीतचेतनाका दृष्टिले पनि यस प्रकारका गजलहरू तुलनात्मक रूपमा कमजोर देखिन्छन् । तर, यसले गजलको शास्त्रीय पक्ष वा सैद्धान्तिक मर्यादामा भने कुनै बाधा पुर्‍याउँदैन ।

*उठाई नजर् हेर जाँदो छ बेला*
*तिमी झन् अझै झिक्न खोज्छौ झमेला ।*
*- शम्भुप्रसाद ढुङ्गेल*

*हरे ईश्वर, खुनी रैछौ मलाई पेचमा पार्‍यौ*
*सदा यो चित्तमा चिन्ता गराई व्यर्थमा मार्‍यौ ।*
*- भीमनिधि तिवारी*

*उडिजाने चरीलाई देखेर त होला*
*मैले पनि तरेको छु यो गाउँको खोला ।*
*- मनु ब्राजाकी*

*बगी जान सक्ने नदी हौ कि रारा*
*म ठान्दै छु प्यारा, तिमी हौ सहारा ।*
*- गीता सापकोटा*

*तिमी जल्यौ व्यथा सबै नदीसँगै जलाउँदै*
*तिमी गल्यौ झरी बनी पहाड त्यो गलाउँदै ।*
*- मायामितु न्यौपाने*

यसरी रदिफबिना पनि गजल लेख्न सकिन्छ तर यस्ता गजलमा कताकता, के-के नपुगेजस्तो लाग्ने हुनाले कतिपयले त काफियाकै अन्तिम स्वर वा व्यञ्जनलाई रदिफ मानेको पनि पाइन्छ । तर, त्यसरी मान्नैपर्ने बाध्यता छैन किनभने गैरमुरद्दफ गजलहरू रदिफविहीन नै हुन्छन् ।

**३.५. काफिया र रदिफको सम्बन्ध**

गजलमा काफिया र रदिफको आ-आफ्नै ठाउँ हुन्छ र यी दुवै स्वतन्त्र घटक हुन् । तर, यिनको प्रयोगमा अर्थगत तादात्म्य भएन भने हास्यास्पद हुन जान्छ । त्यसैले काफियाको अर्थ र रदिफको अर्थमा पूर्वापर सम्बन्ध हुनुपर्छ । दुवैलाई स्वतन्त्र छाडियो भने तिनले गजलको मूलभावलाई समेत बिथोलिदिने हुनाले गजलकारले काफिया र रदिफको छनोट गर्दा अर्थगत सम्बन्धलाई राम्ररी ख्याल गर्नुपर्छ ।

*ओठभरि हाँसो तर आँखाभरि पानी तिम्रो*
*अधरमा बाँच्न सक्ने कस्तो हो त्यो बानी तिम्रो ?*

*छेड्यो होला मुटु तिम्रो हेराइको मेरो वाणले*
*माफ गरी आऊ यता आफ्नै मान्छे ठानी तिम्रो*

*आधा बाटो आई फिर्ने दोधारको कारण भन*
*मानी आऊ गर्छु माया मेरी मनकी रानी तिम्रो*
*- ओमप्रकाश दाहाल*

प्रस्तुत गजलका तीन वटा सेरमध्ये मतलामा आएका दुवै काफिया र रदिफको अर्थगत सम्बन्ध पनि राम्रो छ र भावविन्यास पनि गजलअनुकूल छ तर दोस्रो सेरको रदिफ (तिम्रो)को सम्बन्ध काफिया (ठानी)सँग छैन । तापनि यसलाई 'तिम्रो आफ्नै मान्छे ठानी माफ गरी यता आऊ' भनेर जबर्जस्ती अर्थ खोज्न सकिन्छ । तर, दोस्रो सेरको रदिफ (तिम्रो)सँग काफिया (रानी)को त कुनै हालतमा पनि अर्थगत सम्बन्ध देखाउन सकिँदैन । त्यसैले रदिफ र काफिया दुवैको प्रयोग गर्ने रहरमा अर्थलाई अस्तव्यस्त पार्नुभन्दा रदिफको प्रयोगै नगर्नुचाहिँ राम्रो हुन्छ ।

यसबाट के स्पष्ट हुन्छ भने एउटा गजल पूर्ण र सफल हुनका लागि काफिया र रदिफ राखेर मात्रै हुँदैन, तिनलाई अर्थगत तादात्म्यभित्र पनि बाँध्न सक्नुपर्छ । गजल अस्तव्यस्त, विशृङ्खलित, असम्प्रेष्य र श्रुतिकटु हुनुमा यसको ठूलो दोष देखिन्छ । त्यसैले थालनीमा मिल्यो भन्दैमा गजलकारले परसम्म नहेरी हतारमा काफियासँग सम्बन्धित नै नरहेको रदिफको प्रयोग पनि गर्नु हुँदैन र जथाभावी सेरहरूलाई तन्काएर भावमा विचलन पनि ल्याउनु हुँदैन ।

सन्दर्भ सामग्री-

१) समकालीन नेपाली गजल (ललिजन रावल, २०४७)
२) गजल एक अध्ययन (चाचन गोविन्द पुरी, सन् १९९१)
३) समसामयिक नेपाली गजल (दुबसु क्षेत्री, २०५०)
४) गजल सिद्धान्त र नेपाली गजलका इतिहास (टीकाराम उदासी, २०५९)
५) गजल सिद्धान्त र समालोचना (देवी पन्थी, २०५९)
६) गीत सिद्धान्त र इतिहास (कृष्णहरि बराल, २०६०)
७) छन्द-पराग (देवी नेपाल, २०६२)
८) विचारका भग्नावशेष (अर्जुन अधिकारी, २०६३)
९) गजल सौन्दर्य मीमांसा (घनश्याम न्यौपाने परिश्रमी, २०६४)
१०) विभिन्न पत्र-पत्रिकामा प्रकाशित फुटकर गजल र गजलसम्बन्धी लेख रचनाहरू


खोज्दै हिँड्दा भेटिन्छ मापन भविष्यको
एउटैसँग जीवन यापन भविष्यको ।

यात्रा अनगिन्ती तर यात्रु चाहिँ एक
नटुङ्गिदै हुन्छ समापन भविष्यको

उद्देश्य सबैको पूरा उडेर जून छुने
साँच्चिकै गर्न सके विज्ञापन भविष्यको

बाहिरी नजरको बयान सबैले गर्छन्
कसैले गर्न सक्दैन प्रतिस्थापन भविष्यको ।

❋



इन्दिरा इन्दु



सधैँ युद्ध गर्नेलाई गोलीको डर हुन्न
आज रोइरहनेलाई भोलिको डर हुन्न ।

संस्कृति मिचेर गए हेर विलासीतिर
कुनै अफशोच गून्यु चोलीको डर हुन्न

आऊँ खुलामञ्चमा शान्तिको भीख मागी
यात्रा सबैको हुन्छ रित्तो झोलीको डर हुन्न

सहयात्राको खाँचो छ स्वतन्त्रता पाउनलाई
एउटै नारा प्रतिगामी बोलीको डर हुन्न

हजार नदी पार गर्ने सपनाभरि
साथैमा छन् माझीदाइ खोलीको डर हुन्छ ।

❋



क्षेत्रप्रताप अधिकारी

तिम्रो महाप्रस्थानपछि म पनि फाट्न थालिरहेछु
कतै तुनेर कतै बुनेर बाँकी जीवन टालिरहेछु ।

पर्खनू कतै दोबाटोतिर मेरो पनि गोरेटो त्यही हो
अर्को जुनीमा भए'नि फेरि भेट्ने भरोसा पालिरहेछु ।

छातीमा दमको रोग छ तर धुम्रपान यथावत छ
मृत्युको लागि यमलोकतिर बिन्तीपत्र हालिरहेछु ।

मर्न डराको छैन कदापि आऊ महेश सुस्वागतम
लालायित दर्शनाभिलाषी बाटोमा दीप बालिरहेछु ।

कहिले लाग्छ मोरो जिन्दगी अनावश्यक अभिशाप हो
कहिले लाग्छ सुन्दर सृष्टि भत्काएर फालिरहेछु !

❋



जनक पौड्याल

माटोमै फुल्छ, माटोमै फल्छ मान्छेको जिन्दगी
माटो मै जन्मी माटो मै गल्छ मान्छेको जिन्दगी ।

माटो हो प्राण, माटो हो मुटु, माटै हो संसार
यै माटो भुले कसरी चल्छ मान्छेको जिन्दगी ?

माटोको पूजा गरेर बाँचे समाज सामुन्ने
आशाको दियो बनेर बल्छ मान्छेको जिन्दगी

जति नै माथि पुगे'नि आखिर धर्ती हो आधार
माटोमा हिँड्न नजाने ढल्छ मान्छेको जिन्दगी ।

❋

*- लखनपुर ९, झापा*

चन्द्रमा छ चाँदनी छ तर टाटो यथावतै,
गन्तव्यमा पुग्न बाँकी अझै बाटो यथावतै ।

अन्धकार चिर्नलाई हिडेका थे सँग-सँगै
उषा भेट्न नपाउँदै हेर फाटो यथावतै ।

भत्किएको छानालाई चाहनाले टाल्दै थिए
अकस्मात हुरी आयो कठै ! पाटो यथावतै ।

ठेस लाग्यो विश्वासमा आस्था दुख्यो पलपल
पुरिन्छ की भन्दाभन्दै थप खाटो यथावतै ।

रगत र पसिनाले सिंच्दै थिए श्रमजीवी
उर्वर हुन नसकेर रह्यो माटो यथावतै ।




चन्द्रमोहन अधिकारी

आ-आफू नै स्वर्थ विज्ञ छानी-छानी ठहरिए,
देख्नेलाई लाज हरे ! महाज्ञानी ठहरिए ।

हृदयमा फलामखानी त्यसमाथि छ है खिया
परस्परको प्रशंसाले सुनखानी ठहरिए,

राजधानी र मोफसलका धेरै गरे कुराहरू
छिमेकी नै नदेख्ने यी काना-कानी ठहरिए,

न्यून अर्थ सानो पदको लोलुपतामा डुब्ने मान्छे,
सत्यवादी हरिश्चन्द्र महादानी ठहरिए,

'चन्द्र'लाई ओझेलमा पार्छु भन्थे जूनकिरी,
उज्यालोमा पर्दा लुप्त बिलाई 'जानी' ठहरिए ।

*- तनहुँ*


तपाईंको बच्चाले
कुन नयाँ शब्द
सिक्यो ?
अपेक्षित प्रतिफल पाउनको लागि !
आयोडिनको कमीले बच्चाहरू मानसिक एवं शारीरिक रूपले कमजोर भई पढाइमा पटक-पटक फेल हुनुको साथै खेलकुदमा समेत पछाडि पर्न सक्छन् ।
विश्वभरका आयोडिनयुक्त नुन प्रयोग गर्ने १३० वटा राष्ट्रहरू मध्ये ९०% भन्दा बढी घरपरिवारले आयोडिनयुक्त नुन प्रयोग गर्ने उत्कृष्ट २० देशहरू मध्ये नेपाल पनि एक हो ।
सल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

म जान्दिनँ कहिले थाक्छ यो बाटो
सधैँभरि यसरी नै भाग्छ यो बाटो ।

उकालो चढ्ने चढिरहेछन् गन्तव्य भेट्न
आफ्नो त सधैँ ओरालो लाग्छ यो बाटो

सुतिरहन्छ तर ऊ निदाउँदैन कहिले
हरेरात यसरी नै जाग्छ यो बाटो

स्वागतमा हुन्छ ऊ सधैँ पर्खन्छ तर
बदलामा रगत माग्छ यो बाटो

शराबमा मातेको मान्छेभन्दैँ फेरि
वाहियात ! सीमाना नाघ्छ यो बाटो ।





आफ्नालाई पराई ठान्ने कस्तो हो यो सहर
भ्रष्टलाई देवता मान्ने कस्तो हो यो सहर !

मान्छेलाई मान्छेकै दर्जा दिन नसक्ने
आफैँ ठूलो आफैँ जान्ने कस्तो हो यो सहर

शकुनीहरू कम रहेछन् यहाँ पनि उस्तै
फूलको धारले हान्ने कस्तो हो यो सहर

मान्छेको कुनै मूल्य हुन्न दुर्वाशाहरू रहुन्जेल
जहाँ पनि आफ्नै छान्ने कस्तो हो यो सहर

दुर्भाग्य भनौँ या के भनूँ सधैँभरि 'पुष्प'को
प्रगतिमा खुट्टा तान्ने कस्तो हो यो सहर ।


पुष्प अधिकारी अञ्जलि

*- गजलगृह, भरतपुर १० / चितवन*






सरुभक्त

फेरि यौटा महाभारत चलेजस्तो लाग्छ
समयले आफैँलाई छलेजस्तो लाग्छ ।

घाम जून यामहरू उही भए पनि
अन्तरमा आस्था एक गलेजस्तो लाग्छ

देवताले बास बस्ने स्वर्गधर्तीमाथि
विश्वासको गजुर नै ढलेजस्तो लाग्छ

सबैतिर घृणा अनि स्वार्थ मात्र देख्दा
मान्छेभित्र बिषबृक्ष फलेजस्तो लाग्छ

इतिहास महान'थ्यो के भो वर्तमान ?
देशभित्र ढुङ्गा-माटो बलेजस्तो लाग्छ ।

❋

*- पोखरा*



रश्मि असफल

हजारौँमा एक तिम्रो नाम छानेँ मैले
तिम्रो सुन्दर बगान नै धाम ठानेँ मैले ।

मनका कुरा यी ओठले भन्नै नमानेर
सुटुक्कै यौटा हवाई-खाम तानेँ मैले

कसरी पो खुसी हुने दुःख-पीडा भुली
बताइदियौ सबै-सबै काम जानेँ मैले

आदर्शका रश्मि छर्दै हिँड्दा टोलटोल
कोमल तिम्रो हृदयलाई राम मानेँ मैले ।

❋

आँखाबाटै माया पोख्ने हेराइलाई सलाम छ
सधैँ सुन्दर सोच्ने तिम्रो सोचाइलाई सलाम छ ।

ओठ टोकी लजाउँदै मन्दमन्द मुस्कुराउँछौ
संसार नै एकछिन रोक्ने हँसाइलाई सलाम छ

हल्का मुस्कान छर्दै सोध्यौ कस्तो छ तिमीलाई
सबै रोग निको पार्ने सोधाइलाई सलाम छ

सुखमा त कहाँ चिन्यौँ दुःख बढ्यो अनि भेटचौँ
हाम्रो मिलन गराउने दुखाइलाई सलाम छ

आँखाबाटै माया पोख्ने हेराइलाई सलाम छ
सधैँ सुन्दर सोच्ने तिम्रो सोचाइलाई सलाम छ ।



रातभरि झरी पऱ्यो तिमीलाई सम्झेर बसेँ
यो मन तिमीतिरै सऱ्यो तिमीलाई सम्झेर बसेँ ।

आकाशको पानीसँगै यो मन पनि बर्सिदियो
थोपा-थोपा हुँदै झऱ्यो तिमीलाई सम्झेर बसेँ

थाहा छैन सपनीमा बर्बराउँछ यो मन किन
तिम्रो मात्रै खोजी गऱ्यो तिमीलाई सम्झेर बसेँ

बिहानीको झुल्कोसँगै उत्साहको किरण आयो
तिम्रो यादले खुसी छऱ्यो तिमीलाई सम्झेर बसेँ

यो मायाको सागरमा माया कैल्यै रित्तिदैन
हृदयको घैँटो भऱ्यो तिमीलाई सम्झेर बसेँ ।



सुरेश वाग्ले

- *गजलगृह नेपाल, काठमाडौँ*




## किष्ट मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड (वित्तीय संस्था)

Kist Merchant Banking & Finance Ltd (Bittiya Sanstha)

Kist Building, Anamnagar, Kathmandu,Nepal

P.O.Box No. 8975 EPC 5157, Ph: 4232500, Fax: 4229588

Email:kistfinance@wlink.com.np, website: www.kistfinance.com.np

*आफ्ना ग्राहकहरूलाई गुणस्तरीय वित्तीय सेवा प्रदान गर्नमा दत्तचित्त यस वित्तीय संस्थाको उत्तरोत्तर प्रगतिको लागि हामी शुभकामना व्यक्त गर्दछौं ।*

**- शारदा परिवार**





खगेन्द्र गिरि 'कोपिला'

फूलले पनि काँडाले जस्तै घोचेपछि
मायाको के मूल्य ? दिएर खोसेपछि ।

आगो पनि हरदम कहाँ जल्छ र ?
जुन बेला पनि दाउरा ठोसेपछि

बिचरो जूनकिरीको के हालत होला ?
तेलमा डुबाएर सलाई झोसेपछि

मैले मात्र आफ्नो ठानेर के गर्नु ?
आफन्तले नै पराया सोचेपछि

स्वचालित पाइला रोकेर म के गरूँ ?
यो मनले नै बहकिन खोजेपछि

सर्प बनेर जसले नि डस्न सक्छन्
दूध पिलाएर दिनहुँ पोसेपछि

मनको भारी पनि हलुङ्गो हुँदोरै'छ
रोएर अलिकति आँसु पोखेपछि

पत्थर पनि देउताझैँ सोच्न थाल्छन्
मान्छेले गएर सधैँ ढोगेपछि

अरूलाई दोष दिएर के गर्नु व्यर्थै ?
आफैँले काँडैकाँडाको बाटो रोजेपछि ।

- आदर्शमार्ग, नेपालगञ्ज-१





वसन्तराज अज्ञात

पुरिन बाँकी यौटा खाडल त्यत्तिकै छ
तिम्रो निम्ति किनेको आँचल त्यत्तिकै छ ।

सम्झौता त गर्नैपर्छ अवश्य हामीले
कि अझै दौलतको बादल त्यत्तिकै छ ?


छिनोफानो गर्न हाम्रो नाता उतिखेर
भिजाएको अक्षता-चामल त्यत्तिकै छ

सामर्थ्य पुगेन हीरा-मोती-सुन किन्न
आँचलसँगै किनेको गाजल त्यत्तिकै छ

खोज्छौ तिमी पश्चिमा, तर गाउँमा मेरो
पञ्चैबाजा, सारङ्गी, मादल त्यत्तिकै छ ।

❋

basantaraj@gmail.com


ऋद्धिरमण घिमिरे 'मुक्ति'

आस्था गल्र्याम्-गुर्लुम जराबाटै ढलेको छ
आँधीवेरी आजकल अलि-ठूलो चलेको छ ।

टुप्पो ताकी फेद रुङ्ने मौनतामै अडेका छन्
माथि बस्ने सक्रिय भै ह्याकुलाले दलेको छ

चिसो चूलो खिज्याएझैं ठाडो औंला गर्छ सधैं
हृदयका पत्र-पत्र मूलबाटै जलेको छ

नाना,माना,छाना दिन्छौं बेरोजगारी खुशी पारी
भन्ने बाठा मिलेर नै हामीलाई छलेको छ

विकासको धोती खोज्न देश अघि बढेको छ
गिठ्ठा भ्याकुर भन्ट्याङ-भुन्टुङ हामीलाई फलेको छ ।

❋

म मीठो स्नेह मान्छेको, नपाई बाँच्न के सक्थैं,
स्वयम् रोई अरूलाई हँसाई बाँच्न के सक्थैं ।

न साथी सङ्गिनी मेरा, न छन् आफन्त नै कोही,
म यो संसारमा एक्लै, रमाई बाँच्न के सक्थैं ।

परेलीको बगैँचामा, फुलेका फूलका थुङ्गा,
टिपैं, जो हारमा आफैं, सजाई बाँच्न के सक्थैं ।

अँध्यारो रातका बेला, तुषारो बर्सिंदा फेरि,
मऱ्यो आशा निराशाले, जगाई बाँच्न के सक्थैं ।

म झन्-झन् भोकले रोएँ र दर्क्यो अश्रु आँखामा,
त्यसैलाई पिएँ मैले, अघाई बाँच्न के सक्थैं ।





नारायण निरासी

तिमीले दुःखमा पर्दा, मलाई सम्झिए हुन्छ,
परेली आँसुले भर्दा, मलाई सम्झिए हुन्छ ।

सधैँ झैँ गाउँबेसीमा र मेलापातमा जाँदा,
कतै जङ्घार नै तर्दा, मलाई सम्झिए हुन्छ ।

तिमीले खोरिया फाँड्दा, उठेका हातमा ठेला,
फुटी झन् छट्पटी गर्दा, मलाई सम्झिए हुन्छ ।

झरी बर्सातका बेला, कतै चिप्लेर बाटोमा,
लडे टाढा सबै सर्दा, मलाई सम्झिए हुन्छ ।

यही संसारले हेला, तिमीलाई त्यसै गर्दा,
र, बाँच्ने आस झन् मर्दा, मलाई सम्झिए हुन्छ ।

*- सलार्ही, घुर्कौली ८/कालिकास्थान*

गन्तव्य छ समुद्रको यी धारामा नअल्झनू
तर्नैपर्छ सयौं खोला किनारामा नअल्झनू !

गाह्रो होला दुःख होला खोज्या कुरा पाउन त
बढ्नै पर्छ अगाडि त तगारामा नअल्झनू

स्वर्णिम ढोका खोल्नलाई त्यो सुनौलो बिहानीको
चेतनाको दियो बाल्नू, अँध्यारामा नअल्झनू

छकाउँछ कैले कसो आफ्नै जिन्दगीले पनि
फस्नुहुन्न अब धूर्त सहारामा नअल्झनू

खोज्दै जाऊ पाउने छौ काँगडामा नेपाली नै
तर महाकाली पुगी 'दोधारा'मा नअल्झनू !




पुराना ती कहानीमा म सम्झन्थें तिमीलाई
थिएँ मीठो जवानीमा म सम्झन्थें तिमीलाई ।

म स्वप्नाबीच देख्थें रातमा पूरै तिमी मात्रै
सुनौला हर बिहानीमा म सम्झन्थें तिमीलाई

दियौ आफ्नो चिनो फोटो म चुम्थें प्यारले चुम्थें
रहुञ्जेल त्यो सिरानीमा म सम्झन्थें तिमीलाई

म बाँच्दा दुःखले प्रिया तिमी नै साथमा हुन्थ्यौ
र दुख्दो जिन्दगानीमा म सम्झन्थें तिमीलाई ।

*- नुवाकोट*



कृष्ण कुसुम

के-के सोच्यौ मनमनै अनि गुनेर दियौ मलाई
जीवन क-कसका कस्ता कुरा सुनेर दियौ मलाई ।

नदिए पनि हुन्थ्यो अहो मेरै भाग्य बलियो
झर्झराउँदो फूलको माला उनेर दियौ मलाई

न कतै पोख्यौ न कतै चुहायौ प्यारको छैला
छताछुल्ल नपारी तिमीले थुनेर दियौ मलाई

कुनै मीठो कथाजस्तो तिम्रो मेरो कहानी यो
हजारौं थिए हजार त्यहाँ चुनेर दियौ मलाई ।

❁





सुको साइबर

फूलझैं शानले हाँस है लौ तिमी
गीत मैं गाउँला नाच है लौ तिमी ।

खै कहाँ हुन्छ के दैवको खेल हो
जोशमा होशले बाँच है लौ तिमी

जालमा झेलमा खेलमा व्यर्थमा
चिप्लने बैंस त्यो साँच है लौ तिमी

भूलले क्यै कतै जे भए भैगए
लाग्छ शङ्का भने जाँच है लौ तिमी ।

❁

*- बारा, निजगढ*



बालकृष्ण थपलिया

हैन किन हो बैठक त खाली छ नि ?
कुरा बुझ्नै जाँदा त झ्याली छ नि ।

सडकले त भन्थ्यो निलम्बन नै गर्नू
उल्टो उसको त पुनर्वहाली छ नि ।

म चाहन्थेँ पूरा हुन्छ सपना सहिदको
फेरि पनि सत्तामै हालीमुहाली छ नि ।

थाहा त छ नि घर चुहिन थालेको
छाउने आँट गर न ! चोया र छुवाली छ नि ।

साँच्चै सिर्जनाको फूल फुलाउँछौ भने
'बालु'सँग कोदली र फाली छ नि ।

*- सल्यानटार १, धादिङ*



अथाह सागर तीर्थमान

आश गर्ने होइन उब्जाउनु पर्छ आटो आफैँ
निर्माण गर्नुपर्छ देश विकासको बाटो आफैँ ।

डोकोमा दूध दुहँदैमा त्यसै अडिदैन क्यारे !
खन्नुपर्छ डल्ला फुटाउनुपर्छ हाम्रो माटो आफैँ

'संगठन नै बल हो' मनन गर्न सक्नुपर्छ
काँधमा-काँध मिलाएर मेटाउनु फाटो आफैँ

घाउ लागेको छ सारा नेपालीको शरीरमाथि
विकासको मल्हम लगाऊ पुरिन्छ टाटो आफैँ

आपत अनि विपतमा साथ दिनुपर्छ सधैँ
बन्ने प्रयास गरी हेर्नु एकातिरको पाटो आफैँ ।

के यस्तो पहिरन पैह्रेर आयौ देखियौ चिटिक्कै
सकिन चाल्न देखेर तिम्लाई एक पाइला फिटिक्कै ।

जे हेऱ्यो त्यही देखिन्छ राम्रो जाँ हेऱ्यो त्यहीँ राम्रो
सम्झेर के-के कल्पेर के-के टोकुँझैँ किटिक्कै ।

औंठैले ओठ च्यापेर हेछर्यौ नशालु आँखैले
भो त्यति सारो नलच्काऊ कम्मर भाँच्चेला पिटिक्कै ।

नछुँदै यस्तो भाउन्नै भइयो छुँदा झन् के होला
दन्दनी जलें कामाग्नी भेटिनेबित्तिकै ।

के यस्तो रूप बनाइस् दैव वाह !!! तेरो सिर्जना
अल्झेर बस्यो 'प्रकट' को परान त्यै रूपमा घिटिक्कै ।



ढोका खोली के पसिथ्यौ पिरतीको रन्को लाग्यो
छेउ आई के बसिथ्यौ पिरतीको रन्को लाग्यो ।

अङ्ग-अङ्ग सुमसुम्याउँदै लाली अधर सल्बलाउँदै
अङ्गालोमा के खसिथ्यौ पिरतीको रन्को लाग्यो ।

विषकन्या होइनौ तिमी भए मलाई विष लाग्थ्यो
कामग्नीले के डसिथ्यौ पिरतीको रन्को लाग्यो ।

कुनै धार यस्ता हुन्छन् काट्दा पनि सञ्चो लाग्छ
प्रेमको छुरा के धसिथ्यौ पिरतीको रन्को लाग्यो ।

त्यसपछि झन् रन्कै-रन्को लाग्यो 'अन्ना' तिम्रो कसम
बाहुपासले के कसिथ्यौ पिरतीको रन्को लाग्यो ।

*- पोखरा*



प्रकट पगेनी 'शिव'

# शारदा गजल विशेषाङ्क

कृति : *नेपाली गजल विगत र वर्तमान*
*(समालोचना ग्रन्थ)*
प्रकाशक : *अनाममण्डली, काठमाडौँ*
मूल्य : *रू. २५०/- र रू. ५००/-*




यो समयको लोकप्रिय विधा हो - गजल । यति बेला हरेक स्रष्टाहरू गजलको लोकप्रियतासँग लोभिनु अनौठो होइन । सरल, सहज, गेयात्मक ढङ्गबाट हरेक क्षेत्रमा तीक्ष्ण प्रहार गर्नसक्ने सामर्थ्य गजलमा देखिन थालेको छ ।

सामान्यतया: गजल शब्दको सम्बन्ध 'प्रेमजन्य वार्तालाप' पनि भन्ने गरेको पाइन्छ । तर आज गजल प्रेम र प्रणयभन्दा माथि रहेर मुक्त-शैलीमा लेखिन थालिएको छ । मानव चेतनाको विश्वव्यापी विकाससँगै गजलप्रति सङ्कीर्ण सोच र शैलीको घेरामा व्यापक बृद्धि भएको छ । 'प्रणयलाभ'को संज्ञाबाट गजल आम जनमानसको पीडा, व्यथा, आज्ञा, निराशा, हर्ष, विस्मात, विद्रोह र उत्पन्न सामाजिक सङ्गति/विसङ्गति, वेथितिलाई सम्प्रेषण गर्ने उपयुक्त माध्यम बनेको छ । अरबी भाषामा उद्‌गम गजल, फारसी, हिन्दी हुँदै नेपाली भाषाको समेत निकै चर्चित एक गेय विधा हो । नेपाली साहित्यमा सर्वप्रथम मोतीराम भट्टले गजल भित्र्याएका थिए । बहुमुखी प्रतिभाका धनी भट्टले तत्कालीन समयमा 'मोतीमण्डली' बनाएर गजलको संस्थागत पहिचान गराउन सफल भएका थिए । उनको यो प्रयासलाई पछ्याउँदै गजलको प्रचार, प्रसार र लेखनीय नवीनताको खोजी गर्न हाल 'अनाम मण्डली २०६२' सक्रिय भएर लागेको छ । युवा पुस्ताका सक्रिय हस्ताक्षरहरू संस्थागत रूपबाट गजल विधालाई अगाडि ल्याउन कम्मर कसेर लागेको पाइन्छ । गजलवाचनदेखि गजलसम्बन्धी विचार-विमर्श र वृहत मीमांशा गर्दै अगाडि बढेको यो संस्थाले हालै गजलसम्बन्धी विषद् चर्चा भएको पुस्तक '**नेपाली गजल विगत र वर्तमान**' हालै सार्वजनिक गरेको छ । गजल हुनका लागि सामान्य 'रदीफ' 'काफिया' मात्र नभएर यसमा प्रयुक्त हुने संरचनाको पूर्ण फेहरिस्त यस पुस्तकमा अध्ययन गर्न सकिन्छ ।

नेपालका चर्चित समालोचकहरूदेखि युवा गजलकारहरूको खोज तथा समालोचना छापिएको यो ग्रन्थ नेपाली गजल लेखनमा समर्पित नव स्रष्टादेखि नेपाली गजलप्रति रुची राख्ने जो कसैलाई महत्त्वपूर्ण कृति बन्ने प्राय: निश्चित छ । गजलको उद्‌गम-स्थलदेखि नेपाली गजलको विकासक्रममा देखिएका प्रमुख चरण र प्रवृत्तिका साथै नेपाली गजलका स्रष्टाहरूको समेत खोजीनीति र चर्चा गरिएको यो पुस्तकमा गजलसँग सम्बन्धित वाईस वटा समालोचकीय दृष्टिकोण प्रस्तुत गरिएका छन् । चर्चित नेपाली गजलकारहरू मोतीराम भट्ट, भीमनीधि तिवारी, लक्ष्मीदन्त पन्त, शम्भुप्रसाद ढुंगेल लगायतका गजलकारहरूको गजलकारिताको चर्चा परिचर्चासमेत गरिएको छ । मुक्त शैलीदेखि बहरका सुन्दर शिल्पकारिता समेतको जानकारी यस पुस्तकमा पाइन्छ ।

समग्रमा भन्नु पर्दा, गजलप्रेमीहरूको लागि यो पुस्तक महत्त्वपूर्ण आयाम नै हो । यस ग्रन्थले गजलको आदि अन्त्यमात्र नभई सिर्जनात्मक पाटो पक्षको वृहत मीमांशा गर्न सकेको छ । झन्डै चार सय पेजको कायकल्प बोकेको पुस्तकका केही समालोचनाहरूको सारतत्व एउटै भएको हुँदा केही खल्लो अनुभव हुन्छ । तथापि ग्रन्थको महत्त्वपूर्ण उपस्थिति स्तुत्य छ । राज्यले पूरा गर्नुपर्ने काम संस्थागत रूपमा भए पनि गरिएको छ, अनाममण्डलीलाई शतशः शुभकामना दिनै पर्छ ।

*- श्रीबाबु कार्की 'उदास'*

पुस्तक चर्चा

# शारदा गजल विशेषाङ्क




कृति : *जगल सौन्दर्य भीमांसा*
कृतिकार : *डा.घनश्याम न्यौपाने परिश्रमी*
प्रकाशक : *सनसाइन आवसीय उ.मा.वि.*
मूल्य : *रू. १६५।-*

नेपाली कविताको पछिल्लो समय लेखन प्रकाशनका दृष्टिले जति उर्वर छ, त्यो उर्वरताको धेरै भाग गजल लेखनले लिएको छ । अहिले सङ्ख्यात्मक दृष्टिले गजल लेखन अत्युर्वर छ । गजल कविताको एउटा शास्त्रीय रचनाविधान हो । यसको सैद्धान्तिक निरुपणविना मर्म ठम्याउन सकिँदैन । स्वयम् सिद्धहस्त गजलकारका रूपमा स्थापित डां. घनश्याम न्यौपाने परिश्रमी गजलमा नै विद्यावारिधी गरेका विशिष्ट अध्येता हुन् र यिनको '**गजल सौन्दर्य मीमांस**' (२०६४) गजलको सैद्धान्तिक निरुपण गरिएको कृति हो ।

नेपाली साहित्यमा गजलको सैद्धान्तिक निरुपण भएका कृतिहरूको न्यूनता छ र डा. घनश्याम न्यौपाने परिश्रमीको '**गजल सौन्दर्य मीमांसा**' त्यस न्यूनताको एउटा क्षतिपूर्ति हो । सात वटा परिच्छेदहरूमा विभाजित यस ग्रन्थको पहिलो परिच्छेदको मूलशीर्षक 'गजलको परिचय, अर्थ र परिभाषा' रहेको छ र यसमा सामान्य परिचय, व्युत्पत्ति, अर्थ, परिभाषा, स्वरूप आदिलाई ठम्याउने काम गरिएको छ । 'गजलको उद्भव र विकास' शीर्षकको दोस्रो परिच्छेद सैद्धान्तिक र ऐतिहासिक दुवै स्वरूपको रहेको छ । यसमा गजलको उद्भव, पृष्ठभूमि, विषय र कथ्यको क्षेत्र विस्तारको विवेचना गरिएको छ ।

गजलको सौन्दर्यशास्त्रीय निरुपणका दृष्टिले डा. परिश्रमीको '**गजल सौन्दर्य मीमांसा**'का तेस्रो र चौथो परिच्छेद बढी महत्त्वपूर्ण देखिन्छ । 'गजलका प्रमुख तत्वहरू' शीर्षकको चौथो परिच्छेदमा गजलका प्रमुख तत्वका रूपमा सेर, काफिया, रदिफ, मतला, मक्ता, तखल्लुस, बहर आदिका विविध भेदोपभेदहरूको सोदाहरण चर्चा गरिएको छ । त्यस्तै 'गजलका बहरहरूको विश्लेषण' शीर्षकको चौथो परिच्छेदमा बहरको परिचय, संस्कृत छन्द र बहरको तुलना, नेपाली बहर, मात्रामा आधारित बहर, शास्त्रीय बहर आदिका बारेमा निरुपण गरी तिनका भेदोपभेदको पनि चर्चा गरिएको छ । सैद्धान्तिक विश्लेषणका दृष्टिले तेस्रो र चौथो परिच्छेद विशेष उल्लेखनीय छन् ।

'गजलमा मात्रा गिरावटको महत्त्व र औचित्य' शीर्षकको पाँचौ परिच्छेदमा मात्रा गिरावटको महत्त्व र औचित्यलाई देखाइएको छ । छैटौँ परिच्छेदमा गजल र मुसायराका बीचको अन्तर्सम्बन्धलाई स्पष्ट पारिएको छ । यी सबै परिच्छेदहरूमा सैद्धान्तिक निरुपणका लागि अधिकांशतः आगमनात्मक विधि नै प्रयोग गरिएको छ ।

डा. घनश्याम न्यौपाने परिश्रमीको '**गजल सौन्दर्य मीमांसा**' कृतिको सबैभन्दा विशिष्ट पक्ष भनेको सैद्धान्तिक कुरालाई विभिन्न उदाहरणद्वारा पुष्टीकरण गर्नु हो । सैद्धान्तिक पुष्टिका लागि उदाहरणलाई सत्यापन गरिएकाले यो कृति बढी विश्वसनीय भएको छ । यो कृति गजलकार, गज़लका अनुसन्धाता र यसका अनुरागीहरूका लागि पठनीय र सङ्ग्रहणीय छ । यस कृतिले नेपाली गजलका क्षेत्रमा नयाँ आयाम थप्ने देखिन्छ ।

*- डा.लक्ष्मणप्रसाद गौतम*

# अँध्यारो / उज्यालो : जीवनका दुई पक्ष



विमल भौकाजी
bimal.bhaukajee@yahoo.com

• • *ब्ल्याक-बोर्ड !*
*अर्थात्, 'कालो-पाटी'*
*जहाँ 'सेता चक'ले अक्षरहरू लेखिन्छन्, र प्रष्टसँग पढिन्छन् ।*

• • *कालो-पाटी भएकै कारण*
*त्यसमाथि लेखिने 'सेता-अक्षर'को महत्त्व छ*
*अन्यथा, रावणविनाको रामायण पढिएजस्तो*
*वास्तवमा एक्लो राम मात्रै हुने हो भने के हुन्थ्यो रामायणको अस्तित्व ?*

• • *कालोलाई नराम्रो भनिनु त एउटा संस्कार नै हो हाम्रो*
• *एक अर्थमा, सही पनि हुनसक्छ यो*
*किनकि कालोलाई सधैँ अँध्यारोको प्रतीकमा बुझ्ने गरिएको छ ।*

• • *तर जीवनमा 'राता राम्रा' मात्रै सदैव लागू हुँदैनन्*
• *कदाचित्, कालो पक्ष नहुने हो भने जीवन कस्तो हुन्थ्यो ?*
• *जस्तो कि; साँझै ढलेन भने दिन कस्तो होला ?*
• *जस्तो कि; अँध्यारै भएन भने उज्यालो कस्तो होला ?*

• • *सायद हामीलाई थाहा छैन*
*अन्त कहीं अँध्यारो नभै हामीमा उज्यालो छाउँदैन*
• *बुझेकै छैनौं*
*हामीमा जब उज्यालो छाउँछ*
*त्यसको श्रोत अँध्यारो नै हुने गर्छ*
• *प्रकृतिको यो नियमबाट कोही पनि विमुख हुन सक्दैन ।*
*त्यसैले, पूर्णिमा मात्रै होइन*
*जीवनको औंसीलाई पनि जान्न जरुरी छ ।*

• •

• • *सुखसँगै जोडिएर आउँछन् दुःखहरू*
*स्वीकार्नुपर्छ, दुःखको घनघोरतामा मात्रै वास्तविक सुखको अर्थ खुल्छ ।*


Chaudhary's
वाइ वाइ
जति Tasty त्यति नै Healthy
Brain
Body
Bones
WAI WAI
Wai Wai - Nepal's No. 1 Brand


IMAGE
CHANNEL
Available in over 70 countries | On-Air 24 X 7